“कृषि, पर्यटन र व्यापार, समृद्ध नमोवुद्धको आधार”

# आवधिक नगर विकास योजना

## आव २०८१/०८२ देखि ०८५/०८६

# नमोबुद्ध नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक, वागमती प्रदेश

सम्पर्क नम्वर : ९७७ -०११-४०४०३१, ४०४०६८,

इमेल : info@namobuddhamun.gov.np

वेवसाइट : www.namobuddhamun.gov.np

“कृषि, पर्यटन र व्यापार, समृद्ध नमोवुद्धको आधार”

# आवधिक नगर विकास योजना

## आव २०८१/०८२ देखि ०८५/०८६

## नमोबुद्ध नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक, वागमती प्रदेश

**नमोबुद्ध नगरपालिकाको आवधिक नगर बिकास योजना** (आ.व.२०८१/८२ - २०८५/८६)

**प्रकाशक : नमोबुद्ध नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक, वागमती प्रदेश
सम्पर्क नम्वर : ९७७ -०११-४०४०३१, ४०४०६८,
इमेल : info@namobuddhamun.gov.np, namobuddhamun@gmail.com
वेवसाइट : www.namobuddhamun.gov.np

**प्राविधिक सहयोग :** स्कोलर नेपाल, प्रा.लि. किर्तिपुर, काठमाडौ

**सर्वाधिकार :** प्रकाशकमा

**प्रकाशन वर्ष :** २०८०

**मुद्रक :**

# प्राक्कथन



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम यस नगरपालिकाले प्रथम पञ्चबर्षिय आवधिक योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवान्वित महसुस भएको छ। नेपालको संविधानमा व्यवस्था भएबमोजिम स्थानीयतहको कार्यजिम्मेवारी र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएको कार्यक्षेत्र, पन्ध्रौं योजना, बागमती प्रदेशको प्रथम आवधिक योजना, दिगो विकासका राष्ट्रिय लक्ष्यलाई तथा विषयगत एवं अन्तरसम्बन्धित विषय क्षेत्रलाई आधारमा लिई स्थानीयकरण गर्ने कार्यका साथै सान्दर्भिक विषयलाई आधारमा लिँदै यो योजना तर्जुमा गरिएको छ । राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको लागि जारी भएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र प्रदेश योजना आयोगले तयार पारेको योजना दिग्दर्शनलाई समेत अवलम्बन गरी यो आवधिक योजना तयार गरिएको छ ।

संविधानतः स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि ***आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना*** बनाई लागू गर्नुपर्ने व्यवस्था गरिएको छ । योजना तर्जुमा विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनहरु जारी भएका छन । संघ, प्रदेशवाट व्यवस्था गरिएका त्यस प्रकारका प्रावधान एवं ऐन तथा कानुनी व्यवस्थाको अधिनमा रही परिभाषित विधि पद्धतिको पूर्ण अवलम्वन गर्दै **नमोबुद्ध नगरपालिकाले प्रथम पञ्चबर्षिय आवधिक नगर बिकास योजना (२०८१/८२ - २०८५/८६)** तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

नमोबुद्ध नगरपालिकाले योजनाबद्ध विकासद्वारा नगरवासीको समष्टिगत जीवनस्तर सुधारका लागि **"कृषि, पर्यटन र व्यापार, समृद्ध नमोवुद्धको आधार"** भन्ने दीर्घकालीन सोचसहित आ.व. २०८१/०८२-२०८५/०८६ सम्मका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने प्रतिबद्धता गरेको छ । आवधिक योजना तर्जुमा गर्नका लागि नगर उपप्रमुख रत्न बहादुर लामा ज्यू, सबै वडाका अध्यक्षहरू लगायत कार्यपालिका सदस्यहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, नगरसभाका सदस्य, शिक्षक, बुद्धिजीवी एव अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी, निजी र सहकारी क्षेत्र, विभिन्न संघ-संस्थाहरू, उवास, नागरिक समाजका प्रतिनिधि, पत्रकार आदि लगायतको सक्रिय सहभागिता, सुझाव र योगदानका लागि आभार व्यक्त गर्दछु । यसैगरी योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री इश्वरी प्रसाद शर्मा लगायत योजना तर्जुमामा संलग्न हुनुहुने नगरपालिकाका सबै शाखा प्रमुख एवं सबै कर्मचारीहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

यस महत्वपूर्ण कार्यमा सहयोग प्रदान गरेर स्थानीय सरकारको विकास प्रयासमा योगदान पुर्याउनु भएकोमा सम्पूर्ण सरोकारवालाहरू र परामर्शदाताका सबै विज्ञहरूलाई लाई विशेष धन्यवाद दिन चाहन्छु । अन्तमा, यस नगरपालिकाले तर्जुमा गरेको पञ्चवर्षीय आवधिक योजना तर्जुमा कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरूको सद्भाव, सहयोग र क्रियाशीलताको अपेक्षा गरेको छु ।

..................

**कुन्साङ लामा**
**नगर प्रमुख**
**नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक**

## मन्तब्य



स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकारको क्षेत्र भित्र रही स्थानीय तहले प्रभावकारी सेवा प्रवाहको लागि योजनावद्ध विकास गर्नुपर्ने मान्यताको आधारमा यस नमोबुद्ध नगरपालिकाले **"कृषि, पर्यटन र व्यापार, समृद्ध नमोवुद्धको आधार"** भन्ने दीर्घकालीन सोंचसहित आ.व. २०८१/०८२-२०८५/०८६ सम्मका लागि प्रथम पञ्चबर्षिय आवधिक नगर विकास योजना तर्जुमा गरेको हो । यस योजनाले नगरपालिकाको समग्र विकासमा ठोस योगदान पुर्याउन सक्नेछ भन्ने अपेक्षा लिएको छु ।

यस नगरपालिकामा रहनु भएका सबै जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकार, सरकारी तथा गैरसरकारी संस्थाहरूले यस आवधिक नगर विकास योजनाका लक्ष्यहरूलाई सफल पार्न हरेक वर्ष योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा विगतमा भए गरेका प्रसंशनिय कार्यको आत्मबोध गर्ने, अपनत्व ग्रहण गर्ने र सँगसँगै समेटेर लैजाने कार्यमा सहयोग गर्न सवैमा विनम्रता पुर्वक अनुरोध गर्न चाहन्छु ।

आवधिक नगर विकास योजनामा भएका योजनाहरूको कार्यान्वयनका पक्षमा गुणस्तरीय, सुशासन र मर्यादालाई आत्मसाथ गर्दै योजनाको सफलताको लागि सकारात्मक र नकारात्मक पक्षको समीक्षा गर्दै यस नगरपालिकाले लिएको लक्ष्य अनुसार कार्यान्वयन पक्ष सफल र सक्षम बनाउनकोलागि हामी सवै दृढ संकल्पका साथ अगाडी वढेमा विकासको प्रतिफल सवैले पाउने कुरामा दुईमत छैन । साथै, योजना निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण नगरवासी, नगर प्रमुख, नगरसभाका सदस्य, प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पुर्ण कर्मचारी, र परामर्शदाता टिमलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

..................

**रत्न बहादुर लामा**
**नगर उप-प्रमुख**
**नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक**

## दुई शब्द



नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक जिल्लाको रणनीतिक र ऐतिहासिक अवस्थाका दृष्टिकोणले ज्यादै महत्व वोकेको नगरपालिका हो । नगरपालिकाको सभाबाट बजेट, योजना, नीति तथा कार्यक्रम पारित गरी नगरपालिकाको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना सहितको प्रथम आवधिक नगर विकास योजना (आ.व. २०८१/०८२-२०८५/०८६) दस्तावेज तयार भएको छ । यस नगरपालिकाको विकास र समृद्धिकालागि पहिचान गरिएका प्राथमिकताहरू, किटान भएका कार्यक्रमहरू तथा योजनाहरू, विनियोजन भएको बजेटको प्रभावकारिता स्थानीय स्तरमा त्यतीबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरूमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रूपमा अधिकतम जनसहभागिता, साझेदारी प्राप्त हुने गरी प्रभावकारी रुपमा कार्यान्वयन हुन जानेछन् । यस आवधिक नगर विकास योजनाले विकासको प्रतिफल लक्षित समुदायमा पुर्याउन र सबै बर्ग तथा समुदायको समग्र विकासमा योगदान पुर्याउने बिश्वास मैले लिएको छु ।

यस आवधिक नगर विकास योजना तर्जुमाका क्रममा नगरपालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरू र यस योजनाको लक्ष्य, योजना र नीति कार्यक्रम प्रति ऐक्यबद्धता र सहयोग गर्नुहुने सबै राजनीतिक दलका नेतृत्व वर्गहरू, विषयगत दक्षता ज्ञान सहित राय सुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत समितिका प्रमुख एवं राष्ट्रसेवकहरू, योजनामा तर्जुमा खट्ने सबै वडाका सचिव र कर्मचारी साथीहरू प्रति धन्यवाद दिन चाहन्छु । साथै, यस योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरू, योजना तर्जुमामा प्रत्यक्ष सहयोग गर्नु भएका परामर्शदाता टिमका सम्पूर्ण सहजकर्ता तथा सदस्यहरूलाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# आवधिक योजनाको सारांश

| | |
|---|---|
| **दीर्घकालीन सौँच** | **“कृषि, पर्यटन र व्यापार, समृद्ध नमोबुद्धको आधार”** |
| **कार्यान्वयन अवधि** | **२०८०/०८१ (आधार वर्ष) - २०८५/०८६ (लक्षित वर्ष)** |
| **समष्टिगत लक्ष्य** | रोजगारीका अवसर सिर्जना र आयस्तरमा सुधार, सक्षम र स्वस्थ्य, सभ्य नागरिक निर्माण, पूर्वाधार सुविधामा पहुच वृद्धि र जीवनयापनमा सहजता, जैविक विविधता संरक्षण र प्राकृतिक श्रोतको उपयोग र न्यायोचित वितरण, प्रभावकारी सेवा प्रवाह सहित सुशासन प्रर्वद्धन, क्षेत्रीय तहमा पारस्परिक लाभका लागि साझेदारी र सहकार्यको वातावरण निर्माण भई नागरिकको जीवनस्तरमा सुधार भएको हुने |
| **विषयगत उद्देश्य** | **क) आर्थिक विकास :**<br>स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनवाट आमनागरिकको आर्थिक स्थितिमा सुधार ल्याउनु<br>**ख) सामाजिक विकास** :<br>सामाजिक सेवा सुविधाहरुमा सवै वर्ग समुदायको पहुँच अभिवृद्धि गर्दै शिक्षित, स्वस्थ्य र समन्यायिक समाजको निर्माण गर्नु<br>**ग) पूर्वाधार विकास** :<br>पूर्वाधारहरुको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आमनागरिकहरुको जन जीवनमा सहजता ल्याउनु<br>**घ) वन, वातावरण तथा विपद व्यवस्थापन** :<br>विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्दै दिगो उपयोग गर्नु<br>**ङ) सुशासन तथा संस्थागत विकास** :<br>संस्थागत क्षमता अभिवृद्धि गर्दै नागरिकलाई सार्वजनिक सेवा प्रवाहमा  प्रभावकारी, पारदर्शि, र सुशासनको प्रत्याभूति गराउनु । |
| **विकासका प्राथमिकताहरू** | • कृषि तथा गैरकृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,<br>• गुणस्तरीय रोजगारमूलक शिक्षा तथा आधारभूत स्वास्थ्यमा सबैको पहुंच सुनिश्चित गर्ने,<br>• समतामूलक विकाश र सामाजिक समावेशीतामा जोड दिने,<br>• वातावरण संरक्षण गर्दै विकाश र वातावरण वीच सन्तुलन कायम गर्ने,<br>• विपद व्यवस्थापनलाई प्रभावकारी बनाउने,<br>• सस्थागत विकाश र सेवा प्रबाहलाई प्रभावकारी बनाउने,<br>• व्यवसायिक कृषि, पर्यटन पूर्वाधार, मानव पुंजी विकाश तथा सुशासनलाई योजनाको अग्रिम क्षेत्रको रूपमा प्राथमिकतामा राखिने । |

| समष्टिगत / विषयगत मुख्य कार्यक्रम | आर्थिक क्षेत्र |
|---|---|
| | **कृषि**<br>१. कृषिखेती प्रवर्द्धन<br>२. मौसमी तथा वेमौसमी तरकारी, टनेलखेती प्रवर्द्धन<br>३. नगदेवाली विस्तार तथा प्रर्वद्धन (सुन्तला, कागती, किवी, लप्सी, ड्रागनफ्रुट, वदाम)<br>४. कृषक र कृषिसेवा प्रदायक संस्थाहरुको क्षमता बिकास र सशक्तीकरण<br>५. माटोपरीक्षण कार्यक्रम<br>६. कृषि वजार प्रवर्द्धन कार्यक्रम<br>७. महिला दलित तथा अति विपन्न वर्गलाई कृषि व्यवसाय सहयोग<br>८. चिस्यान केन्द्र स्थापना<br>९. कृषि सडक निर्माण<br>१०. कृषि सहकारी तथा भूमि बैंकको स्थापना<br><br>**पशु**<br>१. नश्ल सुधारका लागी क्रियाकलाप गर्ने<br>२. दुध तथा दुग्ध पदार्थ उत्पादन (बिशेषगरि खुवा उत्पादन)<br>३. घाँस विउ खरीद तथा तालिम<br>४. गठन भएका कृषक समुहलाई तालिम गरी उत्पादनमा जोड दिने<br>५. पशुखोप कार्यक्रम<br>६. कृषक सम्मान कार्यक्रम<br>७. पशु विमा कार्यक्रम<br>८. प्रकोपजन्य रोग न्युनिकरण कार्यक्रम<br>९. गोठ सुधार कार्यक्रम<br>१०. डेरी उद्योग र कोल्ड स्टोर निर्माण<br>११. पशु बधशाला निर्माण कार्यक्रम ( दाप्चा, भकुण्डे र कानपुर)<br><br>**संचाई**<br>१. सिंचाइ कुलोको मर्मत सम्भार र स्तरोन्नति<br>२. आकाशेपानी सङ्कलन कार्यक्रम<br>३. बैकल्पिक तथा आधुनिक सिंचाइ प्रविधिमा सहयोग<br>४. जलाधार क्षेत्र संरक्षण कार्यक्रम<br>५. सिंचाइ सेवा विस्तार<br>६. सतह सिंचाइ, लिफ्ट सिंचाइ थोपा सिंचाइ, पोखरी निर्माण वर्षाको पानी संकलन जस्ता कार्यक्रमहरु संचालन<br>७. कृषि वाली सिंचाइमा प्रयोग हुने विद्युत महसुलमा छुट<br>८. रोशी खोला र दाप्चा खोलावाट सिंचाइ सुविधा विस्तार<br>९. लिफ्ट सिंचाइ योजना संचालन<br>१०. सतह सिंचाईको लागि नहर/कुलो निर्माण<br>११. आकाशेपानी संकलन गरी थोपा सिंचाई योजना संचालन, प्रवर्द्धन र प्रोत्साहन |

| | |
|---|---|
| | **पर्यटन, संस्कृति तथा सम्पदा**<br>१. नमोबुद्ध गुम्वा क्षेत्रलाई विश्व सम्पदा सुचिमा सुचिकृत गर्नको लागी DPR परिमार्जन तथा संशोधन<br>२. होमस्टे निर्माण (दाप्चा फुलवारी लगायत नपाको अन्य सम्भावित क्षेत्रहरु)<br>३. पर्यटन गुरुयोजना तयारी<br>४. पर्यटन सम्बन्धी तालिम तथा उद्यमशीलता बिकास<br>५. पर्यटकीय क्षेत्रहरुमा पूर्वाधार निर्माण<br>६. पर्यटकीय उत्पादनहरु (पदमार्ग, होम स्टे, क्युरियो पसल, हस्तकला उत्पादन) को बिकास<br>७. पर्यटन क्षेत्रहरुको प्रचार प्रसार<br>८. ऐतिहासिक तथा पुरातात्तिक महत्वका बस्तु तथा स्थलको मर्मत संभार तथा संरक्षण<br>९. सत्तल, पार्टी-पौवा निर्माण तथा जिर्णेद्धार, मर्मत सम्भार<br>१०. धार्मिक महोत्सव तथा मेला प्रदर्शनी कार्यक्रम<br>११. साँस्कृतिक सङ्ग्रहालय निर्माण<br>१२. होमस्टे सञ्चालन सहयोग कार्यक्रम<br>१३. पर्यटन विकास/प्रवर्द्धन कार्यक्रम (नमोबुद्ध, दाप्चा, डराउने पोखरी र कोटतिमाल)<br>१४. नमोबुद्ध, दाप्चा, रजवपोखरी, भकुण्डे, कानपुर र कोटतिमाल पर्यटन सर्किट निर्माण<br>१५. लुम्बिनी, स्वयम्भु, बौद्ध, नमोबुद्ध, हलेसी बुद्ध सर्किट निर्माणका लागि सहकार्य र समन्वय<br><br>**उद्योग, व्यापार तथा व्यवसाय**<br>१. साना, मध्यम लगानीका उद्योगहरुलाई व्यवस्थित गरी सञ्चालन<br>२. सीप विकास तथा उद्यमशीलता विकास कार्यक्रम<br>३. लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन<br>४. हस्तकला उद्योग विकास तथा वजार प्रवर्द्धन<br>५. व्यापार मेला सञ्चालन तथा उद्यम विकास कार्यक्रम संचालन<br>६. विपन्न महिला, दलित तथा युवाहरुका लागि स्वरोजगार कार्यक्रम संचालन<br>७. कोसेली घर निर्माण (दाप्चा-११, १०, ९, ८, ७, १, २, भकुण्डे-१, २, ३, ४, ६, ७, ८, कानपुर-३, ५, ४)<br><br>**वित्तीय संस्था तथा सहकारी बिकास**<br>१. वित्तिय सहकारीहरु वडासँग समन्वय गरी सञ्चालन<br>२. कर्जा प्रवाहका लागि योग्य सहकारीको व्यवस्थापन<br>३. सहकारी सचेतना, सवलीकरण तथा व्यवस्थापन तालिम<br>४. सीप बिकास तथा उद्यमशीलता बिकास कार्यक्रम<br>५. सहकारी संस्थासंगको समन्वयमा वजार प्रवर्द्धन कार्यक्रम<br>६. सहकारी तथा वित्त संस्थाहरुको क्षमता वृद्धि कार्यक्रम<br>७. अनुदान व्यवस्था |

| | |
|---|---|
| | **सामाजिक क्षेत्र**<br>**शिक्षा**<br>१. वैकल्पिक निरन्तर शिक्षा कार्यक्रम<br>२. अनौपचारिक शिक्षा सञ्चालन<br>३. प्रारम्भिक वालविकास केन्द्र सञ्चालन<br>४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन<br>५. शैक्षिक गुणस्तर सुधार कार्यक्रम<br>६. विद्यालय भर्ना अभियान, छात्रवृत्ति, निःशुल्क शिक्षा<br>७. विद्यालय पूर्वाधार विकास कार्यक्रम<br>८. वालवालिका स्वास्थ्य परीक्षण, प्राथमिक उपचार, स्यानिटरी प्याड व्यवस्था<br>९. शिक्षक क्षमता विकास कार्यक्रम<br>१०. वहु प्राविधिक शिक्षालय सञ्चालन<br>११. नैतिक तथा जीवन उपयोगी शिक्षा प्रर्वद्धन कार्यक्रम<br>१२. उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय पुरस्कार कार्यक्रम<br>१३. विद्यालय दिवा खाजा कार्यक्रम<br>१४. स्थानीय पाठ्यक्रम निर्माण<br>१५. नगरस्तरीय शिक्षा ऐन, नियमावली, कार्यविधि निर्माण<br>१६. नगर शिक्षा योजना निर्माण<br>१७. स्काउट शिक्षा तथा कार्यक्रमहरू नीजि तथा सामुदायिक विद्यालयहरूमा सञ्चालन<br>१८. शिक्षा सम्बन्धी अर्धवार्षिक शिक्षा बुलेटिन प्रकाशनको व्यवस्था<br><br>**स्वास्थ्य सेवा**<br>१. जनस्वास्थ्य ऐन तथा अन्य आवश्यक निर्देशिका, कार्यविधि निर्माण<br>२. नगर अस्पताल स्थापना<br>३. जनस्वास्थ्य सम्वन्धी जनचेतनामूलक कार्यक्रम संचालन<br>४. स्वास्थ्य संस्था मर्मत सम्भार तथा स्तरोन्नति<br>५. स्वास्थ्य जनशक्तिको व्यवस्था तथा क्षमता अभिवृद्धि<br>६. पूर्व-अस्पताल सुविधा सहितको एम्वुलेन्स सेवा<br>७. स्वास्थ्य वीमा कार्यक्रम<br>८. स्वास्थ्य शिविर सञ्चालन<br>९. अतिविपन्न, दलित, महिला, ज्येष्ठ नागरिक निःशुल्क स्वास्थ्योपचार<br>१०. आयुर्वेदिक उपचार, योग, ध्यान जस्ता प्राकृतिक उपचार विधि प्रवर्द्धन<br>११. नसार्ने तथा प्राणघातक रोगको स्वास्थ्य परीक्षण<br>१२. विद्यालय घुम्ति स्वास्थ्यकर्मी (नर्स) सेवा कार्यक्रम<br><br>**खानेपानी तथा सरसफाइ**<br>१. खानेपानी मुहान एवं ढुङ्गेधारा संरक्षण, मर्मत सम्भार र स्तरोन्नति<br>२. खानेपानी पाइप विस्तार, मर्मतसम्भार |

| | |
|---|---|
| | ३. नमोबुद्ध बृहत खानेपानी आयोजना<br>४. दाप्चा काशीखण्ड खानेपानी आयोजना<br>५. खनालथोक खानेपानी आयोजना<br>६. फोहोर प्रशोधन एवं मल उत्पादन कार्यक्रम<br>७. फोहोर सङ्कलन एवं विसर्जन<br>८. नदी, खोला एवं सार्वजनिक स्थल सरसफाइ अभियान<br>९. प्लाष्टिक पोखरी, आकाशेपानी सङ्कलन<br>१०. स्यानेटरी पार्क (ल्याण्डफिल्ड साइट) व्यवस्थापन<br>११. घुम्ती शौचालय सञ्चालन<br><br>**महिला, बालवालिका तथा लक्षित वर्ग**<br>१. लक्षित वर्गको सामाजिक, आर्थिक, राजनीति क्षेत्रका विविध विषयमा क्षमता बिकास कार्यक्रम<br>२. सामाजिक क्षेत्रका विविध पक्ष सम्वन्धी जनचेतना, अभिमुखीकरण कार्यक्रम<br>३. लक्षित वर्ग कानुनी परामर्श तथा सहायता केन्द्र स्थापना<br>४. सीप बिकास तथा उद्यमशीलता तालिम, वजार व्यवस्थापन र अनुदान व्यवस्था<br>५. पुर्नस्थापना केन्द्र, महिला तथा ज्येष्ठ नागरिक सामुदायिक भवन निर्माण<br>६. हिंसा पीडित महिला सहयोग कार्यक्रम<br>७. हिंसा पीडित एकल महिला कोष स्थापना<br>८. महिला सहकारी सञ्चालनका लागि तालिम र वीउ पूँजी कोषको व्यवस्था<br>९. किशोरीहरुका लागि सीप बिकास तथा क्षमता अभिवृद्धि कार्यक्रम<br>१०. वालमैत्री, अपाङ्गतामैत्री शौचालय, मनोरन्जन केन्द्र, उद्यान, खेलकुद मैदान, अध्ययन केन्द्र निर्माण<br>११. ज्येष्ठ नागरिक, विपन्न दलितहरुको स्वास्थ्य परीक्षण, पोषण, स्वास्थ्य वीमा कार्यक्रम<br>१२. लक्षित वर्ग सम्वन्धी नीति, रणनीति र सेवा सुविधाको मापदण्ड निर्धारण<br>१३. ज्येष्ठ नागरिक तथा वृद्धाश्रम भवन सञ्चालन<br><br>**कला भाषा, साहित्य र सम्पदा**<br>१. स्थानीय कला तथा संस्कृतिको प्रदर्शनी<br>२. प्राचीन गुम्वा, मठ मन्दिर, सम्पदाहरुको अभिलेखन, मर्मत सम्भार तथा सवलीकरण<br>३. साँस्कृतिक सङ्ग्रहालय स्थापना<br>४. संस्कृति तथा सम्पदाको संरक्षण सम्वर्द्धन गुरुयोजना तर्जुमा<br>५. संस्कृति संरक्षण, स्थानीय जात्रा, साँस्कृतिक पर्व व्यवस्थापन कोष स्थापना<br>६. लोपोन्मुख संस्कृति जर्गेना कार्यक्रम<br>७. स्थानीय भाषा प्रवर्द्धन तथा प्रकाशन<br>८. स्थानीय कला, भाषा तथा साहित्य सर्जक सम्मान कार्यक्रम |

| | |
|---|---|
| | **युवा तथा खेलकुद**<br>१. खेलाडीहरुको पहिचान र प्रशिक्षण गर्ने<br>२. बिद्यालय तथा प्रत्येक वडामा आवश्यक न्युनतम खेल सामाग्री खरिद तथा वितरण गर्ने<br>३. व्यवसायिक सीप तथा उद्यमशीलता विकास<br>४. युवा स्वरोजगार कार्यक्रम<br>५. युवा समूह, क्लब सञ्जालको सशक्तीकरण<br>६. लागु पदार्थ र्दुव्यसन पुनर्स्थापना कोष स्थापना<br>७. युवा खेलमैदान, कर्वडहल र रङ्गशाला निमार्ण<br>८. नगरपालिका स्तरीय, अन्तर विद्यालय खेलकुद प्रतियोगिता<br>९. युवा खेलाडी सम्मान कार्यक्रम<br>१०. महिला खेलाडी प्रवर्द्धन कार्यक्रम<br><br>**पुर्वाधार विकास क्षेत्र**<br>**बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण**<br>१. खुल्ला क्षेत्र, हरियाली निर्माण गर्ने<br>२. करिडोर निर्माण गर्ने<br>३. भबन निर्माण आचार संहिता तथा न्यूनतम मापदण्ड कार्यान्वयन तथा अनुगमन<br>४. जीर्ण भवनहरुको मर्मत सम्भार एवं अत्यावश्यक सेवा सुविधाको उपलव्धता<br>५. जोखिम क्षेत्र सहयोग कार्यक्रम<br>६. भूउपयोग नीति तर्जुमा<br>७. वहुउपयोगी सामुदायिक भबन निर्माण<br>८. आश्रय गृह, पार्क उद्यान बिकास, खुल्ला व्यायमशाला निर्माण<br><br>**सडक तथा यातायात**<br>१. वडा केन्द्र सडकलाई पक्की बनाउने<br>२. प्रथम चरणमा पक्की हुने र ग्रावेलीङ गर्ने क्रमश कालोपत्रे, पक्की वनाउदै लैजाने<br>३. सडक मर्मत सम्भार तथा स्तरोन्नति<br>४. सडक मर्मत सम्भार कोष स्थापना<br>५. सडक बिकास, विस्तार तथा डिपिआर तयारी<br>६. सडक फर्निचर एवं ट्राफिक चिन्हको व्यवस्था<br>७. यात्रु विश्रामस्थल निर्माण<br>८. सडक नाली तथा ढल निर्माण<br>९. सडक युटिलिटि कोरिडर निर्माण<br>१०. नदी तथा खोला किनारा कोरिडर निर्माण<br>११. GIS/GPS, मेट्रिक प्रणालीमा आधारित यातायात गुरुयोजना अध्यावधिक<br><br>**विद्युत तथा वैकल्पिक ऊर्जा**<br>१. सडक वत्ती विस्तार कार्यक्रम |

| | |
|---|---|
| | २. सडक छेउ तथा सार्वजनिकस्थलमा सौर्य ऊर्जा<br>३. अति विपन्न घरपरिवारमा निशुल्क विद्युत सेवा व्यवस्था<br>४. बिद्युत खपत अभिबृद्धिका लागि प्रवर्द्धनात्मक कार्यक्रम<br><br>**सूचना तथा सञ्चार प्रविधि**<br>१. डाटावेस तयार गर्ने<br>२. Internet तथा Intranet को लागी डाटासेन्टरको व्यवस्था<br>३. सञ्चार सेवा विस्तार तथा पूर्वाधार बिकास कार्यक्रम<br>४. विद्यालय लगायत सार्वजनिक कार्यालयहरुमा आइसिटि व्यवस्था<br>५. फ्रि वाइफाई क्षेत्र प्रवर्द्धन कार्यक्रम<br>६. सडक, सार्वजनिक कार्यालय एवं मुख्य वजार क्षेत्रहरुमा सिसिटिभि जडान<br>७. विद्युतीय अपराध सम्वन्धी जनचेतना कार्यक्रम<br><br>**वन, तथा वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**<br>**बन तथा जैविक विविधता**<br>१. सामुदायिक बन उपभोक्ता समूहको क्षमता र उद्यमशीलता विकास कार्यक्रम<br>२. उच्च मूल्यका मसलाजन्य तथा जडीवुटीको व्यावसायिक खेती प्रवर्द्धन<br>३. कृषि-वन प्रवर्द्धन तथा गैरकाष्ठ बन पैदावर सङ्कलन तथा प्रशोधन<br>४. जङ्गल क्षेत्रमा वृक्षारोपण, रिचार्ज पोखरी, मिचाहा प्रजाति नियन्त्रण तथा झाडी सफाइ<br>५. खुल्ला क्षेत्र, सडक दायाँवायाँ वृक्षारोपण<br>६. पार्क, उद्यम निर्माण तथा एक वडा एक उद्यम निर्माण<br>७. हरियाली शहर प्रवर्द्धन कार्यक्रम<br>८. जैविक विविधता सूचीकरण (Bio-diversity profile) तयार<br>९. जैविक विविधता दिगो संरक्षण सम्वन्धी गुरुयोजना तर्जुमा<br>१०. लोपोन्मुख प्रजाति, वन्यजन्तु, चराचरुङ्गीहरुको वासस्थानको संरक्षण<br>११. लप्सी, बोधीचित्त, पाउलेनिया, ओखर आदि जस्ता गैरकाष्ठजन्य वनस्पतीहरुको बृक्षारोपण<br><br>**भुसंरक्षण तथा जलाधार व्यवस्थापन**<br>१. भू-क्षय तथा जोखिम क्षेत्र नक्शाङ्कन कार्यक्रम<br>२. जोखिम क्षेत्र संरक्षण कार्यक्रम<br>३. वाढी पहिरो क्षति प्रभावित क्षेत्र व्यवस्थापन<br>४. पहिरो लगायतका विपद्को न्युनिकरण<br>५. वातावरणमैत्री पूर्वाधार निर्माण<br>६. नगरभित्रको मुख्य खोला संरक्षण<br>७. रोशी खोला नियन्त्रण<br>८. LAPA + LDCRP कार्यान्वयन<br><br>**वातावरण तथा फोहोरमैला व्यवस्थापन**<br>१. एकिकृत फोहारमैलाको वैज्ञानिक व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण |

| | |
|---|---|
| | २. वातावरण संरक्षण प्रवर्द्धनात्मक कार्यक्रम<br><br>**विपद जोखिम न्युनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता**<br>१. विपद व्यवस्थापन तथा जलवायु अनुकूलन सम्वन्धी जनचेतनामुलक कार्यक्रम<br>२. विपद जोखिम तथा संवेदनशील क्षेत्र पहिचान तथा नक्साङ्कन<br>३. विपद व्यवस्थापन केन्द्र स्थापना<br>४. आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन<br>५. आपतकालीन द्रुत उद्धार टोली क्षमता बिकास तथा नमूना अभ्यास<br><br>**संस्थागत विकास तथा सुशासन क्षेत्र**<br>**संस्थागत विकास तथा सुशासन**<br>१. सेवा प्रवाहलाई अनलाइन तथा कम्प्युटर सफ्टवेयर निर्माण<br>२. उजुरी व्यवस्थापनलाई अनलाइन प्रणाली<br>३. सार्वजनिक कार्यालयहरुमा आइसिटि जडान<br>४. नगरपालिकाको मोवाइल एप्स निर्माण तथा अद्यावधिक<br>५. संगठनात्मक संरचना तथा व्यवस्थापन सर्भे तयार<br>६. सामाजिक जवाफदेहि तथा उत्तरदायिका औजारहरुको अभ्यास<br>७. सुशासन प्रवर्द्धन कार्यक्रम संचालन<br>८. ऐन, नियम, एवं मापदण्डहरु निर्माण एवं प्रकाशन<br>९. समिति, उपसमिति एवं पदाधिकारीहरुको क्षमता अभिवृद्धि<br>१०. सेवाग्राही सहायता कक्ष सञ्चालन<br>११. न्यायिक समिति तथा मेलमिलाप समिति व्यवस्थापन<br>१२. न्यायिक तालिम तथा मेलमिलापकर्ता सहजीकरण क्षमता अभिवृद्धि<br>१३. सेवा प्रदायक र सेवाग्राहीहरु वीच अन्तरक्रिया कार्यकम<br>१४. सेवाग्राही सन्तुष्टी सर्भेक्षण |

**नगर गौरवका योजना**

| सि.नं. | आयोजना कार्यक्रम |
|---|---|
| १ | रोसी खोला बहुउदेश्य आयोजना (सिचाई तथा विद्युत) |
| २ | संयुक्त जलासय (रोसी + नमोबुद्ध ६) |
| ३ | स्लेट तथा मार्वल उद्योग निर्माण |
| ४ | नमोबुद्ध पर्यटन प्रवर्द्धन बृहत आयोजना (विश्व सम्पदा सुचिमा सुचिकृत गर्ने समेत) |
| ५ | नमोबुद्ध विद्युतीय चक्रपथ |
| ६ | वन्य पैदावार संकलन तथा प्रशोधन केन्द्र निर्माण |
| ७ | तरकारी, फलफुल, पशुजन्य तथा अन्नवाली चिस्यान केन्द्र (कोल्ड स्टोर) |
| ८ | कृषि उपज प्रशोधन आयोजना |

| आगामी ५ बर्षको श्रोत अनुसारको प्रक्षेपण रु. हजारमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **बजेटका श्रोतहरु** | **चालु आ.व.को अनुमान** | **पहिलो आ.व.** | **दोश्रो आ.व.** | **तेश्रो आ.व.** | **चौथो आ.व.** | **पाचौ आ.व** | **.५ बर्षको जम्मा** |
| **१. आन्तरिक श्रोत परिचालन** | ४५९९० | ५५१८८ | ६६६८६ | ८११९६ | ९९६८६ | १२३४७२ | ४२६२३० |
| औषत वार्षिक वृद्धिदर | | २० | २०.८३ | २१.७५ | २२.७७ | २३.८६ | २१.८४ |
| **२ वाह्य श्रोत परिचालन** | ६८१६७६ | ६८४४५३ | ७५३०९९ | ८२८६३४ | ९११७४९ | १००३२०६ | ५१८६८०६ |
| औषत वार्षिक वृद्धिदर | | ०.४१ | १०.०३ | १०.०३ | ९.१२ | ९.१२ | ७.७४ |
| **३. कूल श्रोत परिचालन** | ७२७६६६ | ७३९६४१ | ८१९७८५ | ९०९८३० | १०११४३५ | ११२६६७८ | ५६१३०३६ |
| औषत वार्षिक वृद्धिदर | | १.६५ | १०.८४ | १०.९८ | ११.१७ | ११.३९ | ९.२० |
| कूल श्रोत परिचालनमा आन्तरिक श्रोतको योगदान | ६.३२ | ७.४६ | ८.१३ | ८.९२ | ९.८६ | १०.९६ | ७.५९ |

## बिषयक्षेत्रगत लगानी खाका:

| विषय क्षेत्रगत वजेट प्रक्षेपण (रकम रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|
| **विषय क्षेत्र** | **प्रतिशत** | **रकम रु.** | **विषय क्षेत्र** | **प्रतिशत** | **रकम रु.** |
| **आर्थिक बिकास** | २३.४३ | १४९७९०० | **पूर्वाधार बिकास** | ३४.८८ | २२३०००० |
| कृषि बिकास | ३.१३ | २००००० | सडक, यातायात | ३१.२८ | २०००००० |
| पशुपंक्षी बिकास | २.७० | १७२९०० | आवास तथा वस्ती | २.०३ | १३०००० |
| सिंचाई | २.७४ | १७५००० | विद्युत | ०.७८ | ५०००० |
| पर्यटन बिकास | ६.२६ | ४००००० | सूचना तथा सञ्चार | ०.७८ | ५०००० |
| उद्योग व्यापार तथा व्यवसाय | ७.८२ | ५००००० | **बन, वातावरण तथा विपद व्यवस्थापन** | २१.१२ | १३५०००० |
| वैंक, वित्तीय तथा सहकारी | ०.७८ | ५०००० | बन तथा जैविक विविधता | ०.७८ | ५०००० |
| **सामाजिक बिकास** | २०.३४ | १३००००० | भू तथा जलाधार संरक्षण | १०.९५ | ७००००० |
| शिक्षा | ७.८२ | ५००००० | वातावरण तथा स्वच्छता | ७.८२ | ५००००० |
| आधारभूत स्वास्थ्य | ३.९१ | २५०००० | विपद व्यवस्थापन | १.५६ | १००००० |
| खानेपानी तथा सरसफाइ | १.५६ | १००००० | **सुशासन तथा संस्थागत बिकास** | ०.२३ | १५००० |
| लक्षितवर्ग तथा समावेशीकरण | २.३५ | १५०००० | सस्थागत विकास तथा सुशासन | | १५००० |
| कला भाषा, संस्कृति सम्पदा | ३.१३ | २००००० | | | |
| युवा तथा खेलकुद | १.५६ | १००००० | | | |
| **कूल वजेट** | | | | १०० | ६३९२९०० |

# विषय सूची


| क.सं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| **१** | **परिच्छेद - एक : परिचय** | **२३** |
| १.१ | पृष्ठभूमि | २३ |
| १.२ | आवधिक योजना निर्माण उद्देश्य | २३ |
| १.३ | आवधिक योजना तर्जुमाका चरणहरु | २४ |
| २ | **परिच्छेद - दुई : नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा** | २६ |
| **२.१** | **नगरपालिकाको परिचय** | २६ |
| २.१.१ | भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना | २७ |
| २.१.२ | प्राकृतिक तथा सांस्कृतिक अवस्था | २७ |
| २.१.३ | जनसांख्यिक अवस्था | २७ |
| **२.२** | **आर्थिक विकास अवस्था** | **२९** |
| २.२.१ | कृषि/पशु | २९ |
| २.२.२ | पर्यटन तथा संस्कृति | २९ |
| २.२.३ | उद्योग, व्यापार, व्यवसाय र आपुर्ति | २९ |
| २.२.४ | आम्दानी, रोजगारी र वित्तीय सेवा | ३० |
| २.२.५ | सहकारी | ३० |
| **२.३** | **सामाजिक विकासको अवस्था** | **३०** |
| २.३.१ | स्वास्थ्य तथा पोषण | ३० |
| २.३.२ | शैक्षिक विकास | ३१ |
| २.३.३ | खानेपानी तथा सरसफाई | ३१ |
| २.३.४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ३१ |
| २.३.५ | युवा, खेलकुद तथा कला | ३१ |
| **२.४** | **पुर्वाधार तथा शहरी विकासको अवस्था** | **३२** |
| २.४.१ | वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ३२ |
| २.४.२ | सडक, पुल तथा यातायात | ३२ |
| २.४.३ | विद्युत तथा वैकल्पिक ऊर्जा | ३२ |
| २.४. | सुचना, सञ्चार तथा प्रविधि | ३२ |
| **२.५** | **वन, वातावरण तथा विपद् जोखिम न्युनीकरण र व्यवस्थापनको व्यवस्था** | **३३** |
| २.५.१ | वन तथा जैविक विविधता | ३३ |
| २.५.२ | भूसंरक्षण तथा जलाधार क्षेत्र | ३३ |
| २.५.३ | वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | ३३ |
| २.५.४ | महामारी तथा विपद् व्यवस्थापन | ३३ |
| **२.६** | **सुशासन तथा संस्थागत व्यवस्था** | **३३** |
| २.६.१ | स्थानीय नीति, ऐन तथा सुशासन | ३४ |
| २.६.२ | संगठनात्मक विकास | ३४ |
| २.६.३ | श्रोत परिचालन | ३४ |
| २.६.४ | योजना व्यवस्थापन | ३५ |
| ३ | **परिच्छेद - तीन : दिर्घकालिन सोच तथा विकासको अवधारण** | **३६** |
| ३.१ | पृष्ठभूमि | ३६ |
| ३.२ | प्रमुख समस्या तथा चुनौती | ३६ |
| ३.३ | प्रमुख सम्भावना तथा अवसर | ३६ |
| ३.४ | निर्देशक सिद्धान्त | ३७ |

| | | |
|---|---|---|
| ३.५ | सोच, लक्ष्य तथा उद्देश्य | ३८ |
| ३.६ | परिणात्मक लक्ष्य | ३८ |
| ३.७ | रणनीति तथा प्राथामिकता | ४१ |
| ३.८ | लगानी, स्रोत अनुमान र बाँडफाँट | ४१ |
| ३.८.१ | विगत तीन आ.व.को श्रोत परिचालनको अवस्था | ४१ |
| ३.८.२ | आगामी ५ आ.व.को श्रोत अनुमान प्रक्षेपण | ४३ |
| ३.८.३ | बिषयक्षेत्रगत लगानी खाका | ४५ |
| **४** | **परिच्छेद - चार : आर्थिक क्षेत्र** | **४७** |
| **४.१** | **कृषि** | **४७** |
| ४.१.१ | पृष्ठभूमि | ४७ |
| ४.१.२ | समस्या तथा चुनौती | ४८ |
| ४.१.३ | संभावना तथा अवसर | ४८ |
| ४.१.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ४९ |
| ४.१.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ५० |
| ४.१.६ | अनुमान तथा जोखिम पक्ष | ५१ |
| **४.२** | **पशुपंक्षी** | **५१** |
| ४.२.१ | पृष्ठभूमि | ५१ |
| ४.२.२ | समस्या तथा चुनौती | ५१ |
| ४.२.३ | संभावना तथा अवसर | ५२ |
| ४.२.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ५२ |
| ४.२.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ५३ |
| ४.२.६ | अनुमान तथा जोखिम पक्ष | ५३ |
| **४.३** | **सिंचाई** | **५४** |
| ४.३.१ | पृष्ठभूमि | ५४ |
| ४.३.२ | समस्या तथा चुनौती | ५४ |
| ४.३.३ | संभावना तथा अवसर | ५४ |
| ४.३.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ५४ |
| ४.३.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ५५ |
| ४.३.६ | अनुमान तथा जोखिम पक्ष | ५५ |
| **४.४** | **पर्यटन, सँस्कृति तथा सम्पदा** | **५६** |
| ४.४.१ | पृष्ठभूमि | ५६ |
| ४.४.२ | समस्या तथा चुनौती | ५६ |
| ४.४.३ | संभावना तथा अवसर | ५६ |
| ४.४.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ५६ |
| ४.४.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ५७ |
| ४.४.६ | अनुमान तथा जोखिम पक्ष | ५८ |
| **४.५** | **उद्योग, व्यापार, व्यवसाय तथा आपुर्ति** | **५९** |
| ४.५.१ | पृष्ठभूमि | ५९ |
| ४.५.२ | समस्या तथा चुनौती | ५९ |
| ४.५.३ | संभावना तथा अवसर | ५९ |
| ४.५.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ५९ |
| ४.५.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ६० |
| ४.५.६ | अनुमान तथा जोखिम पक्ष | ६१ |

| | | |
|---|---|---|
| ४.६ | **वैंक, वित्तीय संस्था तथा सहकारी बिकास** | **६१** |
| ४.६.१ | पृष्ठभूमि | ६१ |
| ४.६.२ | समस्या तथा चुनौती | ६१ |
| ४.६.३ | संभावना तथा अवसर | ६१ |
| ४.६.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ६२ |
| ४.६.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ६२ |
| ४.६.६ | अनुमान तथा जोखिम पक्ष | ६३ |
| **५** | **परिच्छेद - पाँच : सामाजिक क्षेत्र** | **६४** |
| **५.१** | **शिक्षा, विज्ञान तथा नव प्रवर्तन** | **६५** |
| ५.१.१ | पृष्ठभूमि | ६५ |
| ५.१.२ | समस्या तथा चुनौती | ६५ |
| ५.१.३ | संभावना तथा अवसर | ६५ |
| ५.१.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ६६ |
| ५.१.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ६७ |
| ५.१.६ | अनुमान तथा जोखिम पक्ष | ७० |
| **५.२** | **स्वास्थ्य तथा पोषण** | **७०** |
| ५.२.१ | पृष्ठभूमि | ७० |
| ५.२.२ | समस्या तथा चुनौती | ७० |
| ५.२.३ | संभावना तथा अवसर | ७० |
| ५.२.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ७१ |
| ५.२.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ७२ |
| ५.२.६ | अनुमान तथा जोखिम पक्ष | ७४ |
| **५.३** | **खानेपानी तथा सरसफाई** | **७४** |
| ५.३.१ | पृष्ठभूमि | ७४ |
| ५.३.२ | समस्या तथा चुनौती | ७४ |
| ५.३.३ | संभावना तथा अवसर | ७५ |
| ५.३.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ७५ |
| ५.३.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ७५ |
| ५.३.६ | अनुमान तथा जोखिम पक्ष | ७६ |
| **५.४** | **महिला, बालवालिका तथा लक्षित वर्ग** | **७७** |
| ५.४.१ | पृष्ठभूमि | **७७** |
| ५.४.२ | समस्या तथा चुनौती | ७७ |
| ५.४.३ | संभावना तथा अवसर | ७७ |
| ५.४.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ७७ |
| ५.४.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ७८ |
| ५.४.६ | अनुमान तथा जोखिम पक्ष | ८० |
| **५.५** | **कला भाषा, साहित्य र सम्पदा** | **८०** |
| ५.५.१ | पृष्ठभूमि | ८० |
| ५.५.२ | समस्या तथा चुनौती | ८१ |
| ५.५.३ | संभावना तथा अवसर | ८१ |
| ५.५.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ८१ |
| ५.५.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ८२ |
| ५.५.६ | अनुमान तथा जोखिम पक्ष | ८२ |

| | | |
|---|---|---|
| **५.६** | **युवा तथा खेलकुद** | **८३** |
| ५.६.१ | पृष्ठभूमि | ८३ |
| ५.६.२ | समस्या तथा चुनौती | ८३ |
| ५.६.३ | संभावना तथा अवसर | ८३ |
| ५.६.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ८३ |
| ५.६.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ८४ |
| ५.६.६ | अनुमान तथा जोखिम पक्ष | ८५ |
| **६** | **परिच्छेद - छ : पुर्वाधार क्षेत्र** | **८६** |
| **६.१** | **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | **८६** |
| ६.१.१ | पृष्ठभूमि | ८६ |
| ६.१.२ | समस्या तथा चुनौती | ८७ |
| ६.१.३ | संभावना तथा अवसर | ८७ |
| ६.१.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ८७ |
| ६.१.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ८८ |
| ६.१.६ | अनुमान तथा जोखिम पक्ष | ८८ |
| **६.२** | **सडक, पुल तथा यातायात** | **८९** |
| ६.२.१ | पृष्ठभूमि | ८९ |
| ६.२.२ | समस्या तथा चुनौती | ८९ |
| ६.२.३ | संभावना तथा अवसर | ८९ |
| ६.२.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ८९ |
| ६.२.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ९० |
| ६.२.६ | अनुमान तथा जोखिम पक्ष | ९१ |
| **६.३** | **जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा** | **९१** |
| ६.३.१ | पृष्ठभूमि | ९१ |
| ६.३.२ | समस्या तथा चुनौती | ९१ |
| ६.३.३ | संभावना तथा अवसर | ९२ |
| ६.३.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ९२ |
| ६.३.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ९२ |
| ६.३.६ | अनुमान तथा जोखिम पक्ष | ९३ |
| **६.४** | **सुचना, सञ्चार तथा प्रविधि** | **९३** |
| ६.४.१ | पृष्ठभूमि | ९३ |
| ६.४.२ | समस्या तथा चुनौती | ९३ |
| ६.४.३ | संभावना तथा अवसर | ९३ |
| ६४.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ९३ |
| ६.४.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ९४ |
| ६.४.६ | अनुमान तथा जोखिम पक्ष | ९४ |
| **७** | **परिच्छेद - सात : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | **९५** |
| **७.१** | **वन तथा जैविक विविधता** | **९६** |
| ७.१.१ | पृष्ठभूमि | ९६ |
| ७.१.२ | समस्या तथा चुनौती | ९६ |
| ७.१.३ | संभावना तथा अवसर | ९६ |
| ७.१.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ९६ |
| ७.१.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ९७ |

| | | |
|---|---|---|
| ७.१.६ | अनुमान तथा जोखिम पक्ष | ९८ |
| **७.२** | **भुसंरक्षण तथा जलाधार व्यवस्थापन** | **९८** |
| ७.२.१ | पृष्ठभूमि | ९८ |
| ७.२.२ | समस्या तथा चुनौती | ९८ |
| ७.२.३ | संभावना तथा अवसर | ९९ |
| ७.२.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ९९ |
| ७.२.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | ९९ |
| ७.२.६ | अनुमान तथा जोखिम पक्ष | १०० |
| **७.३** | **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | **१००** |
| ७.३.१ | पृष्ठभूमि | १०० |
| ७.३.२ | समस्या तथा चुनौती | १०१ |
| ७.३.३ | संभावना तथा अवसर | १०१ |
| ७.३.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | १०१ |
| ७.३.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | १०२ |
| ७.३.६ | अनुमान तथा जोखिम पक्ष | १०३ |
| **७.४** | **विपद् जोखिम न्युनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | **१०३** |
| ७.४.१ | पृष्ठभूमि | १०३ |
| ७.४.२ | समस्या तथा चुनौती | १०३ |
| ७.४.३ | संभावना तथा अवसर | १०३ |
| ७.४.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | १०३ |
| ७.४.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | १०४ |
| ७.४.६ | अनुमान तथा जोखिम पक्ष | १०५ |
| **८** | **परिच्छेद - आठ : संस्थागत विकास तथा सुशासन क्षेत्र** | **१०७** |
| **८.१** | **संस्थागत विकास तथा सुशासन** | १०७ |
| ८.१.१ | पृष्ठभूमि | १०७ |
| ८.१.२ | समस्या तथा चुनौती | १०७ |
| ८.१.३ | संभावना तथा अवसर | १०८ |
| ८.१.४ | उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | १०८ |
| ८.१.५ | अपेक्षित उपलब्धि तथा नतिजा खाका | १०९ |
| ८.१.६ | अनुमान तथा जोखिम पक्ष | १०९ |
| **९** | **परिच्छेद - नौ : नगर गौरवका आयोजना** | **१११** |
| ९.१ | पृष्ठभूमि | १११ |
| ९.२ | आयोजना छनौटका आधारहरु | १११ |
| ९.३ | नगर गौरवका योजना | ११२ |
| **१०** | **परिच्छेद - दश : क्षेत्रीय विकासका लागि अन्तरपालिका रणनीतिक साझेदारी** | **११३** |
| १०.१ | पृष्ठभूमि | ११३ |
| १०.२ | वर्तमान अवस्था | ११४ |
| १०.३ | सम्भावना, अवसर तथा समस्या र चुनौती | ११५ |
| १०.४ | उद्देश्य | ११५ |
| १०.५ | रणनीति | ११५ |
| १०.६ | सहकार्यका क्षेत्र तथा कार्यक्रमहरु | ११६ |
| **११** | **परिच्छेद - एघार : कार्यान्वयन व्यवस्था** | **११७** |
| ११.१ | पृष्ठभूमि | ११७ |

| | | |
|---|---|---|
| ११.२ | संस्थागत व्यवस्था तथा मानव संशाधन योजना | ११७ |
| ११.३ | वित्तीय स्रोत अनुमान र विषयक्षेत्र अनुसार अनुमानित बजेट | ११७ |
| ११.४ | विषय क्षेत्रगत लगानी खाका | ११९ |
| ११.५ | स्रोत परिचालन रणनीति | १२० |
| ११.६ | आवधिक योजना कार्यान्वयन | १२२ |
| ११.७ | अनुगमन तथा मूल्याङ्कन योजना | १२२ |
| ११.७.१ | अनुगमन तथा मूल्याङ्कनको आवश्यकता | १२२ |
| ११.७.२ | अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी | १२३ |
| ११.७.३ | अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया | १२३ |
| **अनुसुचीहरु** | | १२४ |
| १ | वार्षिक कार्यान्वयन कार्ययोजनाको खाका | १२५ |
| २ | विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम | १२७ |
| ३ | आवधिक योजना तर्जुमाः समिति, उपसमितिहरुको विवरण | १२८ |
| ४ | आवधिक नगर विकास योजना तर्जुमा प्रकृयाको उपस्थिति | १३० |
| ५ | आवधिक नगर विकास योजना तर्जुमा प्रकृयासंग सम्वन्धित दृश्यहरु | १३९ |

# तालिका सूचि


| तालिका नम्वर | विवरण | पेज नं. |
|---|---|---|
| १. | जनसंख्या विवरण | २७ |
| २. | लिंगको आधारमा उमेर समुह सम्बन्धी जनसंख्या विवरण | २८ |
| ३. | कृषि उपजहरुको विवरण | २९ |
| ४. | स्वास्थ्य अवस्था | ३० |
| ५. | शिक्षा अवस्था | ३१ |
| ६. | यातायात पूर्वाधार सम्वन्धी विवरण | ३२ |
| ७. | परिमाणात्मक लक्ष्य | ३९ |
| ८. | विगत तीन आ.व.को श्रोत परिचालनको अवस्था | ४१ |
| ९. | आगामी ५ बर्षको श्रोत अनुसारको प्रक्षेपण रु. हजारमा | ४३ |
| १०. | आगामी ५ बर्षको श्रोत अनुसारको प्रक्षेपण रु. हजारमा | ४४ |
| ११. | विषय क्षेत्रगत वजेट प्रक्षेपण (रकम रु. हजारमा) | ४५ |
| १२. | कृषि विकास | ५० |
| १३. | पशुपंक्षीपालन | ५३ |
| १४. | सिंचाई | ५५ |
| १५. | पर्यटन विकास | ५७ |
| १६. | उद्योग, व्यापार तथा व्यवसाय | ६० |
| १७. | वैंक, वित्तीय संस्था तथा सहकारी बिकास | ६२ |
| १८. | शिक्षा | ६७ |
| १९. | आधारभुत स्वास्थ्य | ७२ |
| २०. | खानेपानी तथा सरसफाई | ७५ |
| २१. | महिला, बालवालिका तथा लक्षित वर्ग | ७८ |
| २२. | कला भाषा साहित्य र सम्पदा | ८२ |
| २३. | युवा तथा खेलकुद | ८४ |
| २४. | आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | ८८ |
| २५. | सडक, यातायात तथा पुलपुलेसा | ९० |
| २६. | विद्युत तथा वैकल्पिक ऊर्जा | ९२ |
| २७. | सूचना तथा सञ्चार | ९४ |
| २८. | वन तथा जैविक विविधता | ९७ |
| २९. | भू तथा जलाधार व्यवस्थापन | ९९ |
| ३०. | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १०२ |
| ३१. | विपद व्यवस्थापन | १०४ |
| ३२. | सुशासन ऐन, नियम, र जवाफदेहिता | १०९ |
| ३३. | नगर गौरवका आयोजनाहरु | ११२ |
| ३४. | अन्तरपालिका रणनीतिक साझेदारी : सम्भावना, अवसर तथा समस्या र चुनौति | ११५ |
| ३५. | सहकार्यका क्षेत्र | ११६ |
| ३६. | आगामी ५ बर्षको श्रोत अनुसारको प्रक्षेपण रु. हजारमा | ११७ |
| ३७. | आगामी ५ बर्षको श्रोत अनुसारको प्रक्षेपण रु. हजारमा | ११९ |
| ३८. | विषय क्षेत्रगत वजेट प्रक्षेपण | ११९ |
| ३९. | आवधिक योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रिया | १२३ |

## शव्द संक्षेपीकरण

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभूत विद्यालय |
| मा.वि | | माध्यमिक विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| न पा | : | नगरपालिका |
| गा पा | : | गाउँपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| मे टन | : | मेट्रिक टन |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि. | : | लिटर |
| व. नं. | : | वडा नम्वर |
| प्रप्रअ | : | प्रमुख प्रशासकीय अधिकृत |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |

# परिच्छेद - एकः परिचय

## १.१ पृष्ठभूमि

आर्थिक समानता, समृद्धि, सामाजिक न्याय तथा सहभागितामुलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने अभिप्रायबाट निर्देशित वर्तमान संविधानले सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलव्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने तथा प्राप्त लक्ष्यहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ[१] ।

राज्य शक्तिको वाँडफाँड तथा पुर्नसंचरनाको क्रममा स्थानीयतहको रुपमा स्थापित नमोबुद्ध नगरपालिकाले योजनावद्ध ढङ्गवाट नगरपालिकाको विकास गर्ने उद्देश्यले पहिलो आवधिक योजना तर्जुमा भएको छ । संविधानतः स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि ***आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना*** बनाई लागु गर्नुपर्ने व्यवस्था गरिएको छ । योजना तर्जुमा विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनहरु जारी भएका छन । संघ, प्रदेशवाट व्यवस्था गरिएका त्यस प्रकारका प्रावधान एवं ऐन तथा कानुनी व्यवस्थाको अधिनमा रही परिभाषित विधि पद्धतिको पूर्ण अवलम्वन गर्दै **नमोबुद्ध नगरपालिका**ले **आवधिक नगर बिकास योजना** (**२०८१/८२ - २०८५/८६**) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

आवधिक नगर बिकास योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावनालाई सम्वोधन गरिएको छ । यस अनुसार आर्थिक बिकास, गरिबी निवारण, रोजगार सिर्जना, आय वृद्धि, दिगो बिकास, स्थानीय साधन स्रोत र सीपको अधिकतम उपयोग, छिट्टै प्रतिफल प्राप्त हुन सक्ने क्षेत्र र कम लागत एवं स्थानीय वासिन्दाहरुको सहभागिता जुट्न सक्ने पक्षहरुलाई प्राथमिकता दिइएको छ । त्यसैगरी नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकिया एवं दिगो बिकास लक्ष्यसँग अनुकूल हुने गरी वातावरण तथा बालमैत्री शासन, सुशासन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित पक्षलाई समेत मनन गरिएको छ। उपरोक्त पक्षहरुलाई आधार मानी नमोबुद्ध नगरपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम, अनुमानित लगानी खाका निर्धारण भएको छ। सहभागितामूलक विधि, प्रक्रियाबाट तयार पारिएको यस **आवधिक तथा रणनीतिक योजना मार्गचित्रलाई नमोबुद्ध नगरपालिकाको समग्र बिकासका लागि महत्वपूर्ण मार्गदर्शक दस्तावेज**को रुपमा ग्रहण गरिएको छ । यसै योजना खाकाभित्र रही नमोबुद्ध नगरपालिकाले मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम एवं बजेट तर्जुमा र सोही अनुसार कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समेत जाहेर भएको छ ।

## १.२ आवधिक योजना निर्माणको उद्देश्य

यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य नमोबुद्ध नगरपालिकाका सरोकारवालाहरुको सहभागितामा नगरपालिकाको आवधिक विकास योजना खाका तर्जुमा गर्नु रहेको छ। यसका साथै नमोबुद्ध नगरपालिकाको आवधिक योजना तर्जुमा गर्नुको विशेष उद्देश्य यसप्रकार रहेको छ :

---

१ नेपालको संविधान, २०७२, भाग ४ राज्यका निर्देशक सिद्धान्त

क) नेपाल सरकारको दीर्घकालीन सोच **"समृद्ध नेपाल, सुखी नेपाली"** नीति, कार्यक्रम तथा प्राथमिकताहरु एवं वागमती प्रदेश सरकारको दीर्घकालीन सोच **"सुसंस्कृत र सुखी जनता : समाजवाद उन्मुख समृद्ध प्रदेश"** नीति, कार्यक्रम तथा प्राथमिकताहरुसंग तादात्म्यता हुनेगरी नमोबुद्ध नगरपालिकाको दीर्घकालीन सोच सहित आवधिक योजनाको खाका तर्जुमा गर्नु

ख) नेपालको संविधानको मर्म, भावना तथा संघ एवं प्रदेशवाट कार्यान्वयनमा रहेका कानुनी व्यवस्था, नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा जाहेर गरेका प्रतिवद्धता, दिगो विकास लक्ष्य लगायतवाट भएको मार्गदर्शन, निर्देशित सिद्धान्त आदिलाई मध्यनजर गर्दै नगरपालिकाको विद्यमान अवस्थाको लेखाजोखाका आधारमा सम्वोधन गर्नु

ग) नमोबुद्ध नगरपालिकाको विद्यमान वस्तुस्थितिको विश्लेषण गर्दै अन्तरनगरपालिका समन्वय, सहकार्य एवं साझेदारीका आधारहरुलाई मनन गरी आवधिक योजनालाई कार्यान्वयन योग्य वनाउनु र यसैका आधारमा नगरपालिकाको मध्यमकालीन योजना निर्माण एवं वार्षिक कार्यक्रम तथा वजेट विनियोजनलाई सहज वनाउनु ।

## १.३ आवधिक योजना तर्जुमाका चरणहरु

नमोबुद्ध नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा पूरा गरिएका चरणहरु यसप्रकार रहेको छ ।

### क) पहिलो चरण : निर्णय तथा पूर्व तयारी

आवधिक नगर बिकास योजना तर्जुमाका लागि नगर कार्यपालिकावाट नीतिगत निर्णय भएको थियो । विभिन्न चरणका वैठकहरुवाट नगरपालिकाले सूचना तथा तथ्याङ्कहरु अद्यावधिक गर्ने, वडा तथा संस्थागत सूचनाहरु सङ्कलन गर्ने लगायतका पूर्व तयारी भएको थियो ।

### ग) दोश्रो चरण : प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम

नमोबुद्ध नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा प्रारम्भिक छलफल मिति २०७९ साल चैत १० गते सम्पन्न भएको थियो । राजनीतिक दलका प्रतिनिधि, नगरसभा सदस्यहरु, कार्यपालिका सदस्यहरु, नगर कार्यपालिकाका शाखा प्रमुख लगायत अन्य कर्मचारीहरु, समाजसेवी, बुद्धिजीवि, उवास, शिक्षक, कृषक समुह, महिला समुह लगायतका स्थानीय सरोकारवालाहरुको सहभागिता रहेको सो अभिमुखीकरण कार्यक्रममा खासगरी आवधिक योजना तर्जुमाको उद्देश्य, आवश्यकता, महत्व एवं तर्जुमा प्रकृयाहरुका बारेमा छलफल भएको थियो ।

| | |
|---|---|
| नवौ | योजना कार्यान्वयन, अनुगमन, मूल्यांकन |
| आठौ | अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन |
| सातौ | प्रतिवेदन प्रमाणीकरण |
| छैटौ | मस्यौदा प्रतिवेदन तयारी |
| पाँचौ | आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी |
| चौथौ | वडास्तर छलफल, परामर्श तथा आयोजना छनौट |
| तेश्रो | सन्दर्भ सामग्रीहरु संकलन, अध्ययन, विश्लेषण |
| दोश्रो | प्रारम्भिक छलफल तथा अभिमुखीकरण |
| पहिलो | निर्णय तथा पूर्व तयारी |

### ख) तेश्रो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन

आवधिक योजना तर्जुमाका लागि नमोबुद्ध नगरपालिकासँग सम्बन्धित अभिलेख एवं प्रकाशनहरुको सङ्कलन, अध्ययन एवं विश्लेषण भएको थियो । यसका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन एवं राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग अन्तर्गतका ऐन, नियम, निर्देशिका एवं मापदण्डहरु सङ्कलन एवं अध्ययन गरिएको थियो । संघ तथा प्रदेश सरकारको आवधिक एवं वार्षिक नीति तथा कार्यक्रमहरु, राष्ट्रिय तथा प्रादेशिक योजना आयोगको प्रकाशनहरु र नमोबुद्ध नगरपालिकाको विगत वर्षहरुको उपलव्धी, नीति कार्यक्रमहरुको अध्ययन गरिएको थियो ।

**घ) चौथो चरण : वडा स्तरीय भेला**

आवधिक योजना तर्जुमाको सन्दर्भमा नमोबुद्ध नगरपालिकाका सवै वडाहरुमा वडास्तरीय भेला आयोजना भएको गरिएको थियो । वडास्तरीय भेला मिति २०७९ साल चैत १९ गतेदेखि ३० गतेसम्म सञ्चालन गरिएको थियो । यसरी सञ्चालन भएको वडाभेलामा २७० जनाको सहभागिता रहेको थियो । वडा स्तरीय भेलामा खासगरी स्थानीय समुदाय, राजनीतिक दलहरु, टोलविकास संस्था लगायतका सामुदायिक संघसंस्थाहरुको सहभागिता रहेको थियो । वडा स्तरीय भेलामा वडाको वस्तुस्थिति विश्लेषण र आगामी वर्षहरुका लागि वडास्तरीय कार्यक्रमहरु संकलन भएको थियो ।

**ङ) पाँचौ चरण : आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी**

नमोबुद्ध नगरपालिकाको आवधिक योजना तर्जुमाका लागि मिति २०८० साल भदौ ३ देखि ४ गते सम्म २ दिने कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । नगरपालिका स्तरीय सरोकारवालाहरुको सहभागितामा सञ्चालन भएको कार्यशाला गोष्ठीमा विशेष गरी राजनीतिक दल, नगरपालिका तथा नगरकार्यपालिकाका सदस्य पदाधिकारीहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । यसैगरी कार्यशाला गोष्ठीमा नमोबुद्ध नगरपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विषयक्षेत्रगत उद्देश्यहरु, रणनीति एवं कार्यक्रमहरु तर्जुमा भएको थियो ।

**च) छैटौ चरण : मस्यौदा प्रतिवेदन तयारी**

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, राष्ट्रिय एवं प्रादेशिक नीति कार्यक्रम एवं नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४,स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ लगायत सन्दर्भ सामाग्रीहरुको आधारमा नमोबुद्ध नगरपालिकाको आवधिक नगर विकास योजनाको मस्यौदा प्रतिवेदन तयार पारिएको थियो । यस क्रममा स्थानीय तह र अन्य सरकारको बिषयक्षेत्रगत एकल तथा साझा अधिकार क्षेत्रका सबै विषय एवं उपक्षेत्रहरुका बिषयमा प्राप्त सुझाब तथा प्रतिक्रियाहरुलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढङ्गबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार भएको थियो । योजना दस्तावेजमा परिचय, नगरपालिकाको संक्षिप्त परिचयात्मक विवरण सहित **११ परिच्छेदमा** विभाजन गरिएको छ ।

**छ) सातौ चरण : प्रतिवेदन प्रमाणीकरण कार्यक्रम**

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, विषय विज्ञहरुसंगको परामर्श तथा छलफलको क्रममा प्राप्त सुझाबहरुको आधारमा तयार भएको आवधिक नगर विकास योजनाको मस्यौदा दस्तावेज नगर कार्यपालिका तथा सरोकारवालाहरुको सहभागितामा आयोजित एक प्रमाणीकरण कार्यक्रममा प्रस्तुत गरी थप राय सुझाब तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो ।

**ज) आठौ चरण : अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन**

आवधिक योजना प्रमाणीकरण कार्यक्रमबाट प्राप्त सुझाब तथा पृष्ठपोषणहरुलाई समावेश गरी तयार पारिएको नमोबुद्ध नगरपालिकाको दीर्घकालीन सोच सहितको प्रथम नगर विकास योजना दस्तावेजलाई नगरसभाबाट स्वीकृत गरिएको थियो ।

**झ) नवौ चरण : योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

स्वीकृत आवधिक नगर विकास योजनालाई कार्यान्वयनमा ल्याइएको छ । कार्यान्वयनका क्रममा योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि नगरपालिकाले एक संयन्त्र निर्माण गरी सोहीवाट योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने र आवधिक योजनाको अन्तिम अवधिमा प्रभाव मूल्याङ्कन गर्ने प्रतिवद्धता समेत नगरपालिकावाट भएको छ ।

# परिच्छेद-दुई :
# नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय



स्रोतः स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

नमोबुद्ध नगरपालिका वागमती प्रदेशको एक नगरपालिका हो । यो नगरपालिका काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलीखेल देखि करिब २० कि.मी.को दुरीमा छ । भकुण्डेबेंसी यो नगरपालिकाको केन्द्र हो । यो नगरपालिका साविकका ८ गा.बि.स.हरु मथुरापाटी, फुलबारी, मेथिनकोट, कानपुर कालापानी, खनालथोक, पुरानोगाउँ दाप्चा, छत्रेबाँझ दाप्चा, डराउने पोखरी र श्यामपाटी सिमलचौर मिलाएर निर्धारण गरिएको हो । यस नगरपालिकालाई ११ वटा वडाहरुमा विभाजन गरिएको छ ।

अधिकांश भूगोल कृषि विकासका लागि उपयुक्त छ। यस नगरलाई माझ पारेर निमार्ण भएको धुलिखेल देखि बर्दिवास सम्मको वि.पी लोकमार्गको कारण व्यापार र व्यवसायका लागि समेत प्रचुर सम्भावना बोकेको र नगरपालिकाको आर्थिक सम्बृद्धिको लागि महत्वपूर्ण पूर्वाधारका बनेको छ। कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा रहँदै आएका यस नगरपालिकामा ब्राम्हण क्षेत्री र तामाङ्ग नागरिकहरु छन् र उनीहरु हिन्दु, बौद्ध र इशाई धर्म मान्दछन । भौगोलिक रुपमा मध्यम स्तरिय पहाडी धरातल रहेको यस नगरमा मानव बसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन् । यातायातको सुविधाका कारण धुलिखेल, बनेपा र काठमाडौं उपत्यका समेत नजिक भएकोले उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उत्पादनहरु सहजै ती शहरका बजार क्षेत्रमा खपत हुने र द्रुत आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको सम्भावना देखिन्छ। नमोबुद्ध, दाप्चा, फुलवारी, मेथिनकोट, भकुण्डेबेसी लगायतका विभिन्न ऐतिहासिक स्थलहरुमा कृषि, व्यापार, व्यवसायका लागि प्रचुर सम्भावना छन् । आज भन्दा करिब ६ हजार बर्ष पहिले यस क्षेत्रमा सिंघत छेन्पो नाम गरेका राजाले राज्य गर्थे । उनका ३ भाई छोराहरु क्रमस: जेठा, माइला र कान्छा ड्राआ छेन्पो, लाहा छेन्पो, सेमचेन छेल्पो थिए । जेठा र माईला राजकाज एवं युद्धकलामा निपूर्ण रहेका र कान्छा छोरा सुशील, दयालु र सहनशील स्वभावका थिए। उनै कान्छा छोरा सेमचेन छेल्पोले पाँच ओटा डमरु सहितको बघिनी भोको र अचेत रुपमा सुतिरहेको अवस्थामा देखि आफ्नो तिघ्राको मासु टुक्राटुक्रा पारी, छाती खोपेर रगत निकाली बघिनीलाई खुवाएको किम्वदन्ती रहेको छ। ती राजकुमार सेमचेन नै पछि गएर गौतम बुद्ध बनेको, पाँचवटा बघिनीका बच्चाहरु शिष्य भएको र उक्त घटना भएको स्थान नै प्रवित्र धार्मिक स्थल नमोवुद्ध रहेको इतिहास रहेको छ । बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्लामा पर्ने नमोबुद्ध नगरपालिकाको नामाकरण राजकुमार सेमचेन र प्रसिद्ध धार्मिक स्थल नमोवुद्धको नामबाट भएको छ ।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

यस नमोबुद्ध नगरपालिकाको कुल क्षेत्रफल १०२ वर्ग कि.मि. रहेको छ। समुन्द्री सतहबाट ८३५ मिटर देखि २०१० मिटर सम्मको उचाईमा अवस्थित यस नगरपालिका साविकका ८ वटा गाविसहरु मथुरापाटी, फुलवारी, मेथिनकोट, कानपूर कालापानी, खनालथोक, पुरानोगाउँ दाप्चा, छत्रेबाँभ्ह दाप्चा, डराउने पोखरी र श्यामपाटि सिमलचौर मिलाएर बनाईएको छ । यस नमोबुद्ध नगरपालिका भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातलमा रहेको छ । यहाँको हावापानी मध्यम (समशितोष्ण) पहाडी वातावरण रहेको छ। यस नमोबुद्ध नगरपालिकाको पुर्वमा तेमाल गाउँपालिका, पश्चिममा धुलिखेल नगरपालिका र पनौति नगरपालिका, उत्तरमा पाँचखाल नगरपालिका र धुलिखेल नगरपालिका र दक्षिणमा रोशी गाउँपालिका र बेथानचोक गाउँपालिका पर्दछ । संसदीय निर्वाचन प्रयोजनका आधारमा प्रतिनिधि सभाका लागि २ र प्रदेश सभाका लागि २ 'क' र 'ख' क्षेत्र निर्धारण गरिएको छ।

### २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

प्राकृतिक तथा साँस्कृतिक सम्पदा तर्फ यस नगरपालिकामा नमोबुद्ध मन्दिर, वनजंगल र अधिकांश भूगोल कृषि विकासका लागि उपयुक्त छ । यस नगरलाई माझ पारेर निमार्ण भएको धुलिखेल देखि बर्दिवास सम्मको वि.पी लोकमार्गको कारण व्यापार र व्यवसायका लागि समेत प्रचुर सम्भावना बोकेको र नगरपालिकाको आर्थिक सम्बृद्धिको लागि महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको छ । कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा रहेको यस नगरपालिकामा ब्राम्हण क्षेत्री र तामाङ्ग नागरिकहरु छन् र उनीहरु हिन्दु, बौद्ध र इशाई धर्म मान्दछन । भौगोलिक रुपमा मध्यम स्तरिय पहाडी धरातल रहेको यस नगरमा मानव बसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन् । यातायातको सुविधाका कारण धुलिखेल, बनेपा र काठमाडौं उपत्यका समेत नजिक भएकोले उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उत्पादनहरु सहजै ती शहरका बजार क्षेत्रमा खपत हुने र द्रुत आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको सम्भावना देखिन्छ । नमोबुद्ध, दाप्चा, फुलवारी, मेथिनकोट, भकुण्डेबेसी लगायतका विभिन्न ऐतिहासिक स्थलहरुमा कृषि, व्यापार, व्यवसायका लागि प्रचुर सम्भावना छन् । नागरिकहरुको मुख्य पेशा कृषि, पशुपालन, ब्यापार, उद्दम, ज्याला मजदुरी, नोकरी र बैदेशिक रोजगार रहेका छन् । बनेपा, धुलिखेल, काठमाडौं जस्ता शहरहरुसंग जोडिएकोले पनि ति क्षेत्रमा भएका विकास निर्माण, सामाजिक, आर्थिक बिकासको प्रभाव पनि यस नगरपालिकामा परेको छ ।

### २.१.३ जनसाङ्खिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार नमोबुद्ध नगरपालिकाको कूल जनसंख्या २६१६० रहेको छ । यसमा महिलाको जनसंख्या १३६६४ र पुरुषको जनसंख्या १२४९६ रहेको छ । त्यसैगरी जनगणना २०६८ अनुसार कूल जनसंख्या २९५१९ रहेको देखिन्छ । जसमा महिलाको अंश करीव ५३.९१ र पुरुषको करीव ४६.०९ रहेको देखिन्छ। वडागत रुपमा सवैभन्दा वढी जनसंख्या भएकोमा २ वडा पर्दछ । यसपछिको धेरै जनसंख्या भएका वडामा ७ वडा पर्दछ। सवैभन्दा न्यून संख्यामा वसोवास रहेको वडाहरुमा वडा नम्वर ६ र सो पश्चात १ रहेको देखिन्छ ।

जनगणना २०७८ को जनगणना अनुसार उमेर समूहमा ४ वर्ष सम्मका वालवालिकाहरुको संख्या १७२४ रहेको छ भने ७५ वर्ष माथिका ज्येष्ठ नागरिकहरुको संख्या ९६८ रहेको छ ।

**तालिका: ०१**
**जनसंख्या विवरण**

| वडा नं. | जम्मा जनसङ्ख्या | पुरूष | महिला | परिवार सङ्ख्या | क्षेत्रफल (व.किमि) |
|---|---|---|---|---|---|
| १ | १६११ | ७७६ | ८३५ | ४३६ | ५.७४ |
| २ | ३८३९ | १८३४ | २००५ | १००६ | १२.३६ |
| ३ | २१३३ | ९९६ | ११३७ | ५७१ | ७.७४ |
| ४ | २४६३ | ११९८ | १२६५ | ६२१ | १३.६६ |
| ५ | ३३०५ | १६३८ | १३६७ | ९१५ | १८.७६ |
| ६ | १३१९ | ६२१ | ६९८ | ३६० | ५.२२ |
| ७ | ३६६३ | १७८६ | १८७७ | १००८ | ७.६ |
| ८ | १९१३ | ८६७ | १०४६ | ५५७ | ८.६४ |
| ९ | १६८४ | ७६० | ९२४ | ५३० | ९.२३ |
| १० | १८३० | ८९९ | ९३१ | ४८४ | ४.३८ |
| ११ | २४०० | ११२१ | १२७९ | ६६० | ९.०५ |
| **जम्मा** | **२६१६०** | **१२४९६** | **१३६६४** | **७१४८** | **१०२** |

स्रोत : राष्ट्रिय जनगणना २०७८

त्यसैगरी आश्रित परिवार (१९ वर्ष सम्म र ६४ वर्ष माथि) को संख्या १०९०७ अर्थात कूल संख्याको करीव ४२ प्रतिशत रहेको पाइन्छ भने आर्थिक रुपमा सक्रिय जनसंख्या (२०-६४ वर्ष) १५२५३ अर्थात कूल संख्याको करीव ५८ प्रतिशत रहेको पाइन्छ । यस नमोबुद्ध नगरपालिकामा उमेर समूह अनुसार युवा वर्ग (२०-४४ वर्ष) को जनसंख्या ९४५२ अर्थात कूल संख्याको ३६ प्रतिशत रहेको पाइन्छ । उमेर समूह अनुसार सवैभन्दा वढी जनसंख्या भएका समूहहरुमा १५-१९ जसमा २२८८ रहेको पाइन्छ भने सवैभन्दा कम जनसंख्या ९५ वर्ष भन्दा माथि उमेर समूह पर्दछ, जसमा जम्मा २३ जना मात्र जनसंख्या रहेको छ ।

**तालिका नं. २: लिंगको आधारमा उमेर समुह सम्बन्धी जनसंख्या विवरण**

| उमेर समुह | पुरुष संख्या | महिला संख्या | जम्मा | उमेर समुह | पुरुष संख्या | महिला संख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ०-४ | ९३५ | ७८९ | १७२४ | ५०-५४ | ७०९ | ८९८ | १६०७ |
| ५-९ | १०१८ | ९८३ | २००१ | ५५-५९ | ६५० | ७२० | १३७० |
| १०-१४ | १०८० | ११२२ | २२०२ | ६०-६४ | ६१७ | ७३५ | १३५२ |
| १५-१९ | १०८५ | १२०३ | २२८८ | ६५-६९ | ५०० | ५०९ | १००९ |
| २०-२४ | ९२० | १०८९ | २००९ | ७०-७४ | ३३७ | ३७८ | ७१५ |
| २५-२९ | १००० | १०९५ | २०९५ | ७५-७९ | २३१ | २४३ | ४७४ |
| ३०-३४ | ९४० | ९७६ | १९१६ | ८०-८४ | १४२ | १४९ | २९१ |
| ३५-३९ | ८१० | ९७५ | १७८५ | ८५-८९ | ६७ | ७० | १३७ |
| ४०-४४ | ७५७ | ८९० | १६४७ | ९०-९४ | १९ | २४ | ४३ |
| ४५-४९ | ६६९ | ८०३ | १४७२ | ९५ माथि | १० | १३ | २३ |
| स्रोत: जनगणना २०७८ | | | | जम्मा | १२४९६ | १३६६४ | २६१६० |

**पिरामिड नं. १**



## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि/पशु :

खाद्यान्न उत्पादनका लागि नमोबुद्ध नगरपालिका एक उपयुक्त भूमि हो। चिम्ट्याइलो, दोमाट तथा वलौटे माटोका कारण खेतीपातीका लागि उपयोगी भएतापनि जग्गा प्लटिङ गरी घडेरीका लागि बिक्री वितरण गर्ने अभ्यासवाट केही वाँकी भूमिमा मात्रै खासगरी तरकारी उत्पादन हुँदै आएको पाइन्छ र वेमौसमी तरकारी टनेल खेती व्यवसायिक रुपमा हुँदै आएको पाइन्छ । तरकारी खेतीमा मुख्यगरी आलु, काउली, वन्दा, फर्सी, काँक्रो र टमाटरहरु पर्दछन । यसरी उत्पादन हुने तरकारीहरुको वार्षिक उत्पादन करीव ७५६८ मे.टन हुने गरेको पाइन्छ भने फलफुलको वार्षिक उत्पादन करीव १४४१ मे.टन हुने गरेको र सोको विकी वितरणवाट करीव रु.२.१९ करोड भन्दा माथि प्राप्त हुने गरेको अभिलेख नगरपालिकामा रहेको छ । यसका अलवा नगरपालिका क्षेत्रमा दुधको उत्पादन हुँदै आएको छ । दैनिक रुपमा १३ हजार लिटर दुध उत्पादन भई विकी वितरण हुँदै आएको छ । नगरपालिकामा सक्रिय कृषक समुह ८८ वटा रहेका छन् ।

तालिका : ०३
कृषि उपजहरु विवरण

| विवरण | इकाइ |
|---|---|
| धान (मे.ट) | ४२२१.२ |
| गहुँ (मे.ट) | २२६४.२२ |
| मकै (मे.ट) | ६३५७.५ |
| तरकारी (मे.ट) | ७५६८ |
| फलफुल (मे.ट) | १४४१ |
| दुध उत्पादन (लि.) | १३००० प्रति दन |

स्रोत : नगरपालिका अभिलेख, २०७८

### २.२.२ पर्यटन तथा संस्कृति

पर्यटन विकासका लागि नमोबुद्ध नगरपालिकाको नमोबुद्ध मन्दिर एक प्रमुख आकर्षक केन्द्र हो । प्राकृतिक सौर्न्दयता अवलोकन नै यस क्षेत्रको मुख्य विशेषता हो । नमोबुद्ध आफैमा एक साँस्कृतिक र ऐतिहासिक क्षेत्रको रुपमा ग्रहण गर्ने गरिन्छ । कालिका मन्दिर दाप्चा, श्री कृष्ण मन्दिर दाप्चा, जगवैजेश्वर मन्दिर, नौबिसे, भिमसेन स्थान, दाप्चा, अमर अखण्ड हरिनाम संकीर्तन, फूलबारीको मथुरेश्वर, श्यामपाटीको शिव मन्दिर, रक्तकाली मन्दिर, कालिका मन्दिर कालापानी कानपुर, धुँवाकोट देवी मन्दिर, भैरव कुण्ड, सातमूल बोहोरे, रेन्जेन दोर्जे स्मृती प्रतिष्ठान (कोट तेमाल), बुच्चाकोट भगवती जस्ता विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरु यस नगरपालिका क्षेत्र भित्र रहेका छन् । यस धार्मिक स्थलहरुमा विभिन्न चाडपर्वअनुसार विशेष पुजा हुने गरेको पाइन्छ ।

### २.२.३ उद्योग व्यापार व्यवसाय र आपुर्ति

यस नमोबुद्ध नगरपालिका क्षेत्रभित्र ७७ वटा साना, ठूला, लघु, घरेलु र मझौला उद्योगहरु सञ्चालनमा रहेको पाइन्छ । यसैगरी नगरपालिकामा दर्ता र नियमित नविकरण गर्ने उद्योग तथा व्यवसायहरुको संख्या ५२८ रहेको छ । तरकारी, फलफुल, खाद्यान्न लगायत अत्यावश्यक उत्पादनहरुको नियमित अनपुर्ति तथा विक्री वितरणका लागि यस नगरपालिकामा १ वटा बजार केन्द्र रहेको छ ।

त्यसैगरी नगरपालिका क्षेत्रभित्र वैंक, वित्तीय संस्था एवं सहकारीहरु पनि क्रियाशिल छन । यसका साथै यस नगरपालिकामा वैंक ४ वटा र सहकारी संस्थाहरुहरु ११७ वटा रहेको पाइन्छ । नगरपालिकामा वाहिरी क्षेत्रहरुवाट खाद्यान्न, लत्ताकपडा लगायत दैनिक उपभोग्य उत्पादनहरु देश तथा विदेशहरुवाट आयात भई नगरपालिका क्षेत्रभित्र आपूर्ति हुँदै आएको पाइन्छ । विहान देखि वेलुकी सम्मका मानव जीवनमा आवश्यक पर्ने सवै प्रकारका उपभोग्य वस्तुहरु निर्वाद विक्री वितरण र नगरपालिका क्षेत्रभित्र उपलव्ध हुँदै आएको छ । निर्यात तर्फ नगरपालिका क्षेत्रवाट वाहिर जाने उत्पादनहरुमा तरकारी र दुध मात्रै रहदै आएको पाइन्छ । यस अनुसार आयात निर्यातको अनुपात ५:१ रहेको पाइन्छ ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तिय सेवा

यस नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार करिब ८५.९ प्रतिशत जनसंख्या रोजगारीमा सक्रिय रहेको पाइन्छ । नगरपालिकामा सक्रिय पुरुष रोजगारी ८८.७ प्रतिशत रहेको छ भने ८३.३ प्रतिशत महिला रोजगारीमा सक्रिय भएको पाइन्छ । आम्दानीका स्रोतहरूमा कृषि, पशुपालन, व्यापार, नोकरी र केहि वैदेशिक रोजगारी समेत भएको देखिन्छ । कृषिबाटै नगरपालिका वासीलाई आत्मनिर्भर बनाउन र उत्पादनमा जोड्न विभिन्न खालका अनुदान तथा विउमल वितरण, हाते ट्र्याक्टर वितरण, उन्नत जातका बाख्रा, मौरीका घार, आधुनिक मासुपसल सुधार, बाली संरक्षणका सामाग्री वितरण लगायत किसानलाई प्रत्यक्ष उत्पादनसँग जोड्ने कार्यक्रम नगरपालिकामा सञ्चालनमा छन । यस्ता कार्यक्रमहरूले नगरवासीको आम्दानीमा बृद्धि गरको पाईन्छ भने स्थाई र अस्थाई दुवै किसिमका रोजगारिको सृजना समेत भएको छ । त्यसेगरि वैंक क्षेत्रतर्फ यस नगरपालिकामा ४ वटा वैंकहरुले वीत्तिय सेवाहरु प्रदान गरिरहेका छन् ।

### २.२.५ सहकारी

यस नगरपालिका भित्र करिब ११७ वटा सहकारी संस्थाहरु रहेका छन्, जसमा १२४७७ जनाको सक्रिय सदस्यता रहेको पाईयो । राज्यले प्रदान गर्ने सुलभ कर्जाका लागि बैकमा नागरिकको पहुँच नपुग्ने भएकोले सहकारीको माध्यमबाट सुलभ कर्जा प्रवाह गरी व्यवसाय तथा रोजगारीमा नागरिकको पहुँच बढ्न गएको पाईन्छ । यस नगरपालिकामा कार्यरत सहकारीहरूले उत्पादन क्षेत्रमा लागेका कृषक अथवा व्यबसायीहरूलाई सुलभ कर्जा उपलब्ध गराई रहेकाछन । यस्ता कर्जाहरूमा स्वालम्वन कर्जा, उद्यम कर्जा, महिला उद्यमी कर्जा प्रमुख छन । यस नगरपालिकामा स्थापना भएका सहकारीहरू विभिन्न प्रकृतिका भएपनि सहकारीले गर्ने लगानीको क्षेत्र भने एउटै पाइएको छ । अधिकांश सहकारी संस्थाहरूले व्यवसायमा ऋण लगानी गर्ने गरेका छन् ।

## २.३ सामाजिक विकासको अवस्था

सामाजिक विकासको अवस्थालाई मापन गर्ने, त्यसलाई महसूस गर्ने र त्यसको सहज उपयोग गर्न सकिने अवस्थाको सिर्जना सामाजिक विकासवाट मात्र संभव रहन्छ । सामाजिक विकास ज्यादै व्यापक अर्थमा प्रयोग हुने अवस्था हो । नमोबुद्ध नगरपालिकामा हाल सम्म संचालित तथा विकसित सामाजिक विकासको अवस्थालाई यसभित्र समेटिएका छन ।

### २.३.१ स्वास्थ्य तथा पोषण

स्वास्थ्य संस्थाहरूबाट दिईने सेवाहरू प्रतिकारात्मक सेवा, प्रबर्धनात्मक सेवा, उपचाररात्मक सेवालाई व्यवस्थित गर्दै गईएकोछ । नमोबुद्ध नगरपालिकाले गर्भवती, सुत्केरी र शिशुको स्वास्थ्य स्याहार तथा पोषण कार्यक्रम सफल पारेको छ । नगरपालिकाभित्रका सबै स्वास्थ्य केन्द्र र अस्पतालबाट सबै वडामा गर्भवती महिला, सुत्केरी तथा नवजात शिशु स्याहार तथा पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरी कुपोषण न्यूनीकरणमा समेत पहिलो चरणको काम सफल भएको छ । हाल गर्भवतीको स्वास्थ्य परीक्षण, सुत्केरी गराउने र आमा तथा नवजात शिशु स्याहारका लागि बाहिर जानुपर्ने अवस्थाको कमि भएको छ । मातृशिशु मृत्यूदर घटाउने र स्वस्थ मानव सहर बनाउने उद्देश्य नगरपालिकाको रहेको छ ।

**तालिका : ०४**
**स्वास्थ्य अवस्था**

| विवरण | अवस्था |
|---|---|
| ➧ ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घरपरिवार प्रतिशत | ९५ |
| ➧ क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | ८२ |
| ➧ दक्ष प्रसुतीबाट गराईएको जन्म प्रतिशत | ४० |
| ➧ स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती प्रतिशत | ४० |
| ➧ पूर्ण रुपमा सबै प्रकारका खोप लगाउने वालवालिका प्रतिशत | ९६.१ |
| ➧ औषत आयु वर्ष (जन्म हुँदाको)) | ७१ |

स्रोत : नगरपालिका अभिलेख, २०८०

यस नगरपालिकामा विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र वा अस्पताल जाने जनसंख्या २५७५२ रहेको छ । ३० मिनेट भित्र स्वास्थ्य सेवामा पहुँच भएका जनसंख्या शत प्रतिशत रहेको छ ।

तालिका : ०५
शिक्षा अवस्था

| विवरण | अवस्था |
|---|---|
| साक्षरता प्रतिशत | ९६.४ |
| निरक्षरता प्रतिशत | ३.६ |
| आधारभूत तह खुदभर्ना दर प्रतिशत | ९४ |
| शिक्षक विद्यार्थी अनुपात आधारभुत | १:१८ |
| शिक्षक विद्यार्थी अनुपात माध्यामिक | १:२३ |
| स्रोत : नगरपालिका अभिलेख, २०८० | |

### २.३.२ शैक्षिक विकास
समग्रमा नगरपालिकाको ५ वर्ष माथिकाको साक्षरता दर ९६.४ प्रतिशत रहेको छ भने निरक्षरता दर करीव ३.६ प्रतिशत रहेको छ । आधारभुत तहको खुद भर्नादर ९४ प्रतिशत रहेको छ ।

### २.३.३ खानेपानी तथा सरसफाई
नगरपालिका बाट प्राप्त भएको तथ्याङ्क अनुसार यस नगरपालिका भित्र सुरक्षित खानेपानी पहुँच भएको घरपरिवार ८७ प्रतिशत रहेको छ, त्यसैगरी निजी पाइपलाईन धारा जडान भएका घरपरिवार जम्मा २९ प्रतिशत रहेको छ । अझैपनि कुवा, मुल, ढुङ्गेधाराको पानी उपयोग गर्ने घरपरिवार जम्मा १२ प्रतिशत रहेको छ भने नदी। खोला र कुलोको पानी उपयोग गर्ने घरपरिवार ३ प्रतिशत रहेको छ ।

सरसफाइतर्फ नगरपालिकाका सवै वडाहरुलाई खुल्ला दिसामुक्त घोषणा गरिएको छ। करीव ९८.३ प्रतिशत घरधुरीमा शौचालय रहेको पाइन्छ भने करीव १.७ प्रतिशत घरधुरीमा अझै पनि शौचालयको व्यवस्था छैन । शौचालयहरु फ्लस भएको सार्वजनिक ढलसंग तथा सेफ्टि ट्याङ्कीमा जोडिएको र केही साधारण शौचालयहरु पनि नगरपालिका क्षेत्रभित्र पाइन्छ । यस नगरपालिका क्षेत्रभित्र २ वटा सार्वजनिक शौचालय पनि रहेको छ । त्यसैगरी फोहोरमैला व्यवस्थापनका लागि स्रोत वाटै फोहोर संङ्कलन गर्ने गरेको पाइन्छ भने केही घरधुरीले आफ्नै कम्पाउण्डमा, फोहोर थुपार्ने ठाउँमा र केहीले नदी खोल्साहरुमा समेत फोहोर फाल्ने गरेको पाइन्छ ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :
नगरपालिकामा महिला प्रतिनिधिहरुको उपस्थिति करीव ३८ प्रतिशत रहेको छ । यसरी प्रतिनिधित्व गर्ने जनजाति तथा दलित महिलाहरुमा तामाङ, परियार, हिङमाङ, राई, नेपाली, नगर्ची, सुनार, विश्वकर्मा, महर्जन, प्रजापती, सुनुवार पर्दछन । कार्यपालिका अन्तर्गत वनेका समिति तथा उपसमितिहरुमा महिलाहरुको प्रतिनिधित्व हुँदै आएको छ । नगरपालिका क्षेत्रभित्र सवै वडाहरुमा आमा र महिला समूह, महिला सहकारी संस्थाहरु क्रियाशील रहेका छन । यसका साथै कृषक समूह, वन समूह, सहकारी, टोलसुधार समितिहरु पनि महिलाहरुको उपस्थिति वाक्लै छ । त्यसैगरी महिला सशक्तीकरणका लागि उद्यम सञ्चालन कार्यक्रम र सीप अभिवृद्धि तालिम कार्यक्रम हरु पनि सञ्चालनमा छन ।

नगरपालिकावाट लक्षित वर्ग (महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका) लागि हरेक वर्ष वजेट विनियोजन हुँदै आएको पाइन्छ । महिला उद्यमशीलता तथा क्षमता विकासका लागि, अपाङ्गता भएकाहरुको शिक्षा, स्वास्थ्य, क्षमता विकासका लागि पनि हरेक वर्ष वजेट विनियोजन हुँदै आएको पाइन्छ भने लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी रकम जम्मा हुँदै आएको छ । नगरपालिका क्षेत्रभित्र वालक्लव, वाल संजालहरु स्थापित भएको छ । ज्येष्ठ नागरिकहरुको हेरचाह गर्ने उद्देश्यले हेरचाह केन्द्र, दिवा सेवा, स्वास्थ्य परीक्षण जस्ता कार्यहरु स्थानीय संस्थाहरुवाट संचालनमा ल्याइएको छ । तापनि वालविवाह, वहुविवाह, लैङ्गिक हिंसा, दुर्व्यवहार, वेचविखन, छुवाछुत जस्ता घटनाहरु अझै पनि न्यूनीकरण एवं नियन्त्रण हुन सकिरहेको छैन ।

### २.३.५ युवा तथा खेलकुद
नगरपालिकाले युवाहरूलाई उद्यमी तथा स्वरोजगार बनाउनका लागि वार्षिक रूपमा बजेट बिनियोजन गरी यूवा रोजगारीको विषयलाई निकै महत्वका साथ हेरेको पाईन्छ ।

## २.४ पूर्वाधारको अवस्था

नगरपालिकाको समग्र विकास कृयाकलापहरू संचालन गर्न पूर्वाधार एक महत्वपुर्ण आधार हो, यसैका माध्यमवाट व्यवस्थित सहरी विकासको संभावना उजागर हुन्छ। सडक यातायात विशेषगरी राष्ट्रिय राजमार्ग, जिल्ला सडक, नगरपालिका स्तरीय सडक र स्थानीय वस्तिहरू सम्म पुग्ने सडहरू नै यस नगरपालिका मुख्य यातायातका साधनहरू हुन्। यस नगरपालिकाका सवै वडाहरूमा सडक यातायात, सन्चार, विद्युतको सुविधा रहेको छ। प्रमूख सडकहरूमा पक्की पूलहरू तथा कल्भर्ट आदिको व्यवस्था गरिएको छ। यद्यपी यी सवै साधनहरू प्रयाप्त नरहेको अवस्था विद्यमान छ।

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

नगरपालिकाको करीव ७४.५ प्रतिशत जनसंख्या शहर क्षेत्रमा वसोवास रहेको अभिलेखमा उल्लेख छ। वढ्दो जनसंख्या वृद्धि र वाह्य क्षेत्रवाट हुँदै आएको वसाइसराइवाट व्यवस्थित शहरीकरणमा समस्या क्रमिक रुपमा जटिल वन्दै गएको छ। जग्गाको खण्डीकरण भई आवसीय क्षेत्रहरु भूउपयोग योजना नभई विस्तारले अरु जटिलता थपिदै गएको छ। करीव ४१७१ घरधुरीहरु भूकम्प प्रतिरोधात्मक छन। राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिका भित्र करीव ९३.८ प्रतिशत घरपरिवार आफ्नै स्वामित्वमा भएको घरमा वस्ने गरेका छन भने वाँकी परिवार भाडाका घरमा वस्ने गरेको पाइन्छ।

### २.४.२ सडक, पुल तथा यातायात :

नगरपालिकामा उपलव्ध अभिलेख अनुसार नगरपालिका क्षेत्रभित्र करीव ३९९ किमि लम्वाइका सडक खण्डहरु निर्माण भएका छन। यसरी निर्माण भएका सडकहरु कालोपत्रे गरिएको सडकको लम्वाइ ९ किमि, ग्राभेल गरिएको सडकको लम्वाइ १३५ किमि र धुले सडकको लम्वाइ २५५ किमि रहेका छन। तुलनात्मक रुपमा धुले सडकको लम्वाइ वढी रहेको देखिन्छ। नगरपालिकाका सवै वडा तथा अधिकांश वस्तीहरुको मोटर वाटोमा पहुँच रहेको देखिन्छ। यस नगरपालिकामा २ वटा पक्की पुल र ९ वटा सहायक नदीको झोलुङ्गे पुल रहेको छ।

**तालिका : ०६**
**यातायात पूर्वाधार सम्वन्धी विवरण**

| क्र.सं | विवरण | एकाई | लम्वाइ |
|---|---|---|---|
| १ | पिच सडक(राजमार्ग बाहेक) | कि.मि. | ९ |
| २ | ग्राभेल सडक | कि.मि. | १३५ |
| ३ | धुले सडक | कि.मि. | २५५ |

स्रोत : नगरपालिका अभिलेख, २०७८

सार्वजनिक यातायातका सुविधाहरुको उपलव्धताले काठमाडौ उपत्यका लगायत देशका कुनाकाप्चाहरुमा पुग्न नमोबुद्ध नगरवासीहरुलाई कुनै अप्ठ्यारो छैन।

### २.४.३ विद्युत तथा वैकल्पिक उर्जा

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस नगरपालिकामा ९८.९ प्रतिशत घरपरिवामा विद्युत सेवा उपलव्ध छ। राष्ट्रिय विद्युत प्रशारण लाइनवाट यसप्रकारको सेवा उपलव्ध भएको पाइन्छ। वैकल्पिक ऊर्जा खासगरी सौर्य ऊर्जा प्रयोग गर्ने घरपरिवार ०.८ प्रतिशत रहेको पाइन्छ। यस नगरपालिकामा वायोग्याँस जस्ता वैकल्पिक ऊर्जाका प्रयोग करिव १.६ प्रतिशत घरपरिवारले गरेको पाइन्छ।

### २.४.४ सुचना, सञ्चार तथा प्रविधि

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार ९५ प्रतिशत घरपरिवारसंग मोवाइल फोन रहेको छ। इन्टरनेट सेवा सुविधा करीव ३७.८ प्रतिशत घरपरिवारमा पुगेको छ भने सञ्चारका कुनै एक साधन उपलव्ध घरधुरीहरु करीव ९६.१ प्रतिशत छ। सञ्चारका साधनहरुमा एफएम रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन खवर पत्रिकाहरु क्रियाशील छन। नगरपालिका क्षेत्रभित्र एफएम रेडियो सेवा, टेलिभिजन प्रशारण सेवा, पत्रपत्रिका सेवा जस्ता सुविधाहरु काठमाडौ उपत्यकावाट प्राप्त हुँदै आएको छ। नगरपालिका क्षेत्रका विभिन्न स्थानहरुमा सिसि क्यामरा जडान गरेको छ।

## २.५ वन वातावरण तथा विपद व्यवस्थापन
### २.५.१ वन तथा जैविक विविधता :

नमोबुद्ध नगरपालिकामा रहेका विभिन्न किसिमका वनस्पतिहरूको अध्ययन, अनुसन्धान हुन जरूरी छ । यसैगरी वन क्षेत्रभित्र रहने किराफट्याङ्गा, घस्रने जीवजन्तु, विभिन्न पुतलीहरू साथै जंगली जनावरहरू समेत रहेका छन । तर, यसको व्यवस्थित अध्ययन अनुसन्धान हुन सकेको छैन भने समतल भागमा भएको जङ्गलक्षेत्र पनि फाँडेर बस्ती बसेको छ । केही संरक्षित बनको रूपमा रहेका ठाउँमा घना वनक्षेत्र रहेको छ ।

### २.५.२ भुसंरक्षण तथा जलाधार क्षेत्र :
वस्थ एवं समृद्ध जलाधार क्षेत्रले पानीको श्रोतलाई बचाउँदछ, वनजंगल, रूखविरुवा, जीवजन्तु, जनावरहरूलाई जोगाउँदछ भने माटोलाई मलिलो बनाउन मद्दत पुर्याउँदछ र आफैंमा समृद्ध समुदायको स्थापना गराउँदछ । तथापि यस नगरपालिकाका  जलाधार क्षेत्रमामा भएका ठूला परिवर्तन जस्तैः रुख विरुवाको कटानी, झारपातहरूको फंडानी फोहरमैलाको अब्यबस्थित विसर्जनले जलाधार क्षेत्रमा क्षति पुगेको छ र यसले पानीको स्रोतलाई पनि क्षति गरेको छ ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन
वातावरणीय विनास र जलवायु परिवर्तनका असरहरू यस नगरपालिकामा देखापर्न थालिसकेका छन् र बढ्दै पनि गइरहेका छन । यसको न्यूनीकरण र अनुकूलन कार्यमा सीमितता रहेकोले क्षति तथा नोक्सानी हुनबाट मानवीय तथा प्राकृतिक श्रोतलाई सम्बोधन गर्ने नगरपालिका दृष्टिकोणको आवश्यकता छ । वढदो सहरीकरणको कारणले यहाँ फाहोरमैला व्यवस्थापन तथा प्रदुषणको चुनौती दिनप्रतिदिन बढदै गईरहेको छ ।

### २.५.४ माहामारी तथा विपद् व्यवस्थापन
नेपालको संविधान बमोजिम विपद व्यवस्थापन स्थानीय तहको एकल अधिकारका साथै संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारमा पर्दछ । स्थानीय सरकार नागरिकको नजिकको सरकार भएको र विपदबाट पर्ने धनजनको क्षतिवाट प्रत्यक्ष र नजिकबाट अनुभूति गर्ने सरकार पनि हो। त्यसैले विपद व्यबस्थापनमा स्थानीय तहको प्रमूख भूमिका रहन्छ । बर्षेनी हुने  बाढी, पहिरो, डढेलो, चट्याङ, माहामारी, अतिबृष्टि, अनाबृष्टि आदिबाट बार्षिक ठुलो क्षति हुने गरेको छ । त्यसमा पनि जलवायु परिवर्तनबाट तापक्रममा वृद्धि भई स्थानीय कृषि उत्पादन, जनस्वास्थ्य लगायत नदीहरुमा सुक्खापनको वृद्धि आदि असरले यसलाई थप जटिल बनाएको छ ।

## २.६ सुशासन तथा संस्थागत विकास
नगरपालिकाको समग्र समन्वय र विषयगत निकायहरूको सफलता विद्यमान नेतृत्वमा भर पर्दछ । जसले, सार्वजनिक उत्तरदायित्व र स्थानीय लोकतान्त्रिक पद्धतिलाई स्थानीय तहमा संस्थागत गर्ने प्रयास गरेका हुन्छन । यो  बास्तवमा विकासको सफलताको प्रमुख आधार संरचना हो । यसले जनताका चासोसँग सम्बन्ध राख्ने संस्थाहरू, तिनका प्रतिनिधिहरू र ती संस्थाहरूलाई सञ्चालन गर्न जिम्मेवारी पाएका अधिकारीहरू संस्थागत दक्षता र आफ्नो दायित्वप्रति गम्भीर छन् छैनन् भन्ने प्रश्नको उत्तर नागरिकहरूका लागि स्पष्ट रूपमा दिने गर्दछ । यसका लागि संविधान, ऐन, कानुन वा स्थानीय तहहरूको कार्यसम्पादन नियमावलीमा तोकिएको कार्यभार यथार्थमा अनुसरण हुनु जरूरी छ । तथापि, व्यवहारमा यो भिन्न हुने गर्छ । नीतिगत रूपमा  नगरपालिकाको रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, आयोजना तथा कार्यक्रमको नतीजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली संस्थागत भएको पाईन्छ । यसबाट नगरको एकीकृत विकासमा स्थानीय तथा वाह्य श्रोत साधनको पहिचान तथा परिचालन र नगर विकासका सरोकारवाला (सरकारी, गैर सरकारी, निजी र नागरिक) बीच समन्वय, सहकार्य तथा साझेदारीमा अभिवृद्धि भई विकासका प्रयासहरू व्यवस्थित,

नतीजामूलक तथा प्रभावकारी हुदैं गएको स्पष्ट त छ तर संस्थागत विकास तथा सेवा प्रवाह अन्तर्गत सबै वडामा सार्वजनिक सुनुवाई औपचारिकताका लागि गरिएको हुन्छ ।

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारहरूको व्यवस्था गर्नुका साथै खर्चको जिम्मेवारी र राजस्वको श्रोतहरू समेत प्रदान गरेको छ । बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा नबिनता अबलम्बन गर्न हाल सम्म नगरपालिकाले २८ वटा ऐन ४१ वटा कार्यविधि बनाईसकेको छ । यसलाई मध्येनजर गरी सेवा प्रवाह र कार्य सम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न स्थानीय कानून, नीति र सुशासन, सँगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गरिएको छ ।

### २.६.२ संगठनात्मक विकास

स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा प्रतिबद्ध, सक्षम एवम् नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय शासन प्रणालीलाई सुदृढीकरण गर्न तथा सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नगरपालिकाका ११ वटै वडाहरूलाई कानुन सम्मत अधिकार प्रदान गरिएको छ । जसले संविधान प्रदत्त अधिकारहरूलाई कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवाहरूलाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो बनाउन निरन्तर क्रियाशील रहेका छन् । यसका लागि नगरपालिकाको सँगठन ढाँचा तयार पारिएकोछ, तथापि क्षमता विकासका कामहरू गर्न बाँकिनै छन । यसका अलावा नगरपालिकाले कर्मचारी व्यवस्थापन र अन्तर-सरकार, निजी तथा गैर सरकारी साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिंदै आएको पाईन्छ । यस नगरपालिकामा १४३ जना कर्मचारीहरु रहेका छन् भने २ जना विषय विज्ञ कर्मचारी रहेका छन् ।

### २.६.३ स्रोत परिचालन

राजस्व प्रशासन संचालनका लागि नमोबुद्ध नगरपालिकामा राजस्व शाखा मार्फत काम कारवाहीहरू अगाडी वढाइएको छ । राजस्व अभिवृद्धिकै लागि राजस्व शाखामा कार्यरत कर्मचारीहरूलाई क्षमता विकास तालिम आवश्यक देखिन्छ र लिखित रूपमा स्पष्ट कार्य जिम्मेवारी दिई जवाफदेहिता बनाउनु पर्दछ । करदातहरूलाई करका सम्वन्धमा सुसूचित गराउने संयन्त्र विकास गरिएको छैन । कर तिनुपर्ने कर रकम वारे जानकारी गराउने अभ्यास नगरपालिकावाट हुन सकेको छैन भने कर रकम वारे चित्त नवुझेमा गुनासो सुनुवाइ गर्ने संयन्त्र समेत विकास हुन सकेको छैन । राजस्व शाखावाट राजस्व कार्य प्रक्रिया, चुहावट नियन्त्रणको प्रयास, लक्ष्य तथा असुली व्यवस्थाको प्रभावकारी अनुगमन समेत हुने गरेको पाइदैन । तापनि, करदाताहरूको विवरण कम्प्युटर सफ्टवेयरमा अभिलेख राखिएको छ । समयमै करदाताहरूले कर भुक्तानी नगरिएमा त्यस वापतको जरिवाना लिने व्यवस्था भने गरिएको छ । नगरपालिकाको आफ्नो स्वमित्वमा रहेका स्थायी प्रकृतिका सम्पत्तिहरूको अभिलेख राख्ने गरिएको छ ।

नगरपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरूमा कर तथा गैरकरका रूपमा सम्पत्तीकर, मालपोत, व्यवसायिक कर, घरवहाल कर,जग्गा रजिष्ट्रेसन दस्तुर, सिफारिस दस्तुर, वहाल विटौरी, गिट्टी बालुवा जस्ता रहेका छन् । आर्थिक वर्ष २०७९/०८० मा आन्तरिक आय करिव रू.४ करोड ७२ लाख उठाउने प्रस्ताव गरिएकोमा रू.२ करोड २८ लाख राजस्व प्राप्त भएको छ । राजस्व कम प्राप्त हुनुको प्रमूख कारण करदाताको यथार्थ बिवरण संकलन हुन नसक्नु र करदाताहरूलाई करको दायरामा ल्याएर कर वुझाउने विषयमा सुसुचित गराउन नसक्नु आदि हुन । साथै वार्षिक निति, कार्यक्रम तथा बजेट बनाउदा आयको स्रोत तर्फ नपुग भएको अवस्थामा बजेट पूर्तिका लागि अनुमानित रूपमा आन्तरिक आयमा थप गरिएको पाईएको छ तर लक्ष्य अनुसार राजश्व उठ्न नसक्दा बजेटमा बढी भार परेको देखिन्छ । कर राजस्व तर्फ नगरपालिकाले भूमिकर तथा मालपोत, सम्पत्तिकर, व्यवसायकर, घरजग्गा वहाल करमा संकलन गरेको छ ।

### २.६.४ योजना व्यवस्थापन

प्रभावकारी योजना र सेवा प्रवाहका लागि विश्वसनिय सूचनाको प्रवाह आवश्यक रहन्छ । यसका लागि नगरपालिकामा नागरिक वडापत्रको व्यवस्था भएको छ। यद्यपि सेवाहरूको एकिकृत अनुगमन प्रणालीमा पर्याप्त कमि कमजोरीहरू रहेका छन । तथापी, आवश्यकताका आधारमा बनेका कानुन र तिनले दिएका अधिकारहरूलाई कार्यान्वयन तथा संस्थागत गर्न विभिन्न प्रयासहरू यस नगरपालिकामा भईरहेका छन । यसबाट नगरपालिकाले सम्पादन गरेका कार्य, कार्य सम्पादनको स्तर र गुणात्मकता, सोबाट उत्पन्न प्रभाव एवं सार्वजनिक स्रोतको उपयोगको बारेमा सरोकारवाला र अधिकार प्राप्त वर्ग माफ्र उत्तर दिने परिपाटीको विकास भएको देखिन्छ । तथापी, यसको प्रयोग गर्ने बित्तिकै शासन सञ्चालनमा देखिएका सबै कमी कमजोरी हट्छन भन्न त सकिन्न तापनि समग्रमा आर्थिक, सामाजिक, प्रशासनिक परिवर्तन भई जनतामा परिवर्तनको अनुभूति दिलाउन र विधिको शासन स्थापना गर्दै सुशासन कायम गर्न यसलाई प्रभावकारी किसिमले कार्यान्वयन गर्ने दिशातर्फ उन्मुख भएको देख्न सकिन्छ

# परिच्छेद-तीन :
# दिर्घकालिन सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

विगतको एकात्मक शासन व्यवस्था र केन्द्रमुखी प्रशासनलाई परिवर्तन गरी स्वायत्त शासनको अधिकार सहित शासकिय स्वरूपलाई तिन तहको संरचनामा संघ, प्रदेश र स्थानीय तह गरी तिन तहमा राज्य शक्तिको बाँडफाँड भएको छ। जसले, सुशासनको उपलब्धि प्राप्त गर्न र संविधान प्रदत्त अधिकार अनुरूप तिनै तहका सरकारहरूले आफ्नो अधिकार क्षेत्रभित्र कानुन बनाउने, वार्षिक बजेट तर्जुमा गर्ने, नीति तथा नियमहरूको बनाउन संविधानमा स्थानीय तहलाई बढि अधिकार सम्पन्न गरिएको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन तल्लो तहको सरकारलाई बलियो, सुदृढ र विश्वसनीय बनाउने, स्थानीय सरकारलाई छरितो बनाउने र परिकल्पना नेपालको संविधानले गरेको छ। अतः नमोबुद्ध नगरपालिकाले संविधान प्रदत्त दायित्व तथा अधिकार प्रयोग गरी नगरपालिकाका विकासका समग्र पक्षहरूको बृहत्तर अध्ययन पश्चात् उपलब्ध संभावना, अवसर, समस्या, तथा बाधाहरूलाई मध्यनजर गर्दै दीर्घकालीन सोचका साथ नगर विकास प्रक्रियालाई अघि बढाएको छ।

आवधिक नगर विकास योजना नमोबुद्ध नगरपालिकाको स्वयं र नगरपालिकाका सबै सरोकारवालाहरूको साझा दस्तावेज हो। यसले नगरपालिकावासीहरूको साझा समस्याहरूको पहिचान गर्ने, भविष्यको मार्गदर्शन कोर्ने र सबै सरोकारवालाहरूसँगको समझदारीमा योजना कार्यान्वयन गर्दछ। यसले नगरपालिकाको दीर्घकालीन सोच, नगर विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गर्दै एकिकृत विकासकालागि भविष्यको मार्गचित्र तयार गरेकोछ। यो योजना स्थानगत विशेषताहरूमा आधारित बहुविषयगत योजना तथा विषयगत योजनाहरूका लागि मार्गदर्शक योजना हो।

## ३.२ प्रमुख समस्या तथा चुनौतिहरु

- गरिवी न्यूनीकरण गर्नु
- युवा वेरोजगार घटाउनु
- रोजगारी र शिक्षाको नाममा युवाहरु विदेश पलायनलाई कम गर्नु
- भूमिहीन तथा सुकुम्वासीहरुको व्यवस्थापन गर्नु
- कृषिभूमिलाई खण्डीकरण हुनवाट नियन्त्रण गर्नु
- अव्यवस्थित वसोवास विस्तारलाई नियन्त्रणमा गर्नु
- लैङ्गिक हिंसा, लैङ्गिक विभेद, महिला हिंसाको अन्त्य गर्नु
- प्राकृतिक प्रकोप एवं जलवायु परिवर्तनको क्षतिलाई न्यून गर्नु,

## ३.३ प्रमुख सम्भावना तथा अवसर

- धार्मिक, ऐतिहासिक र सांस्कृतिक धरोहरहरु संरक्षण
- पर्यटकिय क्षेत्र सम्वर्द्धन
- वेमौसमी तरकारीहरु उत्पादन र विकी वितरण
- शिशु तथा वालमृत्यु एवं मातृमृत्युदर न्यूनीकरण
- उल्लेख्य दरमा साक्षरता र उमेर समूहका अधिकांश वालवालिकाहरुको विद्यालयमा सहज पहुँच

- एम्बुलेन्स, आपतकालीन उद्धार सामाग्री, स्वयंसेवकको व्यवस्था
- सवै वस्तीहरुमा आधारभूत भौतिक पूर्वाधारहरुको उपलब्धता
- नगरसभा तथा नगर कार्यपालिकामा र सो अन्तर्गतका समितिहरुमा महिलाहरुको प्रभावकारी उपस्थिति
- सार्वजनिक र निजी भवनहरु भूकम्प प्रतिरोधात्मक निर्माण र भवन संहिता मापदण्डको परिपालना

**३.४ निर्देशक सिद्धान्त**

नेपालको बदलिदो राजनैतिक, सामाजिक र कानूनी आधार, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ लाई समेत ध्यानमा राखेर देहायका निर्देशक सिद्धान्तहरुलाई पालन गरी नमोबुद्ध नगरपालिकाले यो आवधिक योजना तर्जुमा गरेको छ । यो आवधिक योजना कार्यान्वयन गर्दा सवै सरोकारवाला संस्था र निकायहरुले निम्नलिखित विकासका सिद्धान्तहरुलाई अनिवार्य रुपमा अवलम्वन गर्नुपर्ने हुन्छ ।

**(क) जनकेन्द्रीत तथा प्रतिफलमुखि विकास**: नगरपालिकाको विकासका लागि भूगोल, स्थानीय आवश्यकता र प्राथमिकताका आधारका साथै जनसंख्याको सापेक्षतामा प्रतिफलमुखि विकास हासिल गर्ने सिद्धान्त हुनेछ। जनकेन्द्रित विकास गर्दा नगरपालिकावासी तथा यसमा पनि नगरपालिकाका पछाडी परेका महिला, दलित, वालवालिका, अपांगता भएका व्यक्ति र परिवार, जेष्ठ नागरिक, आदिवासी जनजाति, यूवाहरु लक्षित प्रत्यक्ष लाभ लिन सक्ने विकास गतिविधिलाई प्राथमिकता साथ अगाडी बढाइनेछ ।

**(ख) वालमैत्री शासन, लैंगिक तथा सामाजिक समावेशीकरणः** जनकेन्द्रित विकासको एक अभिन्न अंगका रुपमा बालवालिकाको सर्वाङ्गिण विकासका लागि वालमैत्री स्थानीय शासन तथा अपांगमैत्री स्थानीय शासनको अवलम्वन गरिनेछ । महिला तथा दलित वर्गको उत्थानका लागि लैंगिक तथा सामाजिक समावेशीकरण प्रक्रियालाई स्थापित गरिनेछ ।

**(ग) अवसरमा समानता र समान पहुँचः** लक्षित वर्गलाई विकासको प्रमुख भागिदारका रूपमा स्थापित गर्न पछि परेका लक्षित वर्ग समुदाय (महिला, दलित, वालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक) लाई स्थानीय विकास र शासनका प्रक्रियामा प्राथमिकता दिने र सकारात्मक विभेदको व्यवस्था गरिनेछ ।

**(घ) दीगोपना, वातावरण, जलवायू अनुकुलन तथा विपद् व्यवस्थापनमैत्री विकासः** नगरपालिकाको विकास योजनामा दिगोपना, वातावरणमैत्री तथा विपद् व्यवस्थापन संवेदनशीलतालाई अनिवार्य रुपमा सबै योजनाको अभिन्न अंगका रुपमा विश्लेषण तथा अंगीकरण गराइनेछ । प्राकृतिक स्रोत साधनको दोहनलाई प्रभाव मूल्यांकनका आधारमा परिचालन गरिनेछ । स्थानीय योजनाहरुलाई जलवायू अनुकुलनयुक्त बनाउन ध्यान दिइनेछ ।

**(ङ) स्थानीयता तथा विश्वव्यापीकरणः** स्थानीय सम्भाव्यता, साधन स्रोतको उपलब्धता अनुसार प्राथमिकता साथ स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग गरिनेछ साथै विश्वव्यापिकरणका लाभहरुलाई स्थानीय विशिष्टता अनुसार अधिकतम् उपयोग गरिनेछ ।

**(च) संस्थागत विकास तथा सुशासनः** स्थानीय शासनमा जवाफदेहिता, पारदर्शिता, सार्वजनिक सेवा सुविधाको प्रभावकारी वितरणका लागि नगरपालिकाका नेतृत्वकर्ता स्थानीय निकायहरु र साझेदार संघसंस्थाहरू (बिषयगत निकाय र गैसस) समेतको क्षमता विकास कार्यलाई सँगसँगै अगाडी बढाइनेछ र उपयुक्त लगानी गरिनेछ । विकास साझेदारहरुबीचको समन्वय र सहकार्यलाई प्रबर्द्धन  गरिनेछ । स्थानीय विकासमा नागरिक समाज र सञ्चार क्षेत्रको साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

**(छ) स्थानीय स्रोत परिचालन र व्यवस्थापनः** नगर विकासका लागि आवश्यक मानवीय तथा वित्तीय साधन स्रोतको स्थानीय स्तरमा अधिकतम परिचालन गरिनेछ । विभिन्न बिषय क्षेत्रमा दक्ष, सीपयुक्त मानव जनशक्ति उत्पादन तथा

क्षमता विकासका लागि विशेष लगानी गरिनेछ। नगरपालिका विकास कार्यमा उपभोक्ता समितिको भरपुर परिचालन र उपभोक्ता समितिलाई निश्चित आचारसंहिताको पालना गर्न प्रेरित गरिनेछ।

(ज) **निजी तथा सरहकारी क्षेत्रसंगको सहकार्यः** नगरपालिकाको विकास कार्यमा निजी तथा सहकारी क्षेत्रलाई सँगसँगै अगाडी लैजाने पद्धति र प्रक्रियालाई प्राथमिकतासाथ लिइनेछ । स्थानीय कच्चा पदार्थको अधिकतम् उपयोग, स्तरीकरण  बजारीकरण, प्रबिधि तथा सीपको हस्तान्तरणका क्षेत्रमा निजी क्षेत्रलाई काम गर्न उपयुक्त वातावरण तयार गरिनेछ र सार्वजनिक नीजि साझेदारीका आधारमा निजी क्षेत्रको लगानीको संरक्षणमा ध्यान दिइनेछ।

(झ) **अभियानात्मक विकास र सामाजिक न्यायः** नगरपालिकाको द्रुततर विकास तथा सामाजिक न्यायका लागि नियमित विकास प्रक्रिया भन्दा अभियानात्मक विकास गतिविधिलाई अगाडी बढाइनेछ। अभियानात्मक विकासका लागि प्रमुख प्राथमिकताका आधारमा नमूना नगरपालिकाको विकास, महिला माथी हुने भेदभाव विरुद्धका अभियान, दलित माथिको सामाजिक भेदभाव विरुद्धको अभियान, वालविकास र उचित शिक्षाको अभियान, वातावरण संरक्षण, कृषि तथा पशुपालन प्रणालीमा व्यवसायिकरण तथा सुधार, घरेलु उद्योग तथा रोजगारीका अवसर सिर्जना गर्ने क्षेत्रमा केन्द्रित गरिनेछ।

(ञ) **समन्वयात्मक विकासः** नगरपालिकाका विकासका साझेदार निकायहरु (सरकारी, गैरसरकारी, निजीक्षेत्र) बीच समन्वय गरी आवधिक योजनाका प्राथमिकताका क्षेत्रमा लगानी गर्ने तथा नगरपालिकाको नेतृत्वमा एकद्वार विकास पद्धतिलाई थप सुदृढ गर्दै लगिनेछ।

(ट) **आवधिक योजना र बार्षिक योजनाबीच तालमेलः** आवधिक योजनाका प्राथमिकतायुक्त क्षेत्र, बिषयको सम्वोधन गर्ने गरी नगरपालिकाको बार्षिक योजना तर्जूमा तथा कार्यान्वयन प्रक्रियालाई अगाडी बढाइनेछ। योजनाको बार्षिक समीक्षामा आवधिक योजना अनुसार के कति उपलब्धी हासिल भए भन्ने बिषयमा अनिवार्यरूपमा समीक्षा गर्ने र नगरपालिकाले बार्षिक रुपमा बजेट सिलिंग र मार्गदर्शन शाखा तथा वार्डहरूलाई प्रदान गर्दा आवधिक योजनाका प्राथमिकता के के हुन भनि बिषयक्षेत्रलाई समेत सम्वोधन गर्ने गरी पठाउने प्रबन्ध गरिनेछ।

### ३.५ सोच, लक्ष्य तथा उद्देश्य

## सोच

**“कृषि, पर्यटन र व्यापार, समृद्ध नमोबुद्धको आधार”**

## लक्ष्य

रोजगारीका अवसर सिर्जना र आयस्तरमा सुधार, सक्षम र स्वस्थ्य, सभ्य नागरिक निर्माण, पूर्वाधार सुविधामा पहुच वृद्धि र जीवनयापनमा सहजता, जैविक विविधता संरक्षण र प्राकृतिक श्रोतको उपयोग र न्यायोचित वितरण, प्रभावकारी सेवा प्रवाह सहित सुशासन प्रर्वद्धन, क्षेत्रीय तहमा पारस्परिक लाभका लागि साझेदारी र सहकार्यको वातावरण निर्माण गरी

**नागरिकको जीवनस्तरमा सुधार  गर्ने।**

नमोबुद्ध नगरपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय वमोजिम विषयक्षेत्रगत वृहत उद्देश्य निर्धारण गरिएको छ।

क) **आर्थिक विकास :**

स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनवाट आमनागरिकको आर्थिक स्थितिमा सुधार ल्याउनु

**ख) सामाजिक विकास :**

सामाजिक सेवा सुविधाहरुमा सबै वर्ग समुदायको पहुँच अभिवृद्धि गर्दै शिक्षित, स्वस्थ्य र समन्यायिक समाजको निर्माण गर्नु

**ग) पूर्वाधार विकास :**

पूर्वाधारहरुको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आमनागरिकहरुको जन जीवनमा सहजता ल्याउनु

**घ) वन, वातावरण तथा विपद व्यवस्थापन :**

विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्दै दिगो उपयोग गर्नु

**ङ) सुशासन तथा संस्थागत विकास :**

संस्थागत क्षमता अभिवृद्धि गर्दै नागरिकलाई सार्वजनिक सेवा प्रवाहमा प्रभावकारी, पारदर्शि, र सुशासनको प्रत्याभूति गराउनु ।

## ३.६ परिमाणात्मक लक्ष्य

विश्लेषणका आधारमा आ.व. २०८१/८२-२०८५/०८६ सम्म आईपुग्दा नमोबुद्ध नगरपालिकाको अवस्था यहाँसम्म पुग्न सक्दछ भन्ने आधार प्रस्तुत गरिएको छ ।

**तालिका : ७**
**परिमाणात्मक लक्ष्य**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/०८० | लक्ष्य परिमाण | | | | | सूचना को स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **प्रभाव :** आम नागरिक को जीनव स्तरमा सुधार भएको हुने | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६४१ | | | | | | केन्द्रीय तथ्याङ्क विभाग | अन्तर सरकार समन्वय, सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९३१ | | | | | | | |
| | वहुआयामिक गरिवी | प्रतिशत | १२.२ | | | | | | | |
| | निरपेक्षित गरिवी | प्रतिशत | ११ | १०.५ | १० | ९.५ | ९ | ८ | | |
| | प्रतिव्यक्ति वार्षिकआय | अ. डलर | १९१७ | | | | | | नगरपालिका पार्श्व चित्र | |
| | औषत आयु (जन्म हुँदाको) | वर्ष | ७१ | ७१ | ७१ | ७२ | ७२ | ७२ | | |
| | साक्षरता दर | प्रतिशत | ९६.४ | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ | | |
| | वेरोजगारी दर | प्रतिशत | ७.२ | | | | | | | |
| **असर - १** स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनवाट आमनागरिकको आर्थिक स्थितिमा सुधार | रोजगारीमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ३० | ३२ | ३४ | ३६ | ३८ | ४० | नगरपालिका को वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| | पशुपंक्षीको वार्षिक विक्री वृद्धिदर (दुध, मासु अण्डाको कूल) | लिटर । प्रतिशत | ४७४५००० लिटर | १ प्रतिशत ले बृद्धि | १ प्रतिशत ले बृद्धि | १ प्रतिशत ले बृद्धि | १ प्रतिशत ले बृद्धि | १ प्रतिशत ले बृद्धि | | |
| | पर्यटन व्यवसायवाट कूल रोजगारी प्रदान | संख्या | ५०० | ६०० | ७५० | ८०० | ९०० | १००० | | |
| | नगरपालिकाको वार्षिक आयात निर्यातको अनुपात | अनुपात | ४:१ | ४:१ | ४:१ | ४:१ | ४:१ | ४:१ | | |
| | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | | |
| **असर- २** सामाजिक सेवा सुविधाहरुमा पहुँच अभिवृद्धि गर्दै | आधारभूत तहमा खुद भर्नादर (औषतमा) | प्रतिशत | ९४.८ | ९५ | ९६ | ९६.५ | ९७ | ९८ | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ९८ | ९५.५ | ९६ | ९७ | ९८ | ९९ | | |

| तालिका : ७<br>परिमाणात्मक लक्ष्य | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा को तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष २०७९/०८०** | **लक्ष्य परिमाण** | | | | | **सूचना को स्रोत** | **पूर्वानुमान** |
| | | | | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | | |
| समन्यायिक समाजको निर्माण | उच्च स्तरको खानेपानी सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ७५ | ७८ | ८५ | ९० | ९५ | ९८ | | |
| | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३३ | ३५ | ३६ | ३८ | ३९ | ४० | | |
| | स्थानीय लोपोन्मुख संस्कृतिको जर्गेना | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| | उद्योग/व्यापार व्यवसाय/खेल क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | १५ | १६ | १७ | १८ | १९ | २० | | |
| **असर - ३**<br>पूर्वाधारहरुको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आम नागरिक हरुको जन जीवनमा सहजता | दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ७८ | ८० | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, विजुली,सञ्चार, सडक) | प्रतिशत | १० | १०.५ | ११ | ११.५ | १२ | १३ | | |
| | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | ५ | ५.५ | ६ | ६.५ | ६.८ | ७ | | |
| | विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९९ | ९९ | ९९ | ९९ | ९९ | १०० | | |
| | इन्टरनेट सेवामा पहुँच प्राप्तजनसंख्या | प्रतिशत | ५० | ५५ | ६५ | ७० | ७५ | ८० | | |
| **असर - ४**<br>विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक सम्पदाहरु को संरक्षण, सम्वर्द्धन गर्दै दिगो उपयोग | संरक्षित तथा व्यवस्थित वन (कूल वन क्षेत्र) | प्रतिशत | ७० | ७२ | ७५ | ७८ | ८० | ८२ | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| | घर, कार्यालय, अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिकजन्य फोहोर लाई सुरक्षित विसर्जन गर्नेको | प्रतिशत | ५ | १५ | ३० | ५० | ७५ | १०० | | |
| | प्राकृतिक प्रकोपवाट संवेदनशील घरधुरी | संख्या | ११० | ११ | ९५ | ९० | ८५ | ८० | | |
| | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | ७५ | ७८ | ८० | ८५ | ८८ | ९० | | |
| **असर - ५**<br>संस्थागत क्षमता अभिवृद्धि गर्दै सार्वजनिक | सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, कानुन | संख्या | ६९ | ७५ | ८० | ८२ | ८५ | ९० | नगरपालिका को वार्षिक | संस्थागत संरचना प्रभाव |

| तालिका : ७<br>परिमाणात्मक लक्ष्य | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा को तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष २०७९/ ०८०** | **लक्ष्य परिमाण** | | | | | **सूचना को स्रोत** | **पूर्वानुमान** |
| | | | | **२०८१ /८२** | **२०८२ /८३** | **२०८३ /८४** | **२०८४ /८५** | **२०८५ /८६** | | |
| सेवा प्रवाहलाई प्रभाव कारी, पारदर्शि, र सुशासन को प्रत्याभूति | नगरपालिकाको वार्षिक आन्तरिक आय | रु. करोड | २.२८ | ४ | ५ | ७ | ८ | १० | प्रगति प्रतिवेदन | कारी भएको हुने |
| | सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ | | |

## ३.७ रणनीति तथा प्राथमिकता

नमोबुद्ध नगरपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक नगर बिकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिने छ ।

क) कृषिखेतीमा व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी एवं आय आर्जनका अवसरहरु श्रृर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने

ख) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने

ग) सडकयातायात, आवास, विद्युत, सञ्चार लगायतका पूर्वाधार बिकास एवं निर्मित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवं स्तरोन्नति गर्ने

घ) प्राकृतिक सम्पदाको दिगो उपयोग एवं वातावरणको संरक्षण सहित विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने

ङ) सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहलाई सुशासनयुक्त, नागरिकमैत्री, प्रभावकारी वनाउने

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रिया अन्तर्गत संभाव्य स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बाँडफाँड सहित वित्तीय स्रोतको सुनिश्चितता सबै भन्दा महत्वपूर्ण पक्ष हो । वित्तीय स्रोतको सुनिश्चितता नभई तर्जुमा गरिएको योजनाको कार्यान्वयन प्रभावकारी हुन र सोबाट अपेक्षित उपलब्धि हासिल हुन सक्दैन । आवधिक योजना अवधिमा उपलब्ध हुन सक्ने सम्भाव्य स्रोतको आकलन तथा विश्लेषण गर्दा आन्तरिक र बाह्य श्रोतबाट प्राप्त हुन सक्ने आयका अतिरिक्त निजी, गैरसरकारी, सहकारी र समुदाय लगायत सबै सरोकारवालाबाट लगानी हुन सक्ने स्रोतहरू समेतको आकलन गरी योजनामा उपलब्ध हुन सक्ने कुल स्रोतको प्रक्षेपण गरिएको छ ।

### ३.८.१ विगत तीन आ.व.को श्रोत परिचालनको अवस्थाः

| तालिका : ८<br>विगत तीन आ.व.को श्रोत परिचालनको अवस्था | | | |
|---|---|---|---|
| **शिर्षक** | **०७७(०७८** | **०७८(०७९** | **०७९(०८०** |
| सम्पत्ति कर | २९५१४८२ | ३७८५७६६ | ३४००३९० |
| भुमिकर | ७४०३९ | ६३८९५।३८ | ६४८३९।७४ |
| घरबहाल कर | ७८५९८५ | ९८९६८५ | १९०७८४० |
| वहाल बिटौरी कर | ( | ( | ( |
| अन्य कर | १८६० | १६४३० | ५२७० |

| तालिका : ८<br>विगत तीन आ.व.को श्रोत परिचालनको अवस्था | | | |
|---|---|---|---|
| **शिर्षक** | ०७७(०७८ | ०७८(०७९ | ०७९(०८० |
| परीक्षा शुल्क | | ( | |
| शिक्षा क्षेत्रको आम्दानी | | ( | |
| अन्य प्रशासनिक सेवा शुल्क | ४३१९७० | २२० | ( |
| नक्सापास दस्तुर | १३८५३७८ | ११८२८७५ | ९३४५५४ |
| सिफारिस दस्तुर | २३७४२७० | ३७६१५९७ | ३६१७९५० |
| नाता प्रमाणित दस्तुर | २०९१३० | १८९७३० | १७६४०६ |
| व्यवसाय कर | २५१६५६० | ३४१११३० | २९७०५०० |
| न्यायिक दण्ड, जरिवाना र जफत | ६६६।६६ | २००० | ( |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ५१३५३ | २८३७५९।९६ | ९३५०० |
| बेरुजु | २२२०६४ | ५३१०५४ | ( |
| बैंक मौज्दात | ४१४११६०३ | ४१४८३९०२ | १७६७३५८९ |
| जनसहभागिता | १११०५७५ | ( | ( |
| अन्य संस्थागत आन्तरिक अनुदान | ५०००००० | १०००००००० | १२०००००० |
| **जम्मा आन्तरिक आय** | **५८५२६९३७** | **६५७०२०४७** | **४२८४४८४१** |
| **बाह्य आय** | | ( | |
| संघ समानीकरण | १०७९००००० | १११९००००० | ११८७००००० |
| संघ शसर्त चालु | २६४४००००० | २७३४००००० | ३१९९००००० |
| संघ शसर्त अनुदान पुँजीगत | ( | ३३५००००० | ५५४३६५०० |
| समपुरक अनुदान चालु | ८५००००० | ८३००००० | १०००००००० |
| **संघ जम्मा अनुदान** | **३८०८००००००** | **४२६३००००००** | **५०४०३६५००** |
| प्रदेश समानीकरण | १०१२०००० | २७८७६००० | १०९०१००० |
| प्रदेश शसर्त | ३३००३००० | ( | २०३६६००० |
| विशेष अनुदान | ५०००००० | ३००००००० | ८०००००० |
| समपुरक अनुदान चालु | ३०००००००० | ४८४९०००० | ३००००००० |
| **प्रदेश जम्मा अनुदान** | **७८१२३०००** | **१०६३६६०००** | **६९२६७०००** |
| **जम्मा बाहृय आय** | **४५८९२३०००** | **५३२६६६०००** | **५७३३०३५००** |
| **राजस्व बाँडफाँड** | | | |
| राजस्व बाँडफाँड बाट प्राप्त हुने रकम (संघ) | ७६१११५४० | ७६६४७००० | ९२८४९००० |
| राजस्व बाँडफाँड बाट प्राप्त हुने रकम (प्रदेश) | २२९०००००० | ९२०४००० | २६६५५००० |
| **जम्मा राजस्व बाँडफाँड** | **९९०११५४०** | **८५८५१०००** | **११९५०४०००** |
| **जम्मा आय** | **६१,६४,६१,४७७** | **६८,४२,१९,०४७** | **७३,५६,५२,३४१** |

यस आधारमा नमोवुद्ध नगरपालिकाको विगत तीन आ.व.को आन्तरिक तथा वाह्य श्रोत परिचालनको अवस्थालाई विश्लेषण गर्दा आन्तरिक आय तर्फ आ.व.२०७७।०७८ मा रु.५ करोड ८५ लाख २६ हजार यथार्थ राजश्व परिचालन मएकोमा आ.व.०७८।०७९ मा १२ प्रतिशत वृद्धि सहित रु.६ करोड ५७ लाख २ हजार श्रोत परिचालन भएको अवस्था देखिन्छ भने बिगत आ.व.०७९।०८० मा पुन विगत आ.व. भन्दा ३१९ प्रतिशत न्युन अर्थात रु.४ करोड २८ लाख ४४ हजार मात्र श्रोत परिचालन भएको अवस्था देखिन्छ ।

यसै गरी वाह्य आय परिचालन तर्फ आ.व.२०७७।०७८ मा रु.५५ करोड ७९ लाख ३४ हजार यथार्थ राजश्व परिचालन भएकोमा आ.व.०७८।०७९ मा १०.८६ प्रतिशत वृद्धि सहित रु.६१ करोड ८५ लाख १७ हजार वाहय श्रोत परिचालन भएको अवस्था देखिन्छ । यसै गरी आ.व.०७९।०८० मा १२.०१ प्रतिशत वृद्धि सहित रु.६९ करोड २८ लाख ७ हजार मात्र वाहय श्रोत परिचालन भएको अवस्था देखिन्छ ।

नगरपालिकाको कूल श्रोत परिचालन तर्फ हेर्दा आ.व.२०७७।०७८ को कूल राजश्व परिचालन रु.६१ करोड ६४ लाख ६१ हजार रहेकोमा आ.व.०७८।०७९ मा १०.९९ प्रतिशत वृद्धि सहित रु.६८ करोड ४२ लाख १९ हजार वाहय श्रोत परिचालन भएको अवस्था देखिन्छ। यसै गरी आ.व.०७९।०८० मा ७.५२ प्रतिशत वृद्धि सहित रु.७३ करोड ५६ लाख ५२ हजार मात्र वाहय श्रोत परिचालन भएको देखिन्छ ।

### ३.८.२ आगामी ५ आ.व.को श्रोत अनुमान प्रक्षेपण:

उपरोक्त वित्तीय तथ्यांकमध्ये चालु आ.व.०८०।०८१ लाई आधार बर्ष बनाई सोही आ.व.को अनुमानलाई आधार बनाई आन्तरिक तर्फ वढिमा १५ देखि ५० प्रतिशत वृद्धि प्रस्ताव गरिएको छ भने वाहय हाय तर्फ बार्षिक रुपमा औषतमा १० प्रतिशतमा नवढ्ने गरी आगामी ५ आर्थिक बर्षका लागि श्रोत अनुमान प्रस्ताव गरिएको छ । साथै आन्तरिक तर्फ कर राजश्व तथा गैरकर राजश्व शिर्षक अन्तर्गत श्रोत वर्गिकरण गरिएको छ ।

**तालिका : ९**
**आगामी ५ बर्षको श्रोत अनुसारको प्रक्षेपण रु. हजारमा**

| बजेटका श्रोतहरु | गत बर्षको यथार्थ आय | चालु आ.व.को अनुमान | पहिलो आ.व. | दोश्रो आ.व. | तेश्रो आ.व. | चौथो आ.व. | पाचौ आ.व | .५ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **१. आन्तरिक आय** | **४२८४४** | **४५९९०** | **५५१८८** | **६६६८६** | **८११९६** | **९९६८६** | **१२३४७२** | **४२६२३०** |
| क. कर राजश्व | ५३७८ | ९१९८ | १२८७७ | १८०२८ | २५२३९ | ३५३३५ | ४९४६९ | १४०९५० |
| ख. गैरकर राजश्व | ३७४६६ | ३६७९२ | ४२३११ | ४८६५८ | ५५९५६ | ६४३५० | ७४००३० | २८५२८० |
| ग.अन्य राजश्व | | ६००६३ | | | | | | |
| **२. राजश्व वांडफांड** | **११९५०४** | **१२०२५८** | **१३२७८४** | **१४६०६३** | **१६०६६९** | **१७६७३६** | **१९४४१०** | **८१०६६४** |
| क. नेपाल सरकार | ९२८४९ | ९०९७९ | १०००७७ | ११००८५ | १२१०९४ | १३३२०३ | १४६५२४ | ६१०९८५ |
| ख. प्रदेश सरकार | २६६५५ | २९२७९ | ३२२०६ | ३५४२७६ | ३८९७० | ४२८६७४ | ४७१५४ | १९६६२६ |
| **३. रोयल्टी वांडफांड** | | | | | | | | |
| क. वन रोयल्टी | ० | ० | १०० | ११० | १२१ | १३३ | १४६ | ६१० |
| ख. खानी रोयल्टी | ० | ० | १०० | ११० | १२१ | १३३ | १४६ | ६१० |
| ग. विद्युत रोयल्टी | ० | ० | २०० | २२० | २४२ | २६६ | २९२ | १२२१ |
| घ. पर्वतारोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. पानी, अन्य रोयल्टी | ० | ० | १०० | ११० | १२१ | १३३ | १४६ | ६१० |
| ४. **नेपाल सरकारबाट प्राप्त हुने अनुदान** | **५०४०३६** | **४२५०००** | **४६७५००** | **५१४२५०** | **५६५६७५** | **६२२२४२** | **६८४४६६** | **२८५४१३४** |
| क. वित्तीय हस्तान्तरण | ११८७०० | १०३८०० | ११४१८० | १२५५९८ | १३८१५७ | १५१९७३ | १६७१७० | ६९७०८० |
| ख. सशर्त अनुदान | ३७५३३६ | ३०७७०० | ३३८४७० | ३७२३१७ | ४०९५४८ | ४५०५०३ | ४९५५५३ | २०६६३९३ |
| ग. समपूरक अनुदान | १०००० | ८००० | ८८००० | ९६८० | १०६४८ | ११७१२ | १२८८४ | ५३७२४ |
| घ. विशेष अनुदान | ० | ५५०० | ६०५० | ६६५५ | ७३२० | ८०५२ | ८८५७ | ३६९३५ |
| **५. प्रदेश सरकारबाट प्राप्त हुने अनुदान** | **६९२६७** | **७६३५३** | **८४१६८** | **९२७८५** | **१०२२८९** | **११२७६९** | **१२४३२८** | **५१६३४१** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क. वित्तीय हस्तान्तरण | १०९०१ | ११९९१ | १३१९० | १४५०९ | १५९६० | १७५५६ | १९३११ | ८०५२७ |
| ख. सशर्त अनुदान | २०३६६ | २२४०२ | २४६४२ | २७१०७ | २९८१७ | ३२७९९ | ३६०७९ | १५०४४७ |
| ग. समपूरक अनुदान | ३०००० | ३३००० | ३६३०० | ३९९३० | ४३९२३ | ४८३१५ | ५३१४६ | २२१६१५ |
| घ. विशेष अनुदान | ८००० | ८९६० | १००३५ | ११२३९ | १२५८८ | १४०९८ | १५७९० | ६३७५२ |
| ६.अन्य अनुदान ( सामाजिक सुरक्षा) | | | | | | | | |
| ७. जनसहभागिता | ० | ० | २००० | २१०० | २२०५ | २३१५ | २४३१ | ११०५१ |
| ८. निजी लगानी | | ० | १००००० | १०५००० | ११०२५० | ११५७६२ | १२१५५० | ५५२५६३ |
| ९ अन्तर स्थानीय तह साझेदारी रकम. | ० | ० | १०००० | १०५०० | ११०२५ | ११५७६ | १२१५५ | ५५२५६ |
| १०ं गैसस र सामुदायिक क्षेत्रको लगानी | ० | ० | २०००० | २१००० | २२०५० | २३१५२ | २४३१० | ११०५१२ |
| ११ आन्तरिक ऋण परिचालन | ० | ० | ५०००० | ५२५०० | ५५१२५ | ५७८८१ | ६०७७५ | २७६२८१ |
| **कूल जम्मा** | **७३५६५२** | **७२७६६६** | **७३९६४१** | **८१९७८५** | **९०९८३०** | **१०११४३५** | **११२६६७८** | **५६१३०३६** |

यस आधारमा नमोवुद्ध नगरपालिकाले आवधिक योजना अवधिभित्रमा आन्तरिक आय तर्फ कूल रु.४२ करोड ६२ लाख ३० हजार परिचालन हुने अनुमान प्रस्ताव गरिएको छ । जसको औषत वार्षिक वृद्धिदर २१.८४ प्रतिशत रहेको छ । यसै गरी वाह्य आय तर्फ कूल रु.५ अर्व १८ करोड ६८ लाख ६ हजार गरी कूल रु.५ अर्व ६१ करोड ३० लाख ३६ हजार श्रोत परिचालन हुने अनमान प्रक्षेपण गरिएको छ । जसको औषत वार्षिक वृद्धिदर ९.०९ प्रतिशत रहेको छ । वाहय श्रोतमा जनसहभागिता, निजी लगानी, अन्तर स्थानीय तह साझेदारी, गैसस र सामुदायिक क्षेत्रको लगानी र आन्तरिक ऋण क्षेत्रबाट रु.१ अर्व ५६ लाख ६४ हजार श्रोत परिचालन हुने अनुमान प्रक्षेपण गरिएको छ । जुन कूल श्रोत परिचालनको १७.९१ प्रतिशत हुन आउछ ।

**तालिका : १०**
**आगामी ५ बर्षको श्रोत अनुसारको प्रक्षेपण रु. हजारमा**

| **बजेटका श्रोतहरु** | **चालु आ.व.को अनुमान** | **पहिलो आ.व.** | **दोश्रो आ.व.** | **तेश्रो आ.व.** | **चौथो आ.व.** | **पाचौ आ.व** | **.५ बर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|
| **१. आन्तरिक श्रोत परिचालन** | ४५९९० | ५५१८८ | ६६६८६ | ८११९६ | ९९६८६ | १२३४७२ | ४२६२३० |
| औषत वार्षिक वृद्धिदर | | २० | २०.८३ | २१.७५ | २२.७७ | २३.८६ | २१.८४ |
| **२ वाह्य श्रोत परिचालन** | ६८१६७६ | ६८४४५३ | ७५३०९९ | ८२८६३४ | ९११७४९ | १००३२०६ | ५१८६८०६ |
| औषत वार्षिक वृद्धिदर | | ०.४१ | १०.०३ | १०.०३ | ९.१२ | ९.१२ | ७.७४ |
| **३. कूल श्रोत परिचालन** | ७२७६६६ | ७३९६४१ | ८१९७८५ | ९०९८३० | १०११४३५ | ११२६६७८ | ५६१३०३६ |
| औषत वार्षिक वृद्धिदर | | १.६५ | १०.८४ | १०.९८ | ११.१७ | ११.३९ | ९.२० |
| कूल श्रोत परिचालनमा आन्तरिक श्रोतको योगदान | ६.३२ | ७.४६ | ८.१३ | ८.९२ | ९.८६ | १०.९६ | ७.५९ |

यस आधारमा नगरपालिकाको आन्तरिक श्रोत परिचालन तर्फ औषत वार्षिक वृद्धिदर २१.८४ रहनेछ भने वाह्य श्रोत परिचालनको औषत वार्षिक वृद्धिदर ७.७४ प्रतिशत रहने र कूल श्रोत परिचालनमा भने औषत वार्षिक वृद्धिदर ९.२० प्रतिशत रहने अनुमान प्रक्षेपण गरिएको छ । यसै गरी कूल श्रोत परिचालनमा नगरपालिकाको आन्तरिक श्रोतको योगदान हिस्सा औषतमा ७.५९ प्रतिशत रहने अनुमान गरिएको छ ।

### ३.८.३ बिषयक्षेत्रगत लगानी खाका:

आवधिक योजना तर्जुमाको क्रममा वडास्तरीय छलफल र नगरपालिका स्तरीय कार्यशाला गोष्ठीको निष्कर्ष स्वरुप स्विकार गरिएको दिर्घकालिन सोच, आवधिक लक्ष्य, विषयक्षेत्रगत उद्देश्य प्राप्तीका लागि विषय क्षेत्र तथा उपक्षेत्रगत रणनीति अनुसार विकास गरिएको कार्यक्रम तथा आयोजनाहरुका लागि करिव रु.६ अर्व ३९ करोड २९ लाख वरावरको श्रोत आवश्यकता पर्ने देखिन्छ । आवधिक योजना अवधिका लागी विषयक्षेत्र तथा उपक्षेत्रगत लगानीको खाका निम्न बमोजिम प्रस्ताव गरिएको छ ।

**तालिका- ११**

**विषय क्षेत्रगत वजेट प्रक्षेपण (रकम रु. हजारमा)**

| विषय क्षेत्र | प्रतिशत | रकम रु. | विषय क्षेत्र | प्रतिशत | रकम रु. |
|---|---|---|---|---|---|
| **आर्थिक बिकास** | **२३.४३** | **१४९७९००** | **पूर्वाधार बिकास** | **३४.८८** | **२२३००००** |
| कृषि बिकास | ३.१३ | २००००० | सडक, यातायात | ३१.२८ | २०००००० |
| पशुपंक्षी बिकास | २.७० | १७२९०० | आवास तथा वस्ती | २.०३ | १३०००० |
| सिंचाई | २.७४ | १७५००० | विद्युत | ०.७८ | ५०००० |
| पर्यटन बिकास | ६.२६ | ४००००० | सूचना तथा सञ्चार | ०.७८ | ५०००० |
| उद्योग व्यापार तथा व्यवसाय | ७.८२ | ५००००० | **बन, वातावरण तथा विपद व्यवस्थापन** | **२१.१२** | **१३५००००** |
| बैंक, वित्तीय संस्था तथा सहकारी | ०.७८ | ५०००० | बन तथा जैविक विविधता | ०.७८ | ५०००० |
| **सामाजिक बिकास** | **२०.३४** | **१३०००००** | भू तथा जलाधार संरक्षण | १०.९५ | ७००००० |
| शिक्षा | ७.८२ | ५००००० | वातावरण तथा स्वच्छता | ७.८२ | ५००००० |
| आधारभूत स्वास्थ्य | ३.९१ | २५०००० | विपद व्यवस्थापन | १.५६ | १००००० |
| खानेपानी तथा सरसफाइ | १.५६ | १००००० | **सुशासन तथा संस्थागत बिकास** | **०.२३** | **१५०००** |
| लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | २.३५ | १५०००० | सस्थागत विकास तथा सुशासन | | १५००० |
| कला भाषा, संस्कृति सम्पदा | ३.१३ | २००००० | | | |
| युवा तथा खेलकुद | १.५६ | १००००० | | | |
| **कूल वजेट** | | | | **१००** | **६३९२९००** |

यस आधारमा नमोवुद्ध नगरपालिकाको पहिलो आवधिक योजनाले आत्मसात गरेको दिर्घकालिन सोच, आवधिक लक्ष्य पूरा गर्नको लागि कूल रु.६ अर्व ३९ करोड २९ लाख श्रोतको आवश्यकता देखिन्छ । नगरपालिकाको नियमित बजेट प्रणालीबाट आवधिक योजना अवधिभरीमा रु.५ अर्व ३१ करोड ३० लाख ३६ हजार श्रोत परिचालन हुने देखिन्छ, जसमा जनसहभागिता, निजी लगानी, अन्तर स्थानीय तह साझेदारी, गैसस र सामुदायिक क्षेत्रको लगानी र आन्तरिक ऋण क्षेत्रबाट रु.१ अर्व ५६ लाख ६४ हजार श्रोत परिचालन गर्ने रणनीति सिफारिस गरिएको छ ।

नगरपालिकाको नियमति श्रोत परिचालन प्रणाली अन्तर्गत परिचालन हुने कूल श्रोत रु.५ अर्व ३१ करोड ३० लाख ३६ हजार मध्ये करिव ६० प्रतिशत अर्थात रु.३ अर्व १८ करोड ७८ लाख २१ हजार नगरपालिकाको चालु शिर्षकमा खर्च गर्नु पर्ने देखिएको हुंदा रु.२ अर्व १२ करोड ५२ लाख १४ हजार मात्र पूंजिगत क्षेत्रमा लगानी गर्न सकिने संभावना देखिन्छ । यस आधारमा नगरपालिकाको नियमित प्रणाली अन्तर्गत परिचालन हुने कूल श्रोत र पूंजिगत क्षेत्रमा गर्न सकिने लगानीयोग्य श्रोतबाट ३३.२४ प्रतिशत मात्र पुग्ने र करिव ७६.२६ प्रतिशत अर्थात रु.४ अर्व २६

करोड ७६ लाख ८६ हजार श्रोत न्युन हुने अनुमान गरिएको छ । यस न्युन श्रोत परिपूर्तिका लागि संघ, प्रदेश सरकारको तर्फबाट विशेष अनुदान, समपूरक अनुदानका लागि पहल गर्ने, निजी, सहकारी तथा समुदायको लगानी प्रर्वद्धन एवं आन्तरिक ऋण परिचालन र देशी विदेशी दातृ निकायहरु समेतमा पहुच विकास, विस्तार गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद चारः आर्थिक क्षेत्र

नेपालको संविधानले खाद्य पदार्थको अभाववाट सुरक्षित हुने पक्षलाई नागरिकहरुको मौलिक हकको रुपमा ग्रहण गरेको छ र सार्वजनिक, निजी र सरकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासलाई नेपाली अर्थतन्त्रको मेरुदण्डको रुपमा लिइएको छ। देशको अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक वनाउदै व्यापारिक स्वच्छता विस्तार गर्ने, राष्ट्रिय उद्योगधन्दा र साधन स्रोत को संरक्षण र प्रवर्द्धन गर्ने, नेपाली सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्योग विकास विस्तार गर्ने पक्षलाई प्राथमिकतामा राखिएको छ। जग्गालाई चक्लावन्दी गरी भूमिको उत्पादन, उत्पादकत्व, उत्पादनशीलता र भू-उपयोग गर्ने, कृषिमा व्यवसायीकरण, औद्योगिकीकरण एवं विविधीकरण गर्ने, कृषि सामाग्री तथा कृषि उपजको उचित मूल्य र वजार पहुँच वृद्धि गर्ने, जलवायु तथा माटो अनुकूलको खाद्यान्न उत्पादनमा प्रोत्साहन गर्ने, खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा, सुलभ तथा प्रभावकारी वितरण व्यवस्था मिलाउने पक्षलाई राष्ट्रिय नीतिमा समावेश गरिएको छ।

१५ औ योजनाले उच्च र दिगो उत्पादन तथा उत्पादकत्व अभिवृद्धिलाई दीर्घकालीन लक्ष्यमा राखेको छ र राष्ट्रिय रणनीतिमा तीव्र दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई राष्ट्रिय अर्थतन्त्रको रुपान्तरणको प्रमुख सम्वाहकहरुमा उत्पादन, उत्पादकत्व वृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि र गुणस्तरीय पर्यटन सेवाको विकास विस्तारलाई लिइएको छ। खाद्य सुरक्षा, उन्नत पोषण प्राप्ती र दिगो कृषि प्रवर्द्धनलाई उच्च स्थानमा राख्दै दिगो आर्थिक वृद्धि गर्ने, दिगो उत्पादन प्रणाली सुनिश्चित गर्ने र पूर्ण तथा उत्पादनशील रोजगारी श्रृजना गर्ने पक्षलाई दिगो विकास लक्ष्यसंग जोडिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कृषि तथा पशुपालन सम्वन्धी, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्वन्धी र सहकारी सम्वन्धी नीति, कानुन, मापदण्ड निर्माण गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ। कृषि तथा पशुपंक्षी वजार सूचना दिने, वजार तथा हाटवजारको पूर्वाधार निर्माण गर्ने, साना सिंचाइ निर्माण गर्ने, प्राविधिक सेवा तथा कृषि सामाग्री आपूर्ति गर्ने, कृषक क्षमता विकास गर्ने, पशुपंक्षीजन्य प्रकोप तथा महामारी नियन्त्रण गर्ने, पशु चिकित्सक, पशुनस्ल सुधार, पशु आहार, पशुपंक्षी वीमा तथा कर्जा सहजीकरण गर्ने, चरन क्षेत्रको विकास तथा व्यवस्थापन र उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास एवं वजारीकरण गर्ने जिम्मेवारी पनि स्थानीय तहलाई दिइएको छ।

यसै कममा नमोबुद्ध नगरपालिकावाट उपरोक्त पक्षको सुनिश्चितता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र आर्थिक बिकासको खाका तयार पारिएको छ। आर्थिक बिकासका लागि प्रमुख सम्भाव्य क्षेत्रको रुपमा रहेका कृषि, पशुपंक्षी, उद्योग व्यवसाय, वैंक तथा वित्तीय संस्था, पर्यटन जस्ता क्षेत्रहरुको बिद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति निर्धारण र प्रमुख कार्यक्रमहरु समेत तर्जुमा भएको छ।

## ४.१ कृषि बिकास

### ४.१.१ पृष्ठभूमि

नमोबुद्ध नगरपालिका खाद्यान्न उत्पादनका लागि एक उपयुक्त भूमि हो। चिम्ट्याइलो, दोमाट तथा वलौटे माटोका कारण खेतीपातीका लागि उपयोगी भूमिमा खासगरी तरकारी उत्पादन हुँदै आएको पाइन्छ र वेमौसमी तरकारी टनेल खेती व्यवसायिक रुपमा हुँदै आएको पाइन्छ। तरकारी खेतीमा मुख्यगरी आलु, काउली, वन्दा, फर्सी, काँक्रो र गोलभेडा पर्दछन। यसरी उत्पादन हुने तरकारीहरुको वार्षिक उत्पादन करीव ७५६८ मे.टन हुने गरेको पाइन्छ भने फलफुलको वार्षिक उत्पादन करीव १४४१ मे.टन हुने गरेको र सोको विकी वितरणवाट करीव रु.२.१९ करोड

भन्दा माथि प्राप्त हुने गरेको अभिलेख नगरपालिकामा रहेको छ । नगरपालिकामा सक्रिय कृषक समुह ८८ वटा रहेका छन् भने स्थानीय व्यवसायिक फर्म ६७ वटा रहेका छन् ।

### ४.१.२ समस्या तथा चुनौती

#### क. समस्या

कृषि वस्तुहरुको उत्पादन र उत्पादकत्व क्षमताको  तुलनामा वास्तविक उत्पादन र उत्पादकत्व न्यून हुनु, कृषि प्रणालीमा आधुनिकीकरण हुन नसक्नु, कृषि पूर्वाधार विकासमा लगानी न्यून हुनु, कृषकहरुले आफ्नो कृषि वस्तुको उचित मूल्य नपाउनु, उत्पादक कृषकसँग जग्गाको स्वामित्व नहुनु र स्वामित्व भएकाहरूसँग पनि जमिनको आकार सानो हुनु (जग्गा धेरै ठाउमा छारिनु), कृषि पेशा मर्यादित नहुनु र आकर्षक बन्न नसक्नु, भू-उपयोग ऐन नहुंदा कृषियोग्य भूमि गैरकृषि क्षेत्रमा उपयोग हुने क्रम बढ्नु, अप्ठ्यारो भू-अवस्था र कमजोर ग्रामीण पूर्वाधार, छिमेकी मुलुकहरू तथा तेश्रो मुलुकमा उत्पादन भई नेपाली बजारमा बिक्री भैरहेका कृषिउपजहरूसँग नेपाली उपजहरूको मूल्य र गुणस्तर प्रतिस्पर्धी हुन नसक्नु पनि मुख्य समस्या हुन् ।

खेतीका विशिष्टीकृत पकेट क्षेत्रहरूको पहिचान हुन नसक्नु, कृषिको आधुनिकीकरण र व्यवसायीकरण हुन नसक्दा लागत कम हुने गरी ठूलो परिमाणमा उत्पादन गर्न नसक्नु, उच्च मूल्यका कृषि बस्तुहरु वर्गीकरण नहुनु, प्रांगारिक खेति प्रवर्धन गर्न नसक्नु, कृषिलाई विविधीकरण गरी पर्यटनसंग जोड्न नसक्नु, कृषि क्षेत्रमा सूचना प्रविधिको प्रयोग हुन नसक्नु, कृषि प्राविधिक सेवा सुस्त अवस्थामा देखिनु, भएका कृषि प्राविधिकहरुको दक्षता अभिवृद्धि गर्न नसक्नु पनि समस्याका रुपमा देखिएको छ क्ष

#### ख. चुनौती

गुणस्तरीय कृषि उत्पादन सामग्री आपूर्ति सुनिश्चित नहुनु;  कृषि अनुदान, बिमा, ऋण, न्यूनतम समर्थन मूल्य, शीत भण्डार र थोक बिक्री केन्द्रमा किसानको पहुँच कम हुनु, उत्पादित कृषि वस्तुको संस्थागत रूपमा भण्डारण र बजारीकरणमा समस्या हुनु; कृषि उत्पादन विषादीमुक्त बनाउन नसक्नु, जैविक खेतीको बिस्तार हुन नसक्नु, खण्डीकृत जमिनलाई चक्लाबन्दी गरी कृषिको यान्त्रिकीकरण र व्यवसायीकरण गर्न नसक्नु, सबै कृषकलाई कृषि प्रविधि र कृषि बजारसम्बन्धी सूचना सञ्जालभित्र समेट्न नसक्नु र कृषक उत्पादन केन्द्र, कृषक तालिम, क्षमता विकास र सशक्तीकरणजस्ता कार्यक्रमहरू प्रभावकारी नहुनु कृषि क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । बुदागत रुपमा नगरपालिकामा कृषिका लागि देखिएका चुनौतीहरु निम्नानुसार रहेका छन ।

- भौगोलिक बिकटता
- समुह, सहकारीको सस्थागत क्षमता कमजोर
- छिमेकी मुलुकको उत्पादन संग प्रतिस्पर्धा
- युवा शक्तिको विदेश पलायन
- कृषि क्षेत्रमा लगानीको सुनिश्चितता

### ४.१.३ संभावना तथा अवसर

दिगो विकास लक्ष अन्तर्गत खाद्य र पोषण सुरक्षाका निम्ति तिनवटै सरकारहरुले कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नु/रहनु, कृषि उत्पादनमा र बजारीकरणमा निजी क्षेत्रको लगानी क्रमिक रूपमा बढ्दै जानु, युवा पुस्ताले उद्यम र उद्धमी बनी नगद प्रवाहमा रुची राख्नु, मौजुदा कृषकहरु आधुनिक खेतीप्रति आशावादी बन्नु, खाद्यान्न, फलफूल, तरकारी, नगदेवाली, पुष्प खेति, पशुपन्छी उत्पादनका लागि भौगोलिक तथा हावापानी अनुकूल हुनु, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन हुनुलाई अवसरको रुपमा लिन सकिन्छ ।

त्यसैगरी कृषि विकासका निम्ति सहुलियत दरमा कृषि ऋण, बिमा, शीत भण्डार, बीउ, मल, सिँचाइको व्यवस्थामा सरकारी लगानी बढ्दै जानु, जैविक खेती गर्न सकिने पकेटहरू पहिचान हुँदै जानु, विभिन्न स्थानमा कृषि उत्पादनका विशिष्टीकृत क्षेत्र विकास हुने क्रम बढ्नु पनि मौजुदा अबसर हुन् क्ष यसका साथै कृषि उत्पादन क्षेत्र र कृषिउपजको बजारकाबीच यातायात सञ्जाल बन्दै जानु, कृषि उत्पादन खपतका लागि ठूलो वजार (काठमाण्डौं) उपलव्ध हुनु, सहकारी र सामूहिक खेती प्रणालीमा संघिय सरकारको प्राथमिकता रहनु, बजारीकरणमा कृषि सहकारीहरु सक्रिय हुनु, वैदेशिक रोजगारवाट फर्केका युवाहरूको सिप र वित्त कृषितर्फ आकर्षित हुनु र सञ्चार सञ्जालको तीव्र विकासका कारण कृषि सूचना प्रविधिको सहज पहुँच हुन सक्ने अवस्था हुनु, चीन र भारतजस्ता ठूला बजारहरू उपलब्ध हुनु, तुलनात्मक लाभ भएका बाली र पशुपन्छी उत्पादन हुन सक्ने वातावरण हुनु, सिँचाइ विकास गरी खेतीयोग्य जमिन बिस्तार गर्न सकिने तथा प्रतिएकाइ जमिन र प्रतिश्रमिक उत्पादकत्व बढाउन सकिने सम्भावना हुनु यस नगरपालिकाको कृषि विकासका अवसरहरु हुन भनी मान्न सकिन्छ ।

### ४.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**क) लक्ष्य**

दिगो, आत्मनिर्भर र व्यवसायीक कृषिको माध्यमबाट कृषकहरुको आयस्तर बढाउने

**ख) उद्देश्य**

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा सुनिश्चित गर्नु
२. कृषिको आधुनिकिकरण र व्यवसायीकरण गर्नु
३. मूल्यश्रृंखलामा आधारित कृषि वस्तुको वजारिकरण र औद्योगिकरण गर्नु
४. उच्च मूल्य जाने कृषि वाली वस्तुको व्यवसायीकरण गर्नु
५. वातावरण र जैविक विविधता संरक्षण गर्दै  स्थानीय वाली वस्तुको प्रवर्द्धन गर्नु

**ग) रणनीतिहरु**

१. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने
२. कृषक, कृषि व्यवसायी, प्राविधिक लगायत कृषि सेवामा आवद्ध पक्ष तथा संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने
३. कृषि उपजहरुको व्यवसायीकरण तथा वजार विस्तार एवं कृषि उद्योग व्यवसायहरुको प्रवर्द्धन गर्ने
४. समावेशी कृषि विकासमा महिला, दलित, अति विपन्न वर्गको आवद्धतामा वृद्धि ल्याउने
५. कृषि रणनीति योजनाको पुर्ण कार्यान्वयन सहित अनुगमन तथा मूल्याङ्कन गर्ने

**घ) कार्यक्रम तथा आयोजना**

१. कृषिखेती प्रवर्द्धन
२. मौसमी तथा वेमौसमी तरकारी, टनेलखेती प्रवर्द्धन
३. कृषक र कृषिसेवा प्रदायक संस्थाहरुको क्षमता बिकास र सशक्तीकरण
४. माटोपरीक्षण कार्यक्रम
५. कृषि वजार प्रवर्द्धन कार्यक्रम
६. महिला दलित तथा अति विपन्न वर्गलाई कृषि व्यवसाय सहयोग
७. चिस्यान केन्द्र स्थापना
८. कृषि सडक निर्माण
९. कृषि सहकारी तथा भूमि बैंकको स्थापना

### ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका : १२
कृषि विकास

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९ ०८० | लक्ष्य परिमाण २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | रोजगारीमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ३० | ३२ | ३४ | ३६ | ३८ | ४० | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१. कृषिमा व्यवसायीकरण भई कृषि उपजहरुको वजार प्रवर्द्धन भएको हुनेछ<br><br>२. कृषक को क्षमता अभिवृद्धि भई कृषक प्रोत्साहित हुने सुविधाहरु उपलव्भ भएको हुनेछ<br><br>३. कृषि पूर्वाधार हरु निर्माण भई सोमा पहुँच अभिवृद्धि भएको हुनेछ | उत्पादन पकेट क्षेत्र | संख्या | २ | ३ | ४ | ६ | ८ | १० | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषकहरु व्यवसायिक खेती प्रति प्रोत्साहित भएको हुने<br><br>कृषकहरु लाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलव्ध भएको हुने<br>निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने<br><br>जलवायु परिवर्तन को न्यून असर |
| | मुख्य अन्नबालीको कुल उत्पादन | मे.टन | ११२९७ | ११३०० | ११३१० | ११३२० | ११३३० | ११३४० | | |
| | धान | मे.टन. | २३१०.४ | २४२६ | २५९६ | २८५५ | ३४२६ | ६०६६ | | |
| | गहुँ | मे.टन. | ७२१.५ | ७५८ | ८११ | ८९२ | १०७० | १८९४ | | |
| | मकै | मे.टन. | ८२६५ | ८६७८ | ९२८६ | १०२१४ | १२२५७ | २१६९८ | | |
| | आलु | मे.टन. | २८६५ | ३००८ | ३२१९ | ३५४१ | ४२४९ | ७५२२ | | |
| | तेलहन | मे.टन. | ५२६.५ | ५५३ | ५९२ | ६५१ | ७८१ | १३८२ | | |
| | दलहन | मे.टन. | ११० | ११६ | १२४ | १३६ | १६३ | २८९ | | |
| | तरकारी वार्षिक उत्पादन | मे.टन | ७५६८ | ७५७० | ७५७१ | ७५७२ | ७५७५ | ७५७७ | | |
| | फलफुल वार्षिक उत्पादन | मे.टन | १४४१ | १४४२ | १४४५ | १४४७ | १४४८ | १४५० | | |
| | उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक | संख्या | ८८० | ९०० | ९२५ | ९७५ | ९९० | १००० | | |
| | प्रयोगमा आउन नसकेको बाँझो जमिन | हेक्टर | ८८ | ८० | ७८ | ७५ | ७० | ६० | | |
| | सक्रिय व्यवसायिक कृषक समुह | संख्या | ८८ | ९० | ९२ | ९४ | ९६ | १०० | | |
| | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | ६७ | ७० | ७३ | ७८ | ८० | १०० | | |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | २ | २ | २ | २ | २ | २ | | |
| | सञ्चालनमा रहेको कोल्ड स्टोरेज तथा रष्टिक स्टोर क्षमता | संख्या | १ | १ | १ | १ | १ | २ | | |
| | दुग्ध चिस्यान केन्द्रको क्षमता | मे.टन. | २ | ४ | ६ | ८ | १० | १६ | | |

| तालिका : १२<br>कृषि विकास | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजाको तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष २०७९ ०८०** | **लक्ष्य परिमाण** | | | | | **सूचनाको स्रोत** | **पूर्वानुमान** |
| | | | | **२०८१ /८२** | **२०८२ /८३** | **२०८३ /८४** | **२०८४ /८५** | **२०८५ /८६** | | |
| | कृषि उपज सङ्कलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र | संख्या | ३ | ३ | ४ | ४ | ५ | ५ | | |
| | कृषि सहकारी संस्था | संख्या | ४९ | ५२ | ५४ | ५५ | ५६ | ५७ | | |
| | खेतीयोग्य जमिन मध्ये नियमित सिंचित भूमि | हेक्टर | १६३० | १६४० | १६५० | १६६० | १६७० | १६८० | | |
| | **कियाकलाप तथा कार्यक्रम**<br>नमोबुद्ध नगरपालिकाको रणनीतिक कृषि विकास योजनामा समावेश भएका सवै कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन गर्ने | | | | | | | | **बजेट रु. २० करोड** | |

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

- मल, किटनाशक औषधी समयमै उपलव्ध नहुनु र प्राङ्गारिक कृषि प्रवर्द्धन नभएको
- कृषि अनुदान, कृषि वीमा, सहुलियत दरमा ऋणमा असहजता
- कृषि प्रसार सेवा केन्द्रको व्यवस्था नहुनु
- कृषि वजार, पूर्वाधार, प्रोत्साहन आदिको व्यवस्थापन नहुनु
- कृषिकहरुलाई तालिमको व्यवस्था हुन नसक्नु

  कृषि उपजहरुको भण्डारण, शीतभण्डार, स्टोरेज, प्रशोधन केन्द्र, सङ्कलन केन्द्र र कृषि हाटवजार सञ्चालनको अभाव

## ४.२ पशुपंक्षी बिकास

### ४.२.१ पृष्ठभूमि

नमोबुद्ध नगरपालिकामा पशुपंक्षी पालन गर्नेको संख्या उल्लेख्य रहेको पाईन्छ, यस नगरपालिका खुवाको लागि पनि प्रसिद्ध रहेको छ। यहाँ पशुपालन व्यवसाय अन्तर्गत गाई, भैंसी, बाखा, बंगुर, कुखुरा आदि व्यवसायिक रुपमा पाल्ने गरेको पाईन्छ। यस व्यवसायलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि नगरपालिकाको पशु शाखाबाट विभिन्न कार्यक्रमहरु जस्तै नश्ल सुधार, पशु स्वास्थ्य तालिम प्रचार प्रसार जस्ता विभिन्न कार्यक्रमहरु संचालन भएका छन् । पशुजन्य पदार्थ र वार्षिक उत्पादन तथा निर्यातको अवस्थालाई हेर्दा दुध उत्पादनमा वृद्धि भएको देखिन्छ।

### ४.२.२ समस्या र चुनौती

**क.समस्या**

- समुदायमा पशु स्वास्थ्य सेवा प्रवाहमा कमि
- उन्नत पशुपालनका लागि पर्याप्त लगानीको अभाव
- दक्ष जनशक्तिको कमि
- उत्पादित पशुजन्य पदार्थहरुलाई बजारसम्म पुऱ्याउन समस्या

**ख. चुनौती**

- पशुपंक्षीजन्य रोग नियन्त्रण गर्नु

- उन्नत जातका पशुपंक्षी विकास गर्नु
- पशुपंक्षी वीमामा नीतिगत स्पष्टता ल्याउनु
- पशुपंक्षीहरुको व्यवसायिक पालनमा सहुलियत दरमा कर्जा तथा अनुदान सुविधा प्रदान गर्नु
- युवाहरु पशुपंक्षीपालन प्रति आकर्षण वढाउनु
- पशुपंक्षीहरुको पालनका लागि पर्याप्त जग्गा उपलव्ध गराउनु

### ४.२.३ संभावना तथा अवसर

- पशुपंक्षीहरु गाई, वाख्रा, वङ्गुर, र कुखुराहरु व्यवसायिक पालनमा महिला वर्गको आवद्धता वढ्दो
- दुध, तरकारी तथा कुखुराको मासु तथा अण्डाको वार्षिक उत्पादन र खपत वढ्दो दरमा
- पशुपंक्षीजन्य उपजहरु दुध, मासु, अण्डा आदिको व्यापक वजार क्षेत्र उपलव्ध

### ४.२.४ उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

पशुपंक्षीपालनलाई व्यवस्थित, विविधीकरण एवं व्यवसायीकरण गर्दै कृषकहरुको आयआर्जनको भरपर्दो स्रोत को रुपमा विकास गर्नु ।

**ख) रणनीति**

१. उन्नत नश्लको जात बिकास गर्ने
२. पशुपालन गर्दा असल अभ्यास संचालन तालिम गर्ने
३. पोषिलो घाँस विकासका लागी उन्नत विउ कृषकहरुमा वितरण तथा तालिम संचालन गर्ने
४. कृषक समुह गठन तथा परिचालन गर्ने
५. पशु सुरक्षित गर्ने
६. परजीवी नियन्त्रण गर्ने

**ग) कार्यक्रम तथा आयोजना**

१. नश्ल सुधारका लागी क्रियाकलाप गर्ने
२. सफा दुध तथा दुग्ध पदार्थ उत्पादन
३. घाँस विउ खरीद तथा तालिम
४. गठन भएका कृषक समुहलाई तालिम गरी उत्पादनमा जोड दिने
५. पशु खोप लगाउने
६. कृषक सम्मान कार्यकम
७. पशु विमा कार्यक्रम
८. प्रकोप जन्य रोग रोकथाम कार्यक्रमको योजना बनाई बजेट निर्धारण गर्ने
९. गोठ सुधार कार्यक्रम
१०. डेरी उद्योग र कोल्ड स्टोर निर्माण कार्यक्रम
११. पशु बधशाला निर्माण कार्यक्रम ( दाप्चा, भकुण्डे र कानपुर)

### ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका : १३**
**पशुपंक्षीपालन**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **असर** | पशुपंक्षीको वार्षिक विक्री वृद्धिदर (दुध, मासु र अण्डाको कूल) | प्रतिशत | १ | १ | १ | १ | १ | १ | नगर पालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१. पशु पंक्षी पालनमा व्यवसायिकता को विकास भएको हुनेछ<br><br>२. पशु पंक्षीको वजार प्रवर्द्धन भएको हुनेछ<br><br>३. पशु पंक्षी पालन व्यवसाय सुरक्षित र मर्यादित भएको हुनेछ | व्यवसायिक पशुपंक्षी पालनमा संलग्न परिवार | संख्या | ८८ | ९५ | १०० | १०५ | ११० | ११५ | नगर पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br><br>राष्ट्रिय जनगणना | कृषकहरु व्यवसायिक पशुपंक्षी पालन प्रति प्रोत्साहित भएको हुने ।<br><br>कृषकहरु लाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलव्ध भएको हुने ।<br><br>निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने |
| | व्यवसायिक पशुपालन फर्म | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| | पशुपंक्षी वीमासेवा वाट लाभान्वित कृषक | प्रतिशत | | | | | | | | |
| | नश्ल सुधार तथा प्राथमिक उपचारकेन्द्र | संख्या | ३ | ३ | ४ | ५ | ६ | ७ | | |
| | पशुपंक्षीपालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिमप्रजनन,क्यासट्रेसन ) उपयोग गर्ने कृषक | संख्या | १५०० | २००० | २५०० | ३००० | ३५०० | ४००० | | |
| | सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | २ | ३ | ४ | ५ | ६ | १० | | |
| | दुध उत्पादन मासिक | लि. | ३९०००० | ३९०००० | ४००००० | ४०५००० | ४१०००० | ४१२००० | | |
| | दुध चिस्यान केन्द्र | संख्या | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| | वार्षिक खरिद विक्री खसी, बोका | संख्या | ६००० | ७००० | ८००० | ९००० | १०००० | १५००० | | |
| | चालु अवस्थाका व्यवसायिक पशुपालन फर्महरु | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| | भुँइ घाँसको व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | १० | ११ | १५ | १८ | २० | २१ | | |
| | व्यवस्थित चरन क्षेत्र | संख्या | | १ | २ | ३ | ३ | ४ | | |

| **क्रियाकलाप तथा कार्यक्रम** | **बजेट रु.** |
|---|---|
| नमोबुद्ध नगरपालिकाको रणनीतिक कृषि विकास योजनामा समावेश भएका सबै कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन गर्ने | **१७ करोड २९ लाख** |

### ४.२.६ अनुमान तथा जोखिम पक्ष

- दुध प्रशोधन तथा विविधीकरणको व्यवस्थापन अभाव
- पशुपंक्षी पालनका पूर्वाधारहरु : सङ्कलन केन्द्र, दुध चिस्यान केन्द्र, पशुपंक्षीवधशालाको अभाव
- सीमित पशुपंक्षी उपचार केन्द्र, औषधी भण्डारणको व्यवस्था नहुनु

## ४.३ सिंचाइ

### ४.३.१ पृष्ठभूमि

यस नगरपालिकाको कुल जमिनको क्षेत्रफल १०२३७ हेक्टर रहेको छ, त्यसमध्ये खेतियोग्य जमिन ५४१५ हेक्टर रहेको छ भने खेति गरिएको जम्मा जमिन ४९२० हेक्टर मात्र रहेको छ, जसमध्ये कुल १६३० हेक्टर जमिनमा मात्र सिंचाई सुविधा रहेको पाइन्छ ।

### ४.३.२ समस्या तथा चूनौती

**क. समस्या**

- सिंचाई प्रणालीको उचित व्यवस्थापन नहुनु
- सिंचाईको श्रोतको मर्मत सम्भार नहुनु

**ख. चुनौती**

- कृषियोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउनु
- सिंचित जमिनलाई कृषि बाहेक अन्य प्रयोग हुनबाट रोक्नु

### ४.३.३ संभावना तथा अवसर

- रोशी लिफ्ट परियोजना हुनु
- सिंचाईप्रति नगरपालिकाको प्राथामिकता हुनु
- कृषकहरुको सहभागिता हुनु

### ४.३.४ उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

सिंचाई सुविधा विस्तार गरि कृषि उत्पादन बढाउने र आर्थिक अवस्थामा सुधार गर्नु ।

**ख) रणनीति**

- सिंचाइ आयोजनाहरुको विकास र विस्तार लगायत मर्मत सम्भार र स्तरोन्नति गर्ने
- लिफ्ट सिंचाइ योजना संचालन गर्ने
- सतह सिंचाईको लागि नहर/ कुलो निर्माण गर्ने
- आकाशेपानी संकलन गरी थोपा सिंचाई लाई प्रवर्धन र प्रोत्साहन गर्ने
- साना खोल्सा तथा खहरे खोलाको संरक्षण गर्ने
- थोपा सिंचाइ प्लाष्टिक पोखरी निर्माण गर्ने

**ग) कार्यक्रम तथा आयोजना**

१. सिंचाइ कुलोको मर्मत सम्भार र स्तरोन्नति
२. आकाशेपानी सङ्कलन कार्यक्रम
३. बैकल्पिक तथा आधुनिक सिंचाइ प्रविधिमा सहयोग
४. जलाधार क्षेत्र संरक्षण कार्यक्रम
५. सिंचाइ सेवा विस्तार
६. सतह सिंचाइ, लिफ्ट सिंचाइ थोपा सिंचाइ, पोखरी निर्माण वर्षाको पानी संकलन जस्ता कार्यक्रमहरु संचालन
७. कृषि वाली सिंचाइमा प्रयोग हुने विद्युत महसुलमा छुट

८. रोशी खोला र दाप्चा खोलाको जलधार क्षेत्रवाट सिंचाइ सुविधा विस्तार
९. लिफ्ट सिंचाइ योजना संचालन
१०. सतह सिंचाईको लागि नहर/ कुलो निर्माण
११. आकाशेपानी संकलन गरी थोपा सिंचाई लाई प्रवर्धन र प्रोत्साहन

### ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका : १४**
**सिंचाइ**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **असर** | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | ५ | ५.५ | ६ | ६.५ | ६.८ | ७ | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१. कृषि भूमिमा आधुनिक प्रविधि मार्फत सिंचाइ सुविधा नियमित रुपमा उपलव्ध भएको हुने छ | सिंचाइका लागि निर्मित कुलोको कूल लम्वाइ | किमि | | | | | | | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| | खेती गरिएको सिंचित क्षेत्रफल | हेक्टर | १६३० | १७१२ | १९६८ | २२२४ | २८२५ | ५३४३ | | |
| | स्तरोन्नति तथा मर्मत संभार भएको कुलो | संख्या | २ | ३ | ५ | ७ | ९ | ११ | | |
| | सिंचाइका लागि प्रयोगमा आएको आकासेपानी सङ्कलन तथा प्लाष्टिक पोखरी | संख्या | ० | २ | ३ | ४ | ५ | ६ | | |
| | सिंचाइ योजना | संख्या | ० | ३ | ४ | ५ | ० | ० | | |
| | सतह सिंचाइ, लिफ्ट, थोपा सिंचाइ, पोखरी निर्माण | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| | प्रयोगमा आएका सिंचाइ प्रविधि ( सतह, पोखरी, ड्रिप, स्पिङक्लर) | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| | **कियाकलाप तथा कार्यक्रम** | | | | | | | | **बजेट रु.** | |
| | नमोबुद्ध नगरपालिकाको रणनीतिक कृषि विकास योजनामा समावेश भएका सवै कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन गर्ने | | | | | | | | **१७ करोड ५० लाख** | |

### ४.३.६ अनुमान तथा जोखिम

- भौगोलिक विकटता
- सिंचाई पूर्वाधारहरुको अभाव
- सीमित श्रोत तथा दक्ष प्राविधिकको अभाव

## ४.४ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.४.१ पृष्ठभूमि

यस नगरपालिकामा बौद्ध धर्मावलम्बीहरुको पवित्र स्थल नमोबुद्ध हुनुको कारण नेपालका मात्र नभई विश्वभरका पर्यटकलाई आफ्नो आँगनमा ल्याउने प्रयत्न गर्न जरुरी देखिन्छ । यस नगरपालिकाको पर्यटन एवं धार्मिक स्थलहरु कालिका मन्दिर दाप्चा, श्री कृष्ण मन्दिर दाप्चा, जगवैजेश्वर मन्दिर, नौबिसे, भिमसेन स्थान, दाप्चा, अमर अखण्ड हरिनाम संकीर्तन, फूलबारीको मथुरेश्वर, श्यामपाटीको शिव मन्दिर, रक्तकाली मन्दिर, कालिका मन्दिर कालापानी कानपुर, धुँवाकोट देवी मन्दिर, भैरव कुण्ड, सातमूल बोहोरे, रेन्जेन दोर्जे स्मृती प्रतिष्ठान (कोट तेमाल), बुच्चाकोट भगवती आदि हुन् ।

### ४.४.२ समस्या तथा चूनौती

**क. समस्या**

- दीर्घकालीन पर्यटन विकास गुरुयोजना तर्जुमा नहुनु
- सम्भाव्य पर्यटकीय क्षेत्र र सेवाहरुको पहिचान नहुनु
- साहसिक पर्यटन क्षेत्रको विकास हुन नसक्नु
- धार्मिक एवं ऐतिहासिक क्षेत्रहरुको प्रचार प्रसार एवं प्रवर्द्धन नहुनु
- कला संस्कृतिमा आधारित सङ्ग्रहालय निर्माण नहुनु
- सवै पर्यटकिय स्थलहरुको प्रचार प्रसार नहुनु
- पर्यटकिय जनशक्तिको कमी हुनु

**ख. चुनौती**

- स्थानीय भाषा, संस्कृति, चाँडपर्वहरु कमिक रुपमा लोपोन्मुख र त्यसको संरक्षण गर्नु
- लगानी गर्न निजी क्षेत्रलाई आकर्षित गर्नु

### ४.४.३ संभावना तथा अवसर

- ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वको स्थान हुनु
- सडक यातायातको सुविधा हुनु
- बौद्ध तिर्थस्थलको रुपमा रहनु
- नगरपालिकाको प्राथामिकताको विषय रहनु

### ४.४.४ उद्देश्य, रणनीति, कार्यक्रम तथा योजना

**क) उद्देश्य**

पर्यटकीय गन्तव्यहरु एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन तथा पूर्वाधारहरुको स्तरोन्नति गर्दै पर्यटकहरुको आगमनवाट रोजगारीका अवसरहरु श्रृजना गर्नु ।

**ख) रणनीतिहरु**

१. गुणस्तरीय पर्यटन पूर्वाधार सुविधाको बिकास र विस्तार गर्ने
२. ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने
३. नमोबुद्ध नगरपालिका भित्रका धार्मिक महत्वका क्षेत्र पहिचान गर्ने ।
४. पर्यटन बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

५. पर्यटन पूर्वाधार निर्माणको लागि संघ, प्रदेश सरकार र नमोबुद्ध नगरपालिकाको संयुक्त वा दुई पक्षीय लगानीको प्रवन्ध गरी आयोजना सञ्चालन गर्ने ।
६. पर्यटकीय क्षेत्रमा होटल, रेष्टुरेन्ट, होमस्टे आदि सञ्चालन गर्न निजी तथा सामुहिक क्षेत्रलाई प्रोत्साहन गर्ने ।
७. साहासिक पर्यटनको सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन गर्न निजी क्षेत्रलाई आकर्षित गर्ने ।
८. होमस्टे सञ्चालन गर्न चाहने पर्यटन व्यवसायीहरूका लागि विशेष प्याकेज कार्यक्रमहरू सञ्चालन गर्ने ।
९. परम्परागत संस्कृति र सम्पदामा आधारित पर्यटन प्रवर्द्धन गर्न स्थानीय वास्तुकला झल्कने संरचना, सील्पकला, भेषभुषा, लोकगीत, लोकनृत्य, पर्व आदिको संरक्षण गर्ने ।
१०. पर्यटनलाई नगर विकासको मुख्य मेरुदण्डको रुपमा विकास गर्ने र हाल भएका मठमन्दिर, गुम्वा, चर्च आदि प्राकृतिक मनोरम दृष्यावलोकन स्थलको पहिचान एवं प्रचार-प्रसार गर्ने ।
११. प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन गर्ने र ट्रेकिङ रुटको व्यवस्था एवं विकास गरि नमोबुद्ध लगायतका धार्मिक स्थलहरूलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्दै धार्मिक पर्यटन परिपथ निर्माण गर्ने ।

**ग) कार्यक्रम तथा आयोजना**

१. नमोबुद्ध गुम्वा क्षेत्रलाई विश्व सम्पदा सुचिमा सुचिकृत गर्नको लागी DPR परिमार्जन गर्ने
२. दाप्चा फुलवारी क्षेत्रमा होमस्टे निर्माणको लागी बजेट तयार गर्ने
३. पर्यटन दीर्घकालीन नीति तथा गुरुयोजना तयारी
४. पर्यटन सम्बन्धी तालिम तथा उद्यमशीलता बिकास
५. पर्यटकीय क्षेत्रहरुमा पूर्वाधार निर्माण
६. पर्यटकीय उत्पादनहरु (पदमार्ग, होम स्टे, क्युरियो पसल, हस्तकला उत्पादन) को बिकास
७. पर्यटन क्षेत्रहरुको प्रचार प्रसार
८. ऐतिहासिक तथा पुरातात्तिक महत्वका बस्तु तथा स्थलको संरक्षण
९. सत्तल, पार्टी-पौवा निर्माण तथा जिर्णेद्धार, मर्मत सम्भार
१०. धार्मिक महोत्सव तथा मेला प्रदर्शनी कार्यक्रम
११. साँस्कृतिक सङ्ग्रहालय निर्माण
१२. होमस्टे सञ्चालन सहयोग कार्यक्रम
१३. पर्यटन विकास/प्रवर्द्धन कार्यक्रम ( नमोबुद्ध, दाप्चा, डराउने पोखरी र कोटतिमाल)
१४. नमोबुद्ध, दाप्चा, रजवपोखरी, भकुण्डे, कानपुर र कोटतिमाल पर्यटन सर्किट निर्माण
१५. लुम्बिनी, स्वयम्भु, बौद्ध, नमोबुद्ध, हलेसी बुद्ध सर्किट निर्माणका लागि सहकार्य र समन्वय

## ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका : १५**
**पर्यटन विकास**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/०८० | लक्ष्य परिमाण | | | | | सूचना को स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **असर** | पर्यटन व्यवसायवाट कूल रोजगारीता प्रदान | संख्या | ५०० | ६०० | ७५० | ८०० | ९०० | १००० | नगर पालिका को वार्षिक | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग |

**तालिका : १५**
**पर्यटन विकास**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/०८० | लक्ष्य परिमाण २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचना को स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रगति प्रतिवेदन | सहकार्य भएको हुने |
| **प्रतिफलहरु** १. सम्पदा संरक्षण, प्रवर्द्धन गर्दै गन्तव्य स्थलहरुको विकास, विस्तार एवं पूर्वाधार निर्माण भएको हुनेछ २. पर्यटनमा आधारित उद्योग व्यवसायको प्रवर्द्धन एवं रोजगारी श्रृजना भएको हुनेछ | व्यवस्थित पर्यटकिय स्थल | संख्या | ३ | ५ | ७ | १० | १५ | २५ | | |
| | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल (यातायात, सुरक्षा, होटेल आदि) | संख्या | १५ | २५ | ३० | ५० | ८० | १०० | नगर पालिकाको वार्षिक प्रगति प्रतिवेदन | पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आकर्षित भएको हुने |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदाहरु | संस्था | | २ | ५ | ९ | १० | १२ | | |
| | औषत दैनिक पर्यटक आगमन (बाह्य) | संख्या | १० | ३० | ५० | ७० | ९० | १०० | | |
| | औषत दैनिक पर्यटक आगमन (सार्क) | संख्या | १० | १५ | २० | २५ | ३० | ३५ | राष्ट्रिय जनगणना | संघ, प्रदेश र अन्तर नगर पालिका वीच सहकार्य र समन्वय भएको हुने |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | २ | ५ | ७ | ११ | १४ | २० | | |
| | तालिम प्राप्त टुर गाईड | संख्या | | ५ | १० | १५ | २० | ३० | | |
| | तालिम प्राप्त कुक वेटर | सख्या | | १० | २० | ३० | ४० | ५० | | |
| | भ्रमण गर्नेपर्यटकहरु को औषत बसाई | दिन | २ | ४ | ६ | ८ | १० | १५ | | |
| | व्यवस्थित वनभोज तथा पार्क | संख्या | ५ | ७ | ९ | ११ | १३ | १८ | | |
| | | | | | | | | | **बजेट रु. ४० करोड** | |

## ४.४.६ अनुमान तथा जोखिम

- दीर्घकालीन पर्यटन विकास गुरुयोजना तर्जुमा नभएको
- सम्भाव्य पर्यटकीय क्षेत्र र सेवाहरुको पहिचान नहुनु
- साहसिक पर्यटन क्षेत्रको विकास हुन नसक्नु
- धार्मिक एवं ऐतिहासिक क्षेत्रहरुको प्रचार प्रसार एवं प्रवर्द्धन नहुनु

## ४.५. उद्योग, व्यापार तथा व्यवसाय

### ४.५.१ पृष्ठभूमि

यस नमोबुद्ध नगरपालिका क्षेत्रभित्र ७७ वटा साना, ठूला, लघु, घरेलु र मझौला उद्योगहरु सञ्चालनमा रहेको पाइन्छ । यसैगरी नगरपालिकामा दर्ता र नियमित नविकरण गर्ने उद्योग तथा व्यवसायहरुको संख्या ५२८ रहेको छ । तरकारी, फलफुल, खाद्यान्न लगायत अत्यावश्यक उत्पादनहरुको नियमित अनपुर्ति तथा विक्री वितरणका लागि यस नगरपालिकामा १ वटा बजार केन्द्र रहेको छ ।

### ४.५.२ समस्या तथा चुनौती

**क. समस्या**

- उत्पादन र मागमा आधारित साना तथा घरेलु उद्योगको स्थापनाको लागि पकेट क्षेत्रहरुको पहिचान हुन नसक्नु
- साना उद्योगी तथा व्यवसायिहरुलाई कर छुट तथा प्रोत्साहनको व्यवस्था नहुनु
- उद्योग व्यवसाय स्थापना तथा संचालन गर्न पुजीको अभाव

**ख. चुनौती**

- आयातित वस्तुमा परनिर्भरता घटाउदै कृषि उपजहरुमा आत्मनिर्भरताका लागि स्व उत्पादन वढाउनु
- स्थानीय कच्चा पदार्थ, साधन स्रोत मा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको वजार विकास तथा प्रवर्द्धन गर्नु
- व्यवसायिक सीपयुक्त जनशक्तिको विकास गर्नु र वजारको माग अनुसार जनशक्ति तयार पार्नु
- औद्योगिक व्यवसाय विस्तार तर्फ निजी क्षेत्रलाई आकर्षित गर्दै लगानी भित्र्याउनु

### ४.५.३ संभावना तथा अवसर

- कृषिमा आधारित फलफुल, तरकारी, एवं दुग्धजन्य पदार्थमा आधारित उद्योगहरु, पशुपंक्षीमा आधारित उद्योग व्यवसायहरुको सञ्चालन सम्भाव्यता वढी
- पर्यटनमा आधारित उद्योग व्यवसायहरु कटेज, रिर्सोट, होमस्टे, होटेल रेष्टुरेण्ट, क्षेत्रमा निजी क्षेत्रको आवद्धता वढ्दो
- आवास, शिक्षा, स्वास्थ्य क्षेत्रहरु (हाउजिङ्ग, संस्थागत विद्यालय एवं अस्पताल) मा निजीक्षेत्र आकर्षित

### ४.५.४ उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

स्थानीय साधन स्रोतहरुको दिगो सदुपयोग गर्दै लघु, घरेलु तथा साना उद्योग व्यवसायहरुको विकास, विस्तार एवं प्रवर्द्धनवाट स्थानीयहरु अर्थतन्त्रमा गतिशीलता ल्याउनु ।

**ख) रणनीतिहरु**

- उद्योग स्थापना र सञ्चालनको लागि उद्योगमैत्री वातावरण सिर्जना गर्ने ।
- औद्योगिक ग्रामको स्थापनाको लागि पहल गर्ने ।
- महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग वा फर्म दर्ता गराएमा कानुन बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पूर्ण छुट दिने ।
- रोजगारी प्रवर्द्धन गर्न स्थानीय बैंकहरूसँग समन्वय गर्ने ।

- उद्योग र व्यवसाय स्थापना र सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्संग समन्वय र सहकार्य गर्ने ।

### ग) कार्यक्रम तथा आयोजना

१. सञ्चालित साना, मध्यम लगानीका उद्योगहरुलाई व्यवस्थित गरी सञ्चालन
२. सीप बिकास तथा उद्यमशीलता बिकास कार्यक्रम
३. लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन
४. हस्तकला उद्योग विकास तथा वजार प्रवर्द्धन
५. व्यापार मेला सञ्चालन
६. विपन्न महिला, दलित तथा युवा स्वरोजगारी प्रवर्द्धन
७. कोसेली घर निर्माण (दाप्चा-११, १०, ९, ८, ७, १, २, भकुण्डे-१, २, ३, ४, ६, ७, ८, कानपुर-३, ५, ४)

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका : १६**
**उद्योग, व्यापार तथा व्यवसाय**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/०८० | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **असर** | नगरपालिकाको वार्षिक आयात निर्यातको अनुपात (आयात : निर्यात) | अनुपात | ४:१ | ४:१ | ४:१ | ४:१ | ४:१ | ४:१ | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्र संग सहकार्य भएको हुने |
| **प्रतिफलहरु**<br>१. सीप तथा क्षमता अभिवृद्धि भई उद्यम शीलता विकास भई महिलाहरुको अवद्धता एवं रोजगारी वृद्धि भएको हुनेछ | चालु लघु, घरेलु तथा साना उद्योग | संख्या | ७० | ७५ | ८० | ८५ | ९० | ९५ | घरेलु उद्योग कार्यालयको अभिलेख | लगानी मैत्री वातावरण श्रृजना भएको हुने |
| | चालु मझौला उद्योग | संख्या | ५ | १० | १२ | १६ | २० | २५ | | |
| | चालु ठुला उद्योग | संख्या | २ | ५ | १० | १० | १० | १० | | |
| | नगरपालिकामा दर्ता र नियमित नवीकरण भई सञ्चालित उद्योग व्यवसाय | संख्या | ५२८ | ७०० | ८०० | ९०० | १००० | ११०० | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | सहकारी, निजी क्षेत्रसंग सहकार्य भएको हुने |
| | सुचारु व्यापार व्यवसाय | संख्या | ५२८ | ७०० | ८०० | ९०० | १००० | ११०० | | |
| २. स्थानीय सीप, प्रविधिमा आधारित निकासी जन्य तथा हस्तकलामा आधारित उद्योगहरुको प्रवर्द्धन भएको हुनेछ | उद्यम श्रृजना, व्यवसायिक विकास सम्बन्धी तालिम प्राप्त उद्यमीहरु | संख्या | | २० | २५ | ३० | ३५ | ४० | राष्ट्रिय जनगणना | |
| | सीपमूलक व्यवसायिक तालिम आर्जन गर्ने | संख्या | ७४ | ८० | १०० | १२० | १५० | २०० | | |
| | महिलाद्वारा सञ्चालित उद्योग व्यवसाय | संख्या | ५८ | ६२ | ६६ | ७० | ७४ | ८० | | |
| | तरकारी, फलफुल, लगायत खाद्यान्न को विकी केन्द्र | संख्या | १ | १ | १ | १ | १ | २ | | |

| तालिका : १६<br>उद्योग, व्यापार तथा व्यवसाय | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजाको तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष ०७९/०८०** | **लक्ष्य परिमाण** | | | | | **सूचनाको स्रोत** | **पूर्वानुमान** |
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ३. नगरपालिकाको उद्योग प्रशासन प्रभावकारी भई व्यवसाय सञ्चालन व्यवस्थित | व्यवसायिक क्षेत्रको रोजगारी | प्रतिशत | १० | १५ | १८ | २० | २२ | ३० | | |
| | | | | | | | | | **बजेट रु. ५० करोड** | |

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

- स्थानीय हाटवजार र वाह्य वजारसंग सम्वन्ध स्थापित हुन नसकेको र वजार प्रवर्द्धन हुन नसकेको
- उद्योगहरुमा आधारभूत पूर्वाधारहरु उपलव्ध हुन नसक्नु
- स्थानीय लघु, घरेलु तथा साना उद्योगहरुको विकास विस्तार तथा प्रवर्द्धनका लागि प्याकेज कार्यक्रम नहुनु

## ४.६ वैंक, वित्तीय संस्था तथा सहकारी बिकास

### ४.६.१ पृष्ठभूमि

यस नगरपालिका क्षेत्रभित्र ४ वटा वैंकहरु संचालनमा रहेका छन् । यसैगरि ११७ वटा सहकारीहरु पनि रहेका छन् जसमा १२४७७ सदस्यहरु आवद्ध भएका छन् ।

### ४.६.२ समस्या तथा चुनौती

**क. समस्या**

- सहकारीका कार्यसमितिलाई संस्था संचालन सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गर्न नसकिनु
- सबैको पहुँचमा वैंक नहुनु
- शहरी क्षेत्रमा मात्र वैंकको शाखाहरु हुनु
- सहकारी लगानीमा विकास हुन नसक्नु
- वित्तिय साक्षरता कमजोर हुनु

**ख. चुनौती**

- विपन्न वर्गलाइ वैंकिङ सेवा पहुँच वृद्धि गर्नु
- कृषि, पर्यटन, लघु, घरेलु तथा साना उद्योगहरुमा कर्जा प्रवाहमा अभिवृद्धि ल्याउनु
- परियोजना तथा सामुहिक जमानीमा ऋण सुविधा उपलव्ध गर्नु
- व्याजदरलाई नियन्त्रण गर्नु
- धितो मूल्याङ्कनमा जटिलता हटाउनु

### ४.६.३ संभावना तथा अवसर

- कर्जा तथा ऋण सेवा सुविधा उपलव्ध

- निक्षेप सङ्कलन हुँदै आएको
- वैंक तथा सहकारी संस्थाहरु कियाशील
- वचत, लगानी, रेमिट सेवा सुविधाहरु उपलव्ध
- सहकारीहरुको सञ्चालनवाट वचत सङ्कलन भएका

### ४.६.४ उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

ग्रामीण क्षेत्रहरुको समेत पहुँच अभिवृद्धि गर्दै वित्तीय संस्थाहरुको सहकार्यवाट प्रतिस्पर्धात्मक एवं तुलनात्मक लाभ भएका व्यवसायिक क्षेत्रहरुमा वित्त परिचालन गरी स्थानीय आर्थिक समृद्धिमा योगदान पुऱ्याउनु ।

**ख) रणनीतिहरु**

१. सहकारीता बिकास गर्ने
२. एक घर एक बैंक खाता अनिवार्य गर्ने
३. सङ्कलित पूँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने
४. विप्रेषण (रेमिटेन्स) लाई उद्यम र व्यवसायमा परिचालन गर्ने
५. वैंक, वित्तीय संस्था तथा सहकारी बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**ग) कार्यक्रम तथा आयोजना**

८. वित्तिय सहकारीहरु वडासँग समन्वय गरी सञ्चालन
९. कर्जा प्रवाहका लागि योग्य सहकारीको व्यवस्थापन
१०. सहकारी सचेतना, सवलीकरण तथा व्यवस्थापन तालिम
११. सीप बिकास तथा उद्यमशीलता बिकास कार्यक्रम
१२. सहकारी संस्थासंगको समन्वयमा वजार प्रवर्द्धन कार्यक्रम
१३. सहकारी तथा वित्त संस्थाहरुको क्षमता वृद्धि कार्यक्रम
१४. अनुदान व्यवस्था

### ४.६.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका : १७**
**वैंक, वित्तीय संस्था तथा सहकारी बिकास**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/०८० | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **असर** | वैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह (कूल निक्षेप सङ्कलन रकमको) | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ७० | नगरपालिका को वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी, सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफलहरु** | सुचारु वैंक तथा वित्तीय संस्था | संख्या | ४ | ५ | ५ | ५ | ५ | ६ | वैंक, वित्तीय तथा सहकारी | वैंक, वित्तीय तथा सहकारी संस्थाहरु संग |
| सहकारी संस्थाको विस्तार | कूल सहकारी संस्था | संख्या | ११७ | १५० | १७० | १८० | १९० | २०० | | |
| | महिलाद्वारा सञ्चालित सहकारी | संख्या | १२ | १५ | १८ | २० | २२ | २५ | | |

| तालिका : १७<br>वैंक, वित्तीय संस्था तथा सहकारी बिकास | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा को तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष २०७९/०८०** | **लक्ष्य परिमाण** | | | | | **सूचनाको स्रोत** | **पूर्वानुमान** |
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| भई महिला आवद्धताम ा वृद्धि भएको हुनेछ | कृषि क्षेत्रमा सहकारी संस्था क्रियाशील | संख्या | ३७ | ३९ | ४० | ४२ | ४३ | ४५ | संस्थाहरुको अभिलेख तथा प्रतिवेदन<br><br>राष्ट्रिय जनगणना | सहकार्य भएको हुने<br><br>सरकारको प्राथमिक प्राप्त क्षेत्रमा लगानी अभिवृद्धि भएको हुने |
| | सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या | १२४७७ | १२५०० | १२७०० | १२९०० | १३०० ० | १३५०० | | |
| | | | | | | | | | **बजेट रु. ५ करोड** | |

## ४.६.६ अनुमान तथा जोखिम पक्ष

- वित्तीय नीति, नियम तथा मापदण्डहरु निर्माण तथा कार्यान्वयन नहुनु
- महिला सहकारी संस्थाहरुको विस्तारमा कमि
- सहकारी सदस्यहरुमा क्षमता अभिवृद्धिको कमि तथा व्यवसायिकताको विकास गर्न नसक्नु

# परिच्छेद-पाँचः सामाजिक क्षेत्र

शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, महिला, वालवालिका, दलित, ज्येष्ठ नागरिक, छुवाछुत तथा भेदभाव, सामाजिक न्याय र सामाजिक सुरक्षा जस्ता पक्षहरु नेपालको मौलिक अधिकारहरु हुन् । नेपाल संविधानले उपरोक्त पक्षलाई संविधानको अनुसूची ८ मा उल्लेख गरी स्थानीय तहको एकल अधिकारमा सुचिकृत गरिएको छ । आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाइ, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तहरुको व्यवस्थापन, भाषा, कला, संस्कृतिको संरक्षण तथा विकास सम्वन्धीको नीति, नियम, कानुन, मापदण्ड वनाउने, योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, नियमन गर्ने जिम्मेवारी पनि स्थानीय सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई दिइएको छ ।

नेपाल सरकारले शिक्षा क्षेत्रलाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक वनाउने, सक्षम, प्रतिस्पर्धी र नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमशः निःशुल्क वनाउने लक्ष्य लिइएको छ । त्यसैगरी स्वास्थ्यतर्फ आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क प्रदान गर्ने, स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ वनाई नागरिकको पहुँच स्थापित गर्ने नीति कार्यान्वयनमा ल्याएको छ भने खानेपानी तथा सरसफाइमा प्रत्येक नागरिकको पहुँच स्थापितलाई सुनिश्चित गरिएको छ । समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणको लागि लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित नीति पनि नेपाल सरकारले अङ्गिकार गरेको छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्गलाई समानुपातिक समावेशी सिद्धान्त आधारमा राज्यका सवै निकायमा सहभागिताको व्यवस्था मिलाएको छ भने वाल अधिकारको सम्मान, संरक्षण एवं प्रवर्द्धन गर्ने र अपाङ्गता भएका व्यक्तिको अधिकार एवं आत्मा सम्मानपूर्वक जीवन यापनका लागि संयुक्त राष्ट्र संघीय महासन्धीहरु अनुमोदन गर्दै अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिवद्धता जाहेर गरिएको छ । नेपाल सरकारवाट ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षाका लागि ऐन, नियमावली र राष्ट्रिय कार्ययोजना वनाई कार्यान्वयनमा ल्याइएको छ भने राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक सामाजिक र साँस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण श्रृजना गरिएको छ । सवै मातृभाषालाई राष्ट्र भाषाको रुपमा अवलम्वन गर्दै आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन एवं ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासमा जोड दिइएको छ ।

१५ औं योजना र १६ औं पञ्चबर्षिय योजनाको आधार पत्रमा सामाजिक क्षेत्रलाई उच्च स्थानमा राखिएको छ । यस अनुसार राष्ट्रिय उद्देश्य, रणनीति एवं लक्ष्य सूचकहरुमा समावेश गरी सामाजिक सुरक्षाको सुनिश्चिता गरिएको छ । सामाजिक साँस्कृतिक विविधताको संरक्षण, विभेद, हिंसा जस्ता पक्षहरुको न्यूनीकरण, अपराधमुक्त समाज निर्माणलाई समेत विशेष जोड दिइएको छ भने स्वास्थ्य नागरिक तथा गुणस्तरीय, रोजगारीमूलक तथा जीवनोपयोगी शिक्षालाई सुनिश्चित गरिएको छ । दिगो विकास लक्ष्यहरु कार्यान्वयन गर्न नेपाल सरकार प्रतिवद्ध भएको छ । यस अनुसार लैङ्गिक समानता हासिल गर्ने, महिला तथा वालवालिकाहरुलाई सशक्त वनाउने, स्वास्थ्य जीवन सुनिश्चिता गर्ने, समृद्ध जीवन प्रवर्द्धन गर्ने, समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा र सवैलाई स्वच्छ पानी एवं सरसफाइको दिगो व्यवस्थापन गर्ने भएको छ ।

उपरोक्त पक्षको सुनिश्चित गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी नमोबुद्ध नगरपालिकावाट समग्र सामाजिक बिकासको खाका तयार पारिएको छ । सामाजिक विकासका लागि प्रमुख क्षेत्रको रुपमा रहेका शिक्षा, आधारभूत स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, लक्षित वर्ग तथा सामाजिक

समावेशीकरण, युवा तथा खेलकुद र कला, भाषा, साहित्य तथा संस्कृतिका जस्ता क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा प्रमुख कार्यक्रमहरु समेत तर्जुमा भएको छ ।

## ५.१. शिक्षा

### ५.१.१ पृष्ठभूमि

यस नगरपालिकाको शैक्षिक अवस्थालाई हेर्दा कुल जनसंख्याको ९६.४ प्रतिशत साक्षर देखिन्छ । आधारभुत तहमा खुद भर्नादर ९४.८ प्रतिशत रहेको छ । नगरपालिका क्षेत्रभित्र जम्मा विद्यालय संख्या ४७ ( ४० सामुदायिक र ७ नीजि) वटा रहेका भने उच्च शिक्षाका लागि ३ वटा क्याम्पस रहेको छ ।

### ५.१.२ समस्या तथा चुनौती

**क. समस्या**

- सिकाई दर कमजोर हुनु
- सामुदायिक विद्यालयमा विद्यार्थी न्युन हुँदै जानु
- विद्यालयहरुको नियमित अनुगमन र सुपरीवेक्षण कमि
- विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत आधारभूत भौतिक पूर्वाधारहरुको कमि र पूर्वाधारहरु वालवालिका तथा अपाङ्गतामैत्री नहुनु
- विद्यालय र अभिभावकहरु वीच सम्वादको कमी
- प्राविधिक शिक्षालय अप्रर्याप्त
- अध्यात्मिक तथा नैतिक शिक्षाको कमी
- विद्यालयहरुमा शैक्षिक सामाग्रीहरु निःशुल्क उपलव्धतामा कमी

**ख. चुनौती**

- विद्यालय छाड्ने र वाहिर रहेका वालवालिकाहरुलाई वैकल्पिक शिक्षामा पहुँच अभिवृद्धि गर्नु
- शिक्षालाई गुणस्तरीय, व्यवहारिक, सिपमुलक र जीवनपयोगी वनाउनु

### ५.१.३ संभावना तथा अवसर

- उमेर समूहका सवै वालवालिकाहरुको विद्यालयमा पहुँच
- शिक्षामा लगानी गर्न निजी क्षेत्र आकर्षित
- प्राविधिक एवं उच्च शिक्षाको सुविधा उपलव्धता
- विद्यालयमा भौतिक पूर्वाधारहरुको उपलव्धता
- प्रारम्भिक वालविकास केन्द्रहरु सञ्चालनमा
- शहीद परिवार, विपन्न एवं जेहान्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था
- वालवालिकाहरुलाई दिवा खाजा, सेनिटरी प्याड र नर्सिङ सेवाको व्यवस्था
- विद्यालयहरुमा आइसिटि, डिजिटल उपकरण, सिसिक्यामरा जडान एवं विज्ञान प्रयोगशालाको व्यवस्था
- तालिम प्राप्त तथा विषयगत शिक्षकहरुको व्यवस्था

### ५.१.४ उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

| | व्यवस्थित ढल | मीटर | ० | ५०० | ७०० | ९०० | १५०० | २००० | | |
| | वायो इन्जिनियरिङ प्रविधि र सडक छेउ वृक्षारोपण | किमि | १ | १.५ | २ | २.५ | ३ | ३.५ | | |
| | | | | | | | | | २ अर्ब | |

### ६.२.६ अनुमान तथा जोखिम पक्ष
- सवारी साधन विश्राम तथा विसौनीको अभाव र सडक दायाँवायाँ वृक्षारोपण नहुनु
- यातायात सडक गुरुयोजना समय सापेक्ष अध्यावधिक नहुनु
- सडक निर्माण गर्दा सरोकारवालाहरुसंग समन्वयको अभाव, सडक खर्ने भत्काउने र पुर्ने जस्ता कार्यहरु वारम्वार भइरहनु
- सडक फर्निचर एवं ट्राफिक चिन्ह र लाइटको व्यवस्था नहुनु

## ६.३ विद्युत तथा वैकल्पिक ऊर्जा
### ६.३.१ पृष्ठभूमि
बिद्युत तथा उर्जा विकासको महत्वपूर्ण पूर्वाधार हो । नगरपालिकाका करिव ९८.९ प्रतिशत घरपरिवार राष्ट्रिय प्रशारणको विद्युतीकरण मार्फत जोडिएको छ। बत्ती प्रयोगको आधारमा यस नगरपालिकाको घरपरिवारको विवरण हेर्दा विजुली ९८.९ प्रतिशतले प्रयोग गरेको पाइन्छ। इन्धनको रूपमा दाउरा प्रयोग गर्ने घरपरिवार ६२.७ प्रतिशत छन, एल पि.ग्यास ३५.४ प्रतिशत, बैकल्पिक उर्जा प्रयोग गर्ने १.६ प्रतिशत, र विजुली प्रयोग गर्ने घरधुरीहरू ०.१ प्रतिशत देखिन्छ।

### ६.३.२ समस्या र चुनौती
**क. समस्या**
- विद्युत आपूर्तिमा नियमितता नहुनु
- कतिपय सीमान्तकृत बर्गहरुकोमा विद्युतको उपयोगमा पहुँच पुग्न नसक्नु
- वैकल्पिक उर्जा एवं सुधारिएको चुलोको प्रयोगमा व्यापकता ल्याउन नसकिनु

**ख. चुनौती**
- घर माथिवाट गएको विजुली लाइनलाई भूमिगत गर्नु
- बैकल्पिक उर्जा र बिद्युतको प्रयोग गरी बायोमास र एल.पी ग्यासको प्रयोग घटाउनु
- विद्युतमा आधारित उद्योग व्यवसायहरुको प्रवर्द्धन गर्दै विद्युत खपतमा वृद्धि ल्याउनु

### ६.३.३ संभावना तथा अवसर

- केन्द्रीय विद्युत लाइन प्रशारण
- सौर्य ऊर्जा एक वैकल्पिक ऊर्जाको सम्भावना
- नियमित रुपमा विद्युत सेवा उपलव्ध

### ६.३.४ उद्देश्य, रणनीति। कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

जलाधार क्षेत्रहरुको दिगो उपयोग गर्दै सवै घरपरिवार, वस्ती तथा वजार क्षेत्र, उद्योग, व्यवसायहरुमा विद्युत तथा वैकल्पिक ऊर्जाको विकास विस्तार प्रवर्द्धन गरी नियमित विद्युत सेवाको उपलव्धतावाट उत्पादनशील क्षेत्रहरुमा विद्युतीय ऊर्जाहरुलाई सदुपयोग गर्नु ।

**ख) रणनीतिहरु**

१. वैकल्पिक ऊर्जा बिकास सम्बन्धी स्थानीय नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

२. वैकल्पिक ऊर्जाको बिकास गर्ने

३. विद्युत खपतमा अभिवृद्धि ल्याउने

**ग) कार्यक्रम तथा आयोजना**

५. सडक वत्ती विस्तार कार्यक्रम

६. सडक छेउ तथा सार्वजनिक स्थलमा सौर्य ऊर्जा

७. अति विपन्न घरपरिवारमा विद्युत सेवा व्यवस्था

८. बिद्युत खपत अभिबृद्धिका लागि प्रवर्द्धनात्मक कार्यक्रम

### ६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका : २६**
**विद्युत तथा वैकल्पिक ऊर्जा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष०७९/८० | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **असर** | विद्युत सेवावाट लाभान्वित घरपरिवार | प्रतिशत | ९८.९ | ९९ | १०० | १०० | १०० | १०० | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफलहरु**<br>१. विद्युत ऊर्जा खपतमा अभिवृद्धि भएको हुनेछ | केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरपरिवार | प्रतिशत | ९८.९ | ९९ | १०० | १०० | १०० | १०० | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| | खाना पकाउन एलपि ग्याँस प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ३५.४ | ४० | ४५ | ५० | ५५ | ६० | | |
| | एलपि ग्याँसको सट्टामा विद्युतीय ऊर्जा ( इन्डक्सन) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ०.१ | ५ | ८ | ११ | १५ | २० | | |
| | | | | | | | | | **५ करोड** | |

### ६.३.६ अनुमान तथा जोखिम पक्ष

- कमजोर विद्युत ट्रान्समिटरका कारण विद्युत सेवा अवरुद्ध
- विद्युत पोल तथा तारहरुको उचित व्यवस्थापन नहुनु

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### ६.४.१ पृष्ठभूमि

यस नगरपालिकामा नेपाल टेलिकम र एनसेल मार्फत ल्याण्डलाईन र मोबाइल सेवा उपलब्ध रहेको छ। करीब ९५ प्रतिशत घरपरिवारको मोबाइल फोनमा पहुँच रहेको छ । त्यस्तै, टेलिभजन् रेडियो, अनलाईन खबरमा समेत नागरिकको पहुंच रहेको छ। कुनै न कुनै एक सञ्चारको माध्यम प्रयोग गर्ने घरपरिवार ९५.६ प्रतिशत रहेको छ ।

### ६.४.२ समस्या तथा चुनौती

**क. समस्या**

- भौगोलिक अवस्थाको कठिनाईका कारण संचारको अत्यधिक महत्व भएतापनि लगानीको अभावका कारण यसबाट फाईदा लिन नसक्नु
- ल्याण्ड लाईन फोनको पहुँच सबै वडाको सबै ठाउँमा पुग्न नसक्नु

**ख. चुनौती**

- फोन तथा केवल नेटवर्कको गुणस्तर वृद्धि गर्नु
- विद्युतीय (साइवर) अपराध नियन्त्रण गर्नु
- सामाजिक सञ्जाल दुरुपयोग जोखिमपूर्ण वन्दै गर्नु

### ६.४.३ संभावना तथा अवसर

- मोवाइल फोनको वढ्दो प्रयोग
- इण्टरनेट, केवल टिभी प्रसारणमा निजी क्षेत्रको आवद्धता
- सूचनाहरु अनलाइन अपलोडवाट प्रशारणमा सहज

### ६.४.४ उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

सार्वजनिक स्थल, विद्यालय, भवन, कार्यालयहरुमा सूचना तथा सञ्चारका आधुनिक प्रविधिहरुको विस्तारवाट सूचना तथा सञ्चारमा आमनागरिकहरुको सहज पहुँच अभिवृद्धि गर्नु ।

**ख) रणनीतिहरु**

१. रेक वडामा र सार्वजनिक तथा महत्वपुर्ण स्थानहरुमा Optical fiber cable पुऱ्याउने ।
२. सुचना प्रविधी र यसको प्रभाव बारे जनचेतनामुलक कार्यहरु संचालन गर्ने
३. महत्वपुर्ण एवम संवेदनसिल स्थानहरुलाई सुरक्षा निगरानी व्यवस्था गर्ने
४. सूचनामा पहुँचमा अभिवृद्धि गर्ने

**ग) कार्यक्रम तथा आयोजना**

८. डाटावेस तयार गर्ने
९. Internet तथा Internet को लागी आधारभुत कार्यहरु संचालन
१०. सञ्चार सेवा विस्तार तथा पूर्वाधार बिकास कार्यक्रम
११. विद्यालय लगायत सार्वजनिक कार्यालयहरुमा आइसिटि व्यवस्था
१२. फ्रि वाइफाई क्षेत्र प्रवर्द्धन कार्यक्रम

१३. सडक, सार्वजनिक कार्यालय एवं मुख्य वजार क्षेत्रहरुमा सिसिटिभि जडान
१४. विद्युतीय अपराध सम्वन्धी जनचेतना कार्यक्रम

### ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका : २७**
**सूचना तथा सञ्चार**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **असर** | इन्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ५० | ५५ | ६५ | ७० | ७५ | ८० | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तरसरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१.विद्यालय लगायत सार्वजनिक भवनहरुमा इण्टरनेट सेवा उपलव्ध भएको हुनेछ<br><br>२. नगरपालिकाका सार्वजनिक सेवाहरुलाई अनलाइन मार्फत सेवा प्रवाह भएको हुनेछ | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी (रेडियो, टिभी, टेलिफोन) | प्रतिशत | ९५.६ | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ | केन्द्रीय तथ्याङ्क विभाग<br><br>दूर सञ्चार प्राधिकरण<br><br>हुलाक कार्यालय<br><br>नगरपालिकाको वार्षिक प्रतिवेदन | दूरसञ्चार प्राधिकरण संग समन्वय र सहकार्य भएको हुने<br><br>निजी क्षेत्र (इण्टरनेट प्रदायक) संग सहकार्य भएको हुने |
| | मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | | |
| | ल्याण्डलाइन टेलिफोन वितरण | प्रतिशत | १.५ | ३ | ५ | ७ | ९ | १० | | |
| | स्थानीय केवल नेटवर्क, इण्टरनेट सेवा प्रदायक संस्था | संख्या | ४ | ५ | ५ | ५ | ६ | ६ | | |
| | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलव्ध क्षेत्रहरु | संख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| | विद्युतीय प्रणालीमा आधारित नगरपालिका सेवाहरु (अनलाइन सेवा) | प्रतिशत | २० | ४० | ५० | ७० | ९० | १०० | | |
| | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा सुचारु इन्टरनेट सेवा | संख्या | ६५ | ७० | ८० | ९० | ९५ | १०० | | |
| | सार्वजनिक स्थल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामरा | संख्या | २२ | २५ | २७ | २९ | ३२ | ३५ | | |
| | | | | | | | | | **५ करोड** | |

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

- विद्यालय, सार्वजनिक सेवा प्रदाय कार्यालयहरुमा आइसिटिको सहज पहुँच गुणस्तरीयको अभाव
- सार्वजनिक स्थलहरुमा सिसिटिभि जडान अपर्याप्त
- नगरपालिकाको सवै सेवाहरु अनलाइन हुन नसक्नु

# परिच्छेद-सातः वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई नेपालको संविधानले नागरिकहरुको मौलिक हकको रुपमा ग्रहण गरेको छ र प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन एवं उपयोगलाई राष्ट्रिय नीतिको रुपमा अङ्गिकार गरिएको छ । प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण, पर्यावरणीय दिगो विकास, प्रकृति तथा वातावरण वा जैविक विविधतामा नकरात्मक प्रभाव पार्ने पक्षहरुको न्यूनीकरण, वातावरणीय सन्तुलन कायम, जलउत्पन्न प्रकोप नियन्त्रण तथा नदीको व्यवस्थापन गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगलाई समेत राष्ट्रिय नीतिमा समावेश गरिएको छ ।

नेपाल संविधानले वातावरण संरक्षण र जैविक विविधता, विपद व्यवस्थापन, जलाधार तथा वन्यजन्तु संरक्षण गर्ने कार्यलाई स्थानीय तहको एकल अधिकारको रुपमा सूचिकृत गरिएको छ । यसै अनुरुप स्थानीय सरकारलाई स्थानीय स्तरमा वातावरण जोखिम न्यूनीकरण, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन, न्यून कार्वनमुखी तथा वातावरणमैत्री अवलम्वन, हरित क्षेत्रको संरक्षण, वातावरण संरक्षण क्षेत्र निर्धारण तथा व्यवस्थापन र वातावरण संरक्षण, जैविक विविधता सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्ने जिम्मेवारी प्रदान गरिएको छ र विपद व्यवस्थापनलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नका लागि विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ कार्यान्वयनमा ल्याइएको छ ।

नगरपालिकाको ठूलो भूमि वन क्षेत्रवाट ओगटिएको छ । सामुदायिक, धार्मिक र राष्ट्रिय वन क्षेत्रहरु सुरक्षित भएका छन । वातावरण संरक्षणका लागि हरेक वर्ष नगरपालिकावाट वृक्षारोपण हुँदै आएको छ र पार्क तथा हरियाली निर्माणमा समेत विशेष प्राथमिकता पाउदै आएको छ । तापनि वन तथा जैविक विविधताका लागि मिचाह प्रजातिको नियन्त्रण एवं झाडी सरसफाइ जस्ता कार्यहरुमा जोड अझै दिनु पर्ने देखिन्छ भने आगलागी नियन्त्रणको जरुरी त्यत्तिकै महसुस हुन्छ । वर्षातको समयमा हुने वाढी पहिरोवाट स्थानीयहरु अझै सुरक्षित हुन सकिरहेका छैनन तापनि पहिरो नियन्त्रणका लागि रिटेनिङवालहरु निर्माण भएका छन भने वायोइन्जिनियरिङ मार्फत दिगो समाधान अवलम्वन हुँदै आएका पनि छन । खोला नदी किनाराहरुमा वृक्षारोपण, कोरिडर निर्माण जस्ता कार्यहरु भएका छन । फोहोर व्यवस्थापनमा नगरपालिकाको प्रभावकारी पहलकदमी अझै आवश्यक देखिन्छ । स्रोत मै फोहोरमैलाको न्यूनीकरण, पुनःप्रयोग, प्रशोधन एवं प्लाष्टिजन्य उत्पादनहरु प्रयोगमै इन्कार जस्ता अभ्यासहरु प्रभावकारी हुन सकेको छैनन । वजार क्षेत्र वाहेक अधिकांश क्षेत्रहरुमा फोहोरको वर्गीकरण अनुसार कम्पोष्ट विन तथा गार्वेज पिट प्रयोग गर्ने,सार्वजनिक स्थलहरुमा डष्टपिनको व्यवस्था गरिएको छैन । परिणामस्वरुप, फोहोरमैलाको विसर्जन दिनानुदिन जटिल हुँदै गएको पाइन्छ । केही प्रयासहरु भएपनि वजार क्षेत्रमा सतह ढल व्यवस्थित हुन सकेको छैन । आपतकालीन उद्धारका लागि नगरपालिकासंग एम्वुलेन्सको व्यवस्था गरिएको छ । स्थानीय संस्थाहरुको आवद्धता, नमूना अभ्यासहरु, जनचेतना सम्वन्धी कार्यक्रम हरु सञ्चालन भएका छन । नगरवासीहरुलाई जलवायु परिवर्तन अनुकूलन न्यूनीकरणका लागि जनचेतना कार्यक्रम हरु सञ्चालन भएका छन र नगरपालिकामा विपद व्यवस्थापनका लागि स्थानीय कोषको स्थापना गरिएको छ ।

देशको १५ औं योजनामा प्राकृतिक स्रोत को संरक्षण र परिचालन तथा उत्थानशील विकासलाई राष्ट्रिय रणनीतिमा समावेश गरिएको छ । दिगो विकास लक्ष्यको सूचकहरुमा जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोप न्यूनीकरण तथा अनुकूलन गर्ने पक्षलाई विशेष महत्वका साथ समावेश गरिएको छ । यस सम्वन्धमा क्षमता सुदृढ गर्ने, राष्ट्रिय नीति, रणनीति र योजनामा एकीकृत गर्ने, पूर्व सावधानी शिक्षा, सचेतना, मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्ने सम्वन्धी प्रतिवद्धता पनि नेपाल सरकारवाट जाहेर गरिएको छ । यसका साथै भू-परिधि स्तरीय पारिस्थितिकीय

प्रणालीको दिगो उपयोग, रक्षा र पुनस्थापन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, जमिनको क्षयीकरण रोक्ने र जैविका विविधताको क्षतिलाई रोक्ने जस्ता लक्ष्यहरु पूरा गर्न पनि नेपाल सरकारवाट आफ्नो प्रतिवद्ध प्रकट भएको छ । यसै क्रममा उपरोक्त पक्षको सुनिश्चितता गर्दै नमोबुद्ध नगरपालिकावाट संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको खाका तयार पारिएको छ । वन, वातावरण तथा विपद व्यवस्थापनका लागि प्रमुख क्षेत्रको रुपमा रहेका बन तथा जैविक विविधता, भू तथा जलाधार संरक्षण, वातावरण तथा स्वच्छता, विपद तथा जलवायु परिवर्तन अनुकूलनता जस्ता क्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रमहरु तर्जुमा भएको छ ।

## ७.१ बन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

### ७.१.२ समस्या र चुनौती

**क. समस्या**

- वन डढेलो तथा आगलागी हुनु
- जडिबुटीको पहिचान, संरक्षण हुन नसक्नु
- रैथाने तथा लोपोन्मुख वनस्पति तथा वनजन्य संरक्षण हुन नसक्नु

**ख. चुनौती**

- वन संरक्षणमा समुदाय परिचालन गर्न
- वनलाई आय र रोजगारीमुलक क्षेत्रमा उपगोग गर्न
- दिगो रुपमा फोहोरमैला व्यवस्थापन गर्न

### ७.१.३ संभावना तथा अवसर

- पर्याप्त मात्रामा प्राकृतिक श्रोतहरु हुनु
- मेशिनरी औजारहरु हुनु
- वनहरुमा वृक्षारोपण हुनु
- जैविक विविधताको संरक्षण हुनु

### ७.१.४ उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

वन व्यवस्थापन र जैविक विविधतामा स्थानीय समुदाय परिचालन गरी वन संरक्षण, आय आर्जन तथा रोजगारीमा वृद्धि गर्नु ।

**ख) रणनीति**

- नगरपालिका क्षेत्रका सार्वजनिक तथा सामुदायिक वनमा रहेका वनजन्य स्रोत तथा वन्य जन्तुहरु एवं जैविक विविधताको संरक्षण गर्ने

- वन तथा जैविक स्रोतको व्यवस्थापन, संरक्षण तथा उपयोग गर्ने
- वन सम्पदाको संरक्षण तथा व्यवस्थापन गर्दै आर्थिक कृयाकलापमा उपयोग गर्न प्रेरित गर्ने
- सामुदायिक वनहरुले गर्ने आय आर्जनलाई नगरपालिकाको विकास निर्माणको मुल प्रवाहीकरणमा सहयोग पुग्ने गरी नीति तर्जुमा गर्ने
- नगरक्षेत्रभित्र रहेका सामुदायिक वनहरुले बनाएको कार्ययोजना नगरपालिकाबाट स्विकृत गराई कार्यान्वयन गर्ने र स्थानीय सरकार संचालन ऐन ले तोकेको शुल्क अनिवार्य रुपमा सामुदायिक वनहरुले नगरपालिकामा जम्मा गराउने व्यवस्था गर्ने
- वातावरण मैत्री स्थानीय शासन प्रारुप तयार गरि कार्यान्वयन गर्ने

**ग) कार्यक्रम तथा आयोजना**

१. सामुदायिक बन उपभोक्ता समूहको क्षमता र उद्यमशीलता विकास कार्यक्रम
२. उच्च मूल्यका मसलाजन्य तथा जडीवुटीको व्यावसायिक खेती प्रवर्द्धन
३. कृषि-वन प्रवर्द्धन तथा गैरकाष्ठ बन पैदावर सङ्कलन तथा प्रशोधन
४. जङ्गल क्षेत्रमा वृक्षारोपण, रिचार्ज पोखरी, मिचाहा प्रजाति नियन्त्रण तथा झाडी सफाइ
५. खुल्ला क्षेत्र, सडक दायाँवायाँ वृक्षारोपण
६. पार्क, उद्यम निर्माण तथा एक वडा एक उद्यम निर्माण
७. हरियाली शहर प्रवर्द्धन कार्यक्रम
८. जैविक विविधता सूचीकरण (Bio-diversity profile) तयार
९. जैविक विविधता दिगो संरक्षण सम्वन्धी गुरुयोजना तर्जुमा
१०. लोपोन्मुख प्रजाति, वन्यजन्तु, चराचरुङ्गीहरुको वासस्थानको संरक्षण
११. लप्सी, बोधीचित्त, पाउलेनिया, ओखर आदि जस्ता गैरकाष्ठजन्य वनस्पतीहरुको बृक्षारोपण

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका : २८**
**वन तथा जैविक विविधता**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **असर** | संरक्षित तथा व्यवस्थित वन (कूल वन क्षेत्र) | प्रतिशत | ७० | ७२ | ७५ | ७८ | ८० | ८२ | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१.वन उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्दै गैरवन पैदावरको दिगो सदुपयोग वाट | जैविक संरक्षणका लागि मिचाहाप्रजाति नियन्त्रण, वृक्षारोपण,रिचार्ज पोखरी, अग्नी रेखा, झाडी सफाइ जस्ता कार्यहरु | संख्या | ५० | ५५ | ७० | ८० | ९० | १०० | प्रदेश सरकार को वार्षिक प्रतिवेदन<br><br>नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार, प्रदेश सरकार, अन्तर नगरपालिका वीच समन्वय र सहकार्य भएको हुने |
| | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | २२४९.६३ | २५०० | २७०० | २८०० | २९०० | ३००० | | |

| तालिका : २८<br>वन तथा जैविक विविधता | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजाको तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष २०७९/८०** | **लक्ष्य परिमाण** | | | | | **सूचनाको स्रोत** | **पूर्वानुमान** |
| | | | | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | | |
| आय आर्जन भएको हुनेछ<br><br>२. खुल्ला क्षेत्र, वन, सडक सवै क्षेत्रमा वृक्षारोपण गरी हरियाली शहर भएको हुनेछ | सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध सदस्य | संख्या | ३००० | ४००० | ५००० | ७००० | १०००० | १५०००० | | |
| | वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | | | | | | | | |
| | संरक्षित चरन क्षेत्र | संख्या | | | | | | | | |
| | वन तथा जडीवुटीमा आधारित उद्योग | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| | गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती क्षेत्र | हेक्टर | ० | २ | ४ | ५ | ७ | ८ | | |
| | जडीवुटीमा आधारित उद्योग, व्यावसायवाट रोजगारी | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |
| | वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदी जन्य पदार्थको उत्खनन | संख्या | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| | प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय | संख्या | ० | २ | ३ | ४ | ५ | ७ | | |
| | | | | | | | | | **५ करोड** | |

### ७.१ ६ अनुमान तथा जोखिम

- वन जङ्गलको दिगो सदुपयोग गर्दै जीविकोपार्जनका लागि आयमूलक कार्यमा उपयोग गर्न नसक्नु
- पूर्वाधार विकास र वन जङ्गल वीच सन्तुलन कायम हुन नसक्नु

## ७.२ भुसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

स्वस्थ एवं समृद्ध जलाधार क्षेत्रले पानीको श्रोतलाई बचाउँदछ, वनजंगल, रूखविरुवा, जीवजन्तु, जनावरहरूलाई जोगाउँदछ भने माटोलाई मलिलो बनाउन मद्दत पुर्याउँदछ र आफैंमा समृद्ध समुदायको स्थापना गराउँदछ । तथापि यस नगरपालिकाका जलाधार क्षेत्रमामा भएका ठूला परिवर्तन जस्तै: रुख विरुवाको कटानी, झारपातहरूको फंडानी फोहरमैलाको अव्यबस्थित विसर्जनले जलाधार क्षेत्रमा क्षति पुगेको छ र यसले पानीको स्रोतलाई पनि क्षति गरेको छ ।

### ७.२.२ समस्या र चुनौती

**क. समस्या**

- खानेपानीको मुलको संरक्षण नहुनु

- नगर भित्रका मुख्य खोलाहरुको संरक्षण नहुनु

**ख. चुनौती**

- कार्य सम्पादनका लागि स्थानीयहरुसंग सहकार्य गर्न
- मुहानहरु संरक्षण गर्न

### ७.२.३ संभावना तथा अवसर

- पुराना पोखरीक मुहानहरु हुनु
- नगरपालिकावाट वन क्षेत्र संरक्षित र व्यवस्थितका लागि पहल
- वृक्षारोपण हुँदै आएको
- सामुदायिक, राष्ट्रिय एवं धार्मिक वनहरुको प्रवर्द्धन भएको

### ७.२.४ उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

वाढी पहिरो, जोखिम तथा संवेदनशील क्षेत्रहरुमा वायो इन्जिनियरिङ एवं वृक्षारोपण गर्दै नदी, खोला तथा पानी मुहानहरुको संरक्षणवाट भू-क्षय नियन्त्रण र जलाधार क्षेत्रको व्यवस्थापन गर्नु ।

**ख) रणनीतिहरु**

१. भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने
२. भू-क्षय नियन्त्रण तथा व्यवस्थापन गर्ने
३. जलाधार क्षेत्रको संरक्षण एवं उपयोग गर्ने

**ग) कार्यक्रम तथा आयोजना**

१. भू-क्षय तथा जोखिम क्षेत्र नक्शाङ्कन कार्यक्रम
२. जोखिम क्षेत्र संरक्षण कार्यक्रम
३. वाढी पहिरो क्षति प्रभावित क्षेत्र व्यवस्थापन
४. पहिरो लगायतका विपद्को न्युनिकरण
५. वातावरणमैत्री पूर्वाधार निर्माण
६. नगरभित्रको मुख्य खोला संरक्षण
७. रोशी खोला नियन्त्रण
८. LA PA + LDCRP कार्यान्वयन

### ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका : २९**
**भू तथा जलाधार व्यवस्थापन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/०८० | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **असर** | प्राकृतिक प्रकोपवाट संवेदनशील घरधुरी | संख्या | | | | | | | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार |

| तालिका : २९<br>भू तथा जलाधार व्यवस्थापन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजाको तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष २०७९/०८०** | **लक्ष्य परिमाण** | | | | | **सूचनाको स्रोत** | **पूर्वानुमान** |
| | | | | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | | |
| | | | | | | | | | | सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१. प्राकृतिक प्रकोप नियन्त्रण विधिहरु कार्यान्वयन गर्दै संवेदन शील, क्षेत्रहरु संरक्षित र सुरक्षित भएको हुनेछ<br><br>२. वृक्षारोपण वाट पानी मुहान, सिमसार, जलाधार एवं नदी किनार क्षेत्रहरु संरक्षित भएको हुनेछ | संरक्षित पानी मुहान क्षेत्र | संख्या | | | | | | | नगरपालिका को वार्षिक प्रतिवेदन तथा अभिलेख | अन्तर तह समन्वय भएको हुने |
| | भूक्षय नियन्त्रणका लागि प्रयोगमा ल्याइएको वायो इन्जिनियरिङ (घाँसपात, झार तथा वनस्पति रोपण) गरिएका क्षेत्रहरु | संख्या | | | | | | | | |
| | पहिरो नियन्त्रणका लागि निर्मित रिटेनिङ वालहरु | संख्या | | | | | | | | |
| | जलउत्पन्न प्रकोप, नदी कटानवाट प्रभावित भएका वस्तीहरु | संख्या | | | | | | | | |
| | खोला नदीमा निर्माण गरिएको तटवन्धको संख्या र कूल लम्वाई | संख्या/ किमि | | | | | | | | |
| | खोला तथा नदीको दुवै किनारामा गरिए को वृक्षारोपणले ओगटेको भूमि | रोपनी | | | | | | | | |
| | | | | | | | | | **७० करोड** | |

### ७.२.६ अनुमान तथा जोखिम

- सम्वेदनशील क्षेत्रहरुको व्यवस्थापन तथा सुरक्षित क्षेत्रमा घरपरिवार तथा वस्तीहरु स्थानान्तरण गर्न नसक्नु
- वाढी पहिरो नियन्त्रण र क्षति न्यूनीकरण गर्न नसक्नु

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

वातावरणीय विनास र जलवायु परिवर्तनका असरहरू यस नगरपालिकामा देखापर्न थालिसकेका छन् र बढ्दै पनि गइरहेका छन । यसको न्यूनीकरण र अनुकूलन कार्यमा सीमितता रहेकोले क्षति तथा नोक्सानी हुनबाट मानवीय तथा प्राकृतिक श्रोतलाई सम्बोधन गर्ने नगरपालिका दृष्टिकोणको आवश्यकता छ । वढदो सहरीकरणको कारणले यहाँ फाहोरमैला व्यवस्थापन तथा प्रदुषणको चुनौती दिनप्रतिदिन बढदै गईरहेको छ ।

### ७.३.२ समस्या र चुनौती

**क. समस्या**

- नागरिकमा वतावरणीय चेतना कम हुनु
- नगर क्षेत्रमा प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थहरुको विसर्जन व्यवस्थित हुन नसक्नु
- फोहोरको उचित व्यबस्थापन नहुनु
- रसायनिक मलको माटोको गुणस्तर खस्किदै जानु
- वातावरणीय प्रदुषण कम गर्नु,

**ख. चुनौती**

- व्यवस्थित फोहोर विसर्जन केन्द्रको व्यवस्था गर्नु, नागरिकमा फोहोर व्यवस्थापन र वातावरण संरक्षणबारे चेतना अभिबृद्धि गर्न
- फोहोर प्रशोधन गरी आयमूलक कार्यमा प्रयोग गर्न

### ७.३.३ संभावना तथा अवसर

- फोहोरमैला व्यबस्थापन र वातावरणप्रति नगरपालिका र नागरिकमा जिम्मेवारीबोध तथा जवाफदेहिता बढ्दै जानु
- फोहोरमैला व्यवस्थापन ऐन तर्जुमाको चरणमा हुनु
- प्राङ्गारिक खेति बारे जनचासो वढ्दै जानु
- योजनामा वातावरण अध्ययन हुने व्यवस्था हुनु

### ७.३.४ उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

- स्वस्थ र सफा नगर
- फोहोरमैलाको प्रभावकारी व्यवस्थापन

**ख) रणनीति**

१. वातावरण तथा जलवायु अनुकुलन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने

२. वातावरण संरक्षण तथा स्वच्छता व्यवस्थापन गर्ने

**ग) कार्यक्रम तथा आयोजना**

१. एकिकृत फोहारमैलाको वैज्ञानिक व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण

२. वातावरण संरक्षण प्रवर्द्धनात्मक कार्यक्रम

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका : ३०**
**वातावरण तथा फोहोरमैला व्यवस्थापन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/०८० | लक्ष्य परिमाण २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | घर, कार्यालय एवं अस्पतालको नकुहिने, नगल्ने र प्लाष्टिकजन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | संख्या | ११० | १२० | १३० | १५० | १७० | २०० | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | | | | | | | | | | |
| १. फोहोर व्यवस्थापन सम्वन्धी 4R विधि कार्यान्वयन भई सुरक्षित विसर्जन भएको हुनेछ | निष्काशित फोहोर मैलाको औषतमा वार्षिक परिमाण | मे.टन हजारमा | | | | | | | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| | स्रोतमै फोहोर न्यूनीकरण, वर्गीकरण (जैविक र अजैविक) गरी व्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | ० | २० | ३० | ४० | ५० | ६० | | |
| २. फोहोर स्रोतमै वर्गीकरण, पृथकीकरण एवं निर्धारित डष्टविनमा राख्दै फोहोर सङ्कलन व्यवस्थित भएको हुनेछ | फोहोर सङ्कलन एवं पृथकीकरणका लागि फरकफरक रंगका डष्टविन राखिएका सार्वजनिक स्थलहरु | संख्या | २०० | ५०० | १००० | १५०० | २००० | २५०० | | |
| | फोहोर न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी चेतना मूलक कार्यक्रम | संख्या | | ३ | ५ | ७ | ९ | १० | | |
| | कम्पोष्ट-विन तथा गार्वेज-पिट प्रयोग गर्ने घरधुरी | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ७० | | |
| | फोहोर व्यवस्थित ढङ्गवाट विसर्जन हुने स्थानहरु (ल्याण्डफिल साइट) | संख्या | ० | ० | १ | ० | ० | ० | | |
| ३. ढल व्यवस्थापन विभाग एवं अन्तर नगरपालिका समन्वयमा ढल निकास व्यवस्थित भएको हुनेछ | ढल निकास व्यवस्था भएको वजार क्षेत्र | संख्या | ० | १ | २ | ३ | ० | ० | | |
| | ढल निकास प्रणालीवाट लाभान्वित हुन नसकेका घरधुरीहरु | प्रतिशत | १०० | ९० | ८० | ६० | ५० | ४० | | |
| | घरभित्रको धुवाँवाट मुक्त घरधुरी | प्रतिशत | ३० | ४० | ५० | ६० | ८० | ९० | | |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | | ३ | ५ | ७ | ९ | ११ | | |
| | | | | | | | | | **५० करोड** | |

### ७.३.६ अनुमान तथा जोखिम पक्ष

- सडक नाली एवं सतह ढलको व्यवस्था अप्रभावकारी
- फोहोरमैला सम्वन्धी जनचेतना श्रृजनामा कमि

## ७.४ विपद जोखिम न्युनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिम विपद व्यवस्थापन स्थानीय तहको एकल अधिकारका साथै संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारमा पर्दछ। स्थानीय सरकार नागरिकको नजिकको सरकार भएको र विपदबाट पर्ने धनजनको क्षतिवाट प्रत्यक्ष र नजिकबाट अनुभूति गर्ने सरकार पनि हो। त्यसैले विपद व्यबस्थापनमा स्थानीय तहको प्रमूख भूमिका रहन्छ। बर्षेनी हुने बाढी, पहिरो, डढेलो, चट्याङ, माहामारी, अतिबृष्टि, अनाबृष्टि आदिबाट बार्षिक ठुलो क्षति हुने गरेको छ। त्यसमा पनि जलवायु परिवर्तनबाट तापक्रममा वृद्धि भई स्थानीय कृषि उत्पादन, जनस्वास्थ्य लगायत नदीहरुमा सुक्खापनको वृद्धि आदि असरले यसलाई थप जटिल बनाएको छ।

### ७.४.२ समस्या र चुनौती

**क. समस्या**

- अव्यवस्थित मानव वस्ती हुनु
- बढ्दो औद्योगिकरणले प्राकृतिक स्रोतको दोहन बढ्दै जानु
- आपतकालिन परिस्थितिको लागि तयारी योजना नहुनु

**ख. चुनौती**

- विपदबाट हुने क्षती कम गर्न
- जलवायु परिवर्तनबाट सृजित असर कम गर्नु

### ७.४.३ संभावना तथा अवसर

- विपद जोखिम न्युनीकरणमा नागरिक तथा जनप्रतिनिधि जागरुक हुंदै जानु
- LAPA & LDCRP योजना तयार हुनु
- अग्नि नियन्त्रण व्यवस्थापन र विपद प्रतिकार्यात्मक सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन।
- विपद् जोखिम न्यूनीकरणका लागि बार्षिक कार्यक्रम, बजेट र नीतिको तर्जुमा गरिएको।
- विपद व्यबस्थापनमा नागरिक, स्थानीय संघसस्थाको समन्वय र सहयोग बढ्दै जानु

### ७.४.४ उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

विपद जोखिम न्युनिकरण गरी सुरक्षित नगर बनाउनु

**ख) रणनीति**

- जलवायू परिवर्तनबाट हुने असरलाई न्यूनीकरण गर्न वातावरण संरक्षणमा सहयोग पुर्याउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने
- हालैमात्र नेपाल लगायत विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड-१९) र डेंगुको महामारीका कारण विश्व नै आक्रान्त बनेको अवस्थालाई एउटा सिकाईको रुपमा लिंदै विपद् व्यवस्थापनलाई महत्वपूर्ण

क्षेत्रको रुपमा लिई यसका संरचनालाई चुस्त, प्रभावकारी र स्रोत साधनले सम्पन्न बनाउने नीति अवलम्वन गर्ने

- महामारी, आगजनी, बाढीपहिरो, चट्याङ, भुकम्प, हावाहुरी लगायतका प्राकृतिक प्रकोपको सामना गर्न विपद प्रतिकार्य कार्ययोजना बनाई सरोकारवालाहरुको सहभागितामा कार्यान्वयन गर्ने ।
- नदी नियन्त्रणका लागी तटबन्ध एवं वातावरण संरक्षणका लागी प्राथमिकतासाथ कार्यक्रमहरु संचालन गर्ने ।
- प्रत्येक वडामा खुल्ला क्षेत्र एवं आपतकालिन केन्द्र स्थापनाको लागी सम्भाव्य क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।
- स्थानीय विपद् व्यवस्थापन कोषको प्रभावकारी उपयोग गर्ने ।
- द्वन्द्व पीडित नागरिकहरुको लागी आवश्यक राहत राहत तथा पुनः स्थापनाका कार्यक्रम संचालन गर्ने ।

**ग) कार्यक्रम तथा आयोजना**

१. विपद व्यवस्थापन तथा जलवायु अनुकूलन सम्वन्धी जनचेतनामुलक कार्यकम
२. विपद जोखिम तथा संवेदनशील क्षेत्र पहिचान तथा नक्साङ्कन
३. विपद व्यवस्थापन केन्द्र स्थापना
४. आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन
५. आपतकालीन द्रुत उद्धार टोली क्षमता बिकास तथा नमूना अभ्यास
६. LAPA/LDCRP योजना बमोजिम काम गर्ने

**७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका**

**तालिका : ३१**
**विपद व्यवस्थापन**

| नतिजाको तह | नतिजा सूचक | इकाइ | आधार बर्ष २०७९/०८० | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **असर** | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ | ९८ | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१. आपतकालीन आश्रय स्थलहरु हरेक वडा मा निर्माण भई सुरक्षित भएका हुनेछन | विपदको समयमा आश्रय लिन सक्ने संरक्षित खुल्ला स्थान | संख्या | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| | आपतकालीन उद्धार गर्न तालिम प्राप्त स्वयंसेवक | संख्या | | | | | | | | |
| | विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु.लाख | | | | | | | | |
| | विपद व्यवस्थापनमा कियाशील संस्थाहरु | संख्या | | | | | | | | |
| २. आपतकालीन उद्धार | विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | | |

| तालिका : ३१<br>विपद व्यवस्थापन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाइ | आधार बर्ष २०७९/०८० | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| सामाग्री, जनशक्ति एवं साधन हरुको व्यवस्था वाट क्षति न्यूनीकरण भएको हुनेछ | विपद प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास | संख्या | | २ | ३ | ३ | ४ | ४ | | |
| | गैर/प्राकृतिक, विपद व्यवस्थापन सम्वन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन | संख्या | | ५ | ७ | ९ | १० | १२ | | |
| ३. जलवायु परिवर्तन लाई प्रभाव पार्ने पक्षहरुलाई नियन्त्रण गर्दै जलवायु अनुकूलन भएको हुनेछ | विपद व्यवस्थापन का लागि परिचालन गरिने कर्मचारी तथा स्वयंसेवकहरु का लागि क्षमता विकास कार्यक्रम | संख्या | | ५ | ७ | ९ | १० | १५ | | |
| | आगो निभाउने उपकरण (इष्टिङगिसर) भएका घरधुरी | प्रतिशत | ० | १० | १५ | २० | २५ | ३० | | |
| | आपतकालीन उद्धारका लागि एम्वुलेन्स | संख्या | ३ | ४ | ५ | ६ | ८ | १० | | |
| | आपतकालीन उद्धारका लागि वरुणयन्त्रको व्यवस्था | | ० | ० | ० | १ | ० | ० | | |
| | विपदका सम्भावित कारण र न्यूनीकरण का उपाय विषयमा भएका अध्ययन अनुसन्धान | संख्या | १ | ० | ० | १ | ० | ० | | |
| | जलवायु परिवर्तन न्यूनीकरणका उपायहरु (डढेलो, वनफाडनी, वाढी पहिरो नियन्त्रण) सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन | संख्या | ३ | ५ | ७ | ९ | १० | १५ | | |
| | जमिनमुनी पानी रिचार्ज हुने उपायहरु (आकाशेपानी सङ्कलन, कुवा, पोखरी, इनार निर्माण) सम्वन्धी कार्यान्वयन भएका कार्यक्रमहरु | संख्या | १० | १५ | २० | २५ | ३० | ३५ | | |
| | | | | | | | | | १० करोड | |

### ७.४.६ अनुमान तथा जोखिम पक्ष

- आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक, राहत सामाग्रीहरुको व्यवस्था कमि

- विपद पीडितहरुका लागि राहत, खुल्ला क्षेत्र एवं सुरक्षित वासका लागि सुरक्षित र संरक्षित क्षेत्रको अपर्याप्त
- संवेदनशील क्षेत्रको नक्सांकन र संरक्षण सम्वन्धी कार्यक्रम को अभाव

# परिच्छेद-आठ : संस्थागत विकास तथा सुशासन क्षेत्र

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शि, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक वनाउदै राज्यवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने पक्ष नेपालको संविधानको शासन सम्वन्धी नीतिमा उल्लेख गरिएको छ र नेपालको संविधानको प्रस्तावनामै दिगो सुशासन कायम राख्ने कुरालाई विशेष महत्वका साथ उल्लेख गरिएको छ। सवैप्रकार तथा स्वरुपका भ्रष्टाचार घटाउने, सवै तहमा प्रभावकारी, जवाफदेहिता, पारदर्शिता कायम राख्ने र निर्णय निर्माणमा सहभागितामूलक प्रतिनिधित्व गराउने पक्षहरु विशेष महत्वका साथ दिगो विकास लक्ष्यमा उल्लेख छ भने १५ औं योजनामा सुशासनलाई राष्ट्रिय लक्ष्य सूचकमा राखिएको छ र दीर्घकालीन राष्ट्रिय रणनीति अन्तर्गत सार्वजनिक सेवालाई सुदृढीकरण गर्ने भनिएको छ। शासकीय सुधार र सुशासन अभिवृद्धिलाई रुपान्तरणको एक प्रमुख सम्वाहकको रुपमा लिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा जनसहभागिता, उत्तरदायी, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने कुरा उल्लेख गरिएको छ। सेवा प्रवाहलाई प्रभावकारी व्यवस्थापन गर्न सूचना तथा सञ्चार प्रविधि उपयोग, प्रवर्द्धन र नियमन गर्ने एवं सेवा प्रवाह सम्वन्धी नीति, मापदण्ड वनाउने, सेवा शर्त तोक्ने, योजना तर्जुमा गर्ने र कार्यान्वयन र नियमन गर्ने अधिकार पनि स्थानीय सरकारलाई दिइएको छ।

यसै क्रममा नमोबुद्ध नगरपालिकावाट उपरोक्त पक्षको सुनिश्चितता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र सुशासन तथा संस्थागत विकास क्षेत्रको खाका तयार पारिएको छ। सुशासन तथा संस्थागत विकास लागि प्रमुख क्षेत्रको रुपमा रहेका सुशासन, ऐन, नियम, कानुन तथा जवाफदेहिता, वित्तीय स्रोत परिचालन, मानव संशाधन तथा संस्थागत विकास र योजना व्यवस्थापनका जस्ता क्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सो प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम हरु तर्जुमा भएको छ।

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा नवीनता अबलम्बन गर्न हाल सम्म नगरपालिकाले २८ वटा ऐन र कार्यविधि ४१ वटा वनाईसकेको छ। सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नगरपालिकाका सवै वडाहरूलाई कानुन सम्मत अधिकार प्रदान गरिएकोछ। यसका लागि नगरपालिकाको व्यवस्थित र आवश्यकता अनुसारको सँगठन ढाँचा तयार पारी क्षमता विकासका कामहरू गर्न जरूरी छ। यसलाई मध्यनजर गरी सेवा प्रवाह र कार्य सम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न स्थानीय कानून, नीति र सुशासन, सँगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गरी अगाडी बढन जरूरी छ।

### ८.१.२ समस्या तथा चुनौती

**क. समस्या**

- नगरपालिकामा तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सुसूचित गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र सोको पालना अपेक्षाकृत कमजोर हुनु।
- करदातहरूलाई करका सम्बन्धमा सुसूचित गराउने संयन्त्र विकास नहुनु

- नागरिकमा सेवा सन्तुष्टि कमजोर हुनु

**ख. चुनौती**

- आन्तरिक आय बढाउनु
- सार्वजनिक निकाय तथा संघ संस्थाहरुको सेवा प्रवाहमा पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता विकास गर्नु
- सुशासन प्रवर्द्धन एवं सुशासनयुक्त समाज तथा संस्कार विकास गर्नु
- सेवा प्वाहलाई प्रभावकारी बनाउनु

### ८.१.३ संभावना तथा अवसर

- स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरु क्रियाशील
- स्थानीय सरोकारवालाहरु, विपक्षीय लगायत राजनीतिक दलहरु एवं समुदायको रचनात्मक सहयोग

### ८.१.४ उद्देश्य, रणनीति। कार्यक्रम तथा आयोजना

**क) उद्देश्य**

स्थानीय ऐन, नियम तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वयनमा स्थानीय सवै सरोकारवालाहरुको सहभागिता र सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासवाट सार्वजनिक सेवा प्रवाहमा सुशासन अभिवृद्धि गर्नु ।

**ख) रणनीतिहरु**

१. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धी नीति, योजना निर्माण र कार्यान्वयन गर्ने

२. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्ने

**ग) कार्यक्रम तथा आयोजना**

१. सेवा प्रवाहलाई अनलाइन तथा कम्प्युटर सफ्टवेयर निर्माण

२. उजुरी व्यवस्थापनलाई अनलाइन प्रणाली

३. सार्वजनिक कार्यालयहरुमा आइसिटि जडान

४. नगरपालिकाको मोवाइल एप्स निर्माण तथा अद्यावधिक

५. संगठनात्मक, व्यवस्थापन सर्वेक्षण गर्ने

६. सामाजिक जवाफदेहि तथा उत्तरदायिका औजारहरुको अभ्यास

७. सुशासन प्रवर्द्धन कार्यक्रम

८. ऐन, नियम, एवं मापदण्डहरु प्रकाशन एवं सचेतना अभिवृद्धि

९. समिति, उपसमिति एवं पदाधिकारीहरुको क्षमता अभिवृद्धि

१०. सेवाग्राही सहायता कक्ष सञ्चालन

११. न्यायिक समिति तथा मेलमिलाप समिति व्यवस्थापन

१२. न्यायिक तालिम तथा मेलमिलापकर्ता सहजीकरण क्षमता अभिवृद्धि

१३. सेवा प्रदायक र सेवाग्राहीहरु वीच अन्तरक्रिया कार्यक्रम

१४. सेवाग्राही सन्तुष्टी सर्भेक्षण फारम

### ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका : ३२
सुशासन ऐन, नियम, र जवाफदेहिता

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **असर** | सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, नियमहरु | प्रतिशत | ७५ | ७८ | ८० | ८५ | ८८ | ९० | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| **प्रतिफल हरु**<br><br>१.सरोकारवाला हरुको सहभागिता एवं पृष्ठपोषण, सहमतिमा नगरपालिकाका ऐन नियम तथा कानुन निर्माण भएको हुनेछ<br><br>२. जवाफ देहिताका औजारहरु प्रयोग गर्दै सुशासन प्रवर्द्धन भएको हुनेछ<br><br>३. अनलाइन एवं सहायता कक्षा सञ्चालन वाट सेवा प्रवाहमा प्रभावकारीता आएको हुनेछ | नियमावली वनाई कार्यनगरपालिकाले गठन गरेका समिति, उप समितिहरुको संख्या | संख्या | ५ | ७ | ८ | ९ | ९ | ९ | | |
| | संगठन संरचना तथा व्यवस्थापन सर्भे | संख्या | ० | १ | ० | ० | ० | १ | | |
| | वर्षभरीमा भएका सार्वजनिक सुनुवाई | संख्या | २ | ३ | ४ | ४ | ४ | ४ | | |
| | हेल्प डेष्कवाट लाभान्वित सेवाग्राही | संख्या | १९८ | २१० | २२५ | २३५ | २४० | २५० | | |
| | नगरपालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फछ्यौंट | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | कूलदर्ता मध्ये न्यायिक समितिवाट फछ्यौंट भएका मुद्दाहरु | संख्या | २७ | ३० | ३५ | ३७ | ३० | ४३ | | |
| | उपलब्ध अनलाइन सेवाका प्रकारहरु (निवेदन, सिफारिस, पञ्जीकरण....) | संख्या | ३ | ७ | ११ | १५ | २० | २५ | | |
| | नगरपालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु | संख्या | ० | ५ | १० | १५ | २० | २२५ | | |
| | क्षमता कार्यक्रमवाट लाभान्वित जनप्रतिनीधि र कर्मचारी | संख्या | २०० | २१० | २१५ | २२० | २२५ | २३० | | |
| | प्रति १ सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने समय | मि | १० | १० | १० | १० | १० | १० | | |
| | संस्थागत क्षमता स्वमुल्यांकनमा प्राप्तांक | नं. | ५८ | ६५ | ८० | ९० | ९५ | १०० | | |
| | नगरपालिकावाट प्रकाशित दस्तावेज एवं प्रतिवेदन | संख्या | ३ | ५ | ७ | ८ | ९ | १० | | |
| | | | | | | | | | **१.५ करोड** | |

### ८.१.६ अनुमान तथा जोखिम

- सरोकारवाला, स्थानीय संघ संस्था तथा नागरिक समाजहरुसंग छलफल तथा अन्तरक्रियाको कमि

- क्षतिपूर्ति सहितको नागरिक वडापत्र, नागरिक अभिमत तथा जस्ता सामाजिक उत्तरदायिका औजारहरुको अभ्यास नहुन

# परिच्छेद - नौ : नगर गौरव आयोजना

## ९.१ पृष्ठभूमि

गौरव आयोजना छनौट गर्ने र सोही अनुसार कार्यान्वयन गर्ने अभ्यास स्थानीय तहका लागि नयाँ हो। केन्द्र सरकारले राष्ट्रिय गौरवका आयोजनाहरु छनौट गरी सोही अनुसार कार्यान्वयन गर्ने अभ्यास यसअघि आर्थिक वर्ष २०६८/६९ देखि प्रारम्भ भएको पाइन्छ । शुरुमा १७ वटा विभिन्न आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनाहरुमा छनौट गरिए । सो पश्चात क्रमिक रुपमा अरु आयोजनाहरुलाई थपिदै आर्थिक वर्ष २०७७/७८ सम्ममा २६ वटा आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनामा समावेश गरिएको छ र नेपाल सरकारवाट त्यस्ता आयोजनाहरुलाई कार्यान्वयनमा ल्याएको छ। प्रभाव तहमा आयोजना कार्यान्वयन पश्चातको परिणाम यकिन भइ नसके पनि मुख्यत, गौरव आयोजनाहरुवाट आर्थिक, सामाजिक, साँस्कृतिक एवं वातावरणीय क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने, जनजीवनमा सकरात्मक अभिवृद्धि ल्याउने कुरामा विश्वस्त हुन सकिन्छ । सामान्यतया, गौरवका आयोजनाहरु वहुउद्देश्यीय, वहुवर्षीय, वहुपक्षीय हुने हुन्छन। लगानी, सहकार्य एवं साझेदारीका आधारमा त्यस्ता आयोजनाहरु वार्षिक कार्यक्रमहरु भन्दा फरक र महत्वकाक्षी पनि हुन्छन तापनि वार्षिक कार्यक्रमसंग अन्तर सम्वन्धित एवं आपसमा तादात्म्यता हुने गर्दछन ।

आर्थिक तथा सामाजिक क्षेत्रमा वृहत्तम परिवर्तन ल्याउन सहयोगी हुने गौरव आयोजनाहरुको प्रकृति, साधान स्रोत, लगानी, समयावधि, प्राविधिक जस्ता पक्षहरुका कारण एकल नगरपालिकाको प्रयासमा आयोजनाहरु सम्पन्न गर्न कठिन हुने पक्षलाई महसुस गर्दै नगरपालिकाहरुले संघ, प्रदेश, निजीक्षेत्र, सहकारी एवं अन्य बिकास साझेदारहरुसंगको सहकार्य, साझेदारी वा सहलगानीमा गौरवा आयोजनाहरु कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ। यस सन्दर्भमा नेपाल सरकारवाट पनि राष्ट्रिय गौरव आयोजनाहरु कार्यान्वयनका लागि ऐन, नियम तथा कार्यविधिहरु तर्जुमा हुन सकिरहेको छैन । यसका लागि संघको अभ्यासलाई आत्मसाथ गर्दै नगरपालिकाहरुले एक अलगै ऐन, नियम तथा कार्यविधि तर्जुमा गर्नुपर्ने हुन्छ।

नमोबुद्ध नगरपालिकाले छनौट गरेका देहाय वमोजिमका गौरव आयोजनाहरु छनौट गरेको छ। उपरोक्त आयोजनाहरु बिषय क्षेत्रगतका कार्यक्रमहरुमा सूचीकृत भएका छैनन ।

## ९.२ आयोजना छनौटका आधारहरु

नगर गौरव आयोजना छनौटका आधारहरु देहाय वमोजिम निर्धारण गरिएको छ।

- आयोजनाको वहुआयामिक प्रभाव (आर्थिक, सामाजिक, साँस्कृतिक)
- पूँजी लगानी
- आयोजना सम्पन्न हन लाग्ने समयावधि न्यूनतम ५ वर्ष
- आयोजनाको भौगोलिक सम्वन्धीकरण (अन्तर नगरपालिका, जिल्ला तथा क्षेत्र)
- आयोजनाको प्राथमिकता
- परिवर्तनको सम्वाहक

## ९.३ नगर गौरवका योजना

नमोबुद्ध नगरपालिकाको नगर गौरव आयोजनाहरु देहाय वमोजिम रहेका छन ।

तालिका : ३३
नगर गौरवका आयोजना

| सि.नं. | आयोजना कार्यक्रम | अनुमानित लागत रु करोड | संभावित श्रोत | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | न.पा | निजी क्षेत्र | अन्य |
| १ | रोसी खोला बहुउदेश्य आयोजना (सिचाई तथा विद्युत) | २०० | ७५ | २५ | १० | ९० | |
| २ | संयुक्त जलासय (रोसी + नमोबुद्ध ६) | १० | ५ | २ | १ | १ | |
| ३ | स्लेट तथा मार्वल उद्योग | १०० | ० | ० | १ | ९९ | |
| ४ | नमोबुद्ध पर्यटन प्रवर्द्धन बृहत आयोजना (विश्व सम्पदा सुचिमा सुचिकृत गर्ने समेत) | १ | ०.२५ | ०.२५ | ०.५० | ० | |
| ५ | नमोबुद्ध विद्युतीय चक्रपथ | ५०० | १० | ५ | ५ | ४८० | |
| ६ | वन्य पैदावार संकलन तथा प्रशोधन केन्द्र निर्माण | १० | ० | ० | १ | ९ | |
| ७ | तरकारी फलफुल तथा अन्नवाली चिस्यान केन्द्र ( कोल्ड स्टोर) | २० | २ | १ | ५ | १२ | |
| ८ | कृषि उपज प्रशोधन आयोजना | १० | १ | १ | २ | ६ | |
| | **जम्मा** | **७५१** | **९३.२५** | **३४.२५** | **२५.५०** | **६९७** | |

नगर गौरवका आयोजना तथा कार्यक्रमहरुका लागि कूल ७ अर्व ५१ करोड वरावरको श्रोत आवश्यकता पर्ने प्रारम्कि अनुमान गरिएको छ । यस सम्वन्धमा परियोजना विकासको क्रममा हुने पूर्व संभाव्यता अध्ययन, संभाव्यता अध्ययन, विस्तृत परियोजना विकासको चरण पश्चात मात्र लगानी यकिन गर्न सकिने भएको हुंदा हाललाई सामान्यतया अनुमान गरिएको छ । नगर गौरवका आयोजना कार्यक्रमहरुका लागि आवश्यक पर्ने श्रोतका लागि १२.४१ प्रतिशत अर्थात ९३ करोड २५ लाख संघ सरकार, ४.५६ प्रतिशत अर्थात ३४ करोड २५ लाख रुपैया प्रदेश सरकार, ३.३९ प्रतिशत अर्थात २५ करोड ५० लाख नगरपालिका र वांकी ९२.८० प्रतिशत लगानी निजी वा समुदाय क्षेत्रबाट परिचालन गर्नु पर्ने देखिन्छ । यसका लागि लगानी सम्मेलन मार्फत निजी लगानी प्रर्वद्धन गर्न समेत सिफारिस गरिएको छ ।

# परिच्छेद-दश: क्षेत्रीय विकासका लागि अन्तरपालिका रणनीतिक साझेदारी

## १०.१ पृष्ठभूमि

नेपालको संविधानले सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई स्वीकार गरेको छ। यसै सिद्धान्तमा आधारमा संघ, प्रदेश र स्थानीय तह वीचको सम्वन्ध स्थापित हुने कुरा नेपालको संविधान २०७२ को धारा २३२ (१) मा उल्लेख गरिएको छ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा पनि यसै पक्षलाई विशेष जोड दिएको छ र यसै ऐनको दफा २६ मा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहका लागि बिभिन्न क्षेत्रमा साझेदारी वा संयुक्त व्यवस्थापन गर्न सकिने उल्लेख भएको छ।

हालको सन्दर्भमा स्थानीय सरकारहरुको आफ्नो कार्यक्षेत्रमा मात्र सीमित रही विकास सम्वन्धी विविध क्रियाकलापहरु सञ्चालन भएको पाइन्छ । स्थानीय तहहरु वीच सहकार्य, साझेदारी, सहलगानीका संस्कारहरुको अभ्यास हुन सकिरहेको छैन। स्थानीय तहहरु एक अर्काको परिपूरक हुन सक्ने र त्यसबाट लाभ हासिल गर्न सक्ने पक्षहरुमा पनि त्यति ध्यान केन्द्रीत हुन सकिरहेको छैन। समान भूगोल तथा विविध भौगोलिक परिवेश एवं साँधसीमाना जोडिएका स्थानीय तहहरु वीच लाभ हासिल गर्ने, आयोजनाको लागत न्यूनीकरण गर्ने, आफुहरुसंग भएका स्रोत साधनहरुको अधिकतम सदुपयोग गर्ने र सेवा प्रवाहमा प्रभावकारीता ल्याउने पक्षहरुमा नगरपालिकाहरु वीच सहकार्य, साझेदारी, संयुक्त व्यवस्थापन एवं समन्वयमा आयोजना तथा परियोजनाहरु सञ्चालन ल्याई क्षेत्रीय विकास गर्ने तथा भौगोलिक विकासमा सन्तुलन कायम राख्न सकिने सम्भावना प्रवल भएतापनि त्यसतर्फ खासै पहल हुनसकिरहेको छैन । भौगोलिक वनावट, विषमता, प्राकृतिक स्रोतहरुको उपलव्धता जस्ता पक्षहरुका आधारमा नगरपालिकाहरु एक आपसमा समान छैनन । आन्तरिक तथा वित्तीय स्रोतको सीमितता, उपलव्ध स्रोतहरुको दिगो उपयोग र वितरण जस्ता विविध कारणहरुवाट नगरपालिकाहरु वीचको भिन्नता वढ्दो छ। यसर्थ, वदलिदो परिवेशसंगै भौगोलिक वनौट, दूरी तथा सामीप्यता, स्रोत साधनहरुको उपलव्धता र साझा लाभका आधारमा अन्तरपालिका सहकार्य र समन्वयको आवश्यकता अपरिहार्य भइसकेको छ।

उपरोक्त पक्षहरुलाई मध्येनजर राख्दै देहायका क्षेत्रमा नगरपालिकाहरु वीच देहाय वमोजिमका आयोजना तथा परियोजना सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ :

क. सडक यातायात निर्माण र अन्तरनगरपालिका सञ्जाल विकास
ख. प्रकृति प्रकोप न्यूनीकरण, विपद व्यवस्थापन,
ग. खानेपानी आपूर्ति तथा व्यवस्थापन
घ. फोहोरमैला बिसर्जन, प्रशोधन तथा व्यवस्थापन
ङ. दमकल तथा एम्वुलेन्स सेवा सञ्चालन
च. एकीकृत वस्ती बिकास तथा भूउपयोग
छ. स्थानीय संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन
ज. उद्यमशीलता विकास, स्थानीय व्यवसाय प्रवर्द्धन, औद्योगिक ग्राम सञ्चालन
झ. आवसिय विद्यालय तथा प्राविधिक शिक्षालय सञ्चालन,

उपरोक्त पक्षलाई मनन गर्दै नमोबुद्ध नगरपालिकाले सीमाना जोडिएका, नजिकका स्थानीय तहहरु बीच सहकार्य, समन्वय तथा साझेदारीमा आपसी लाभका आधारमा ठूला प्रकृतिका आयोजनाहरु सञ्चालन तथा व्यवस्थापन गर्न पहल गर्ने छ। यसका लागि नगरपालिकाले स्थानीय गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संस्थाहरुलाई क्रियाशील वनाउने र आयोजनाहरु सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्दै हातेमालो गर्ने छ।

## १०.२ वर्तमान अवस्था

नेपालको इतिहास, कला, संस्कृतिको केन्द्रविन्दुको रुपमा पहिचान गर्न सकिने काठमाडौ उपत्यकालाई एक प्राग ऐतिहासिक इतिहास भएको, इशापूर्व दोश्रो शताव्दीमा स्थापित, विश्वको सवैभन्दा पुरानो निरन्तर वसोवास गर्ने शहर मध्येको एक, हिमालय पहाडी क्षेत्रमा अवस्थित शहर मध्येको एक र नेपाली हिमालयको प्रवेशद्वारको रुपमा पनि लिने गरिन्छ। यसरी विविध प्रकारको पहिचान वोकेको काठमाडौ उपत्यका आफैमा एक ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक क्षेत्रका रुपमा परिचित छ। यसैक्रममा हरेक वर्ष लाखौको संख्यामा वैदेशिक पर्यटकहरुको आवगमन हुँदै आएको छ। विश्व सम्पदा सूचीमा युनेस्कोद्वारा काठमाडौ दरवार क्षेत्र, पाटन दरवार क्षेत्र, भक्तपुर दरवार क्षेत्र, पशुपतिनाथ मन्दिर, वौद्धनाथ स्तुपा, चाँगुनारायण मन्दिर जस्ता सम्पदाहरुलाई सूचीकृत गरिएको छ।

स्थानीय तहहरु राजनीतिक तथा प्रशासनिक हिसावले एक आपसमा विभाजित भएपनि आर्थिक, सामाजिक एवं वातावरणीय आधारमा एकअर्कोसंग प्रभावित छन। उपभोग तथा उपयोगका आधारमा सामाजिक एवं भौतिक पूर्वाधारहरु साझा भएका छन र स्थानीयहरु आपसमा लाभान्वित पनि हुँदै आएका छन। तापनि अव्यवस्थित शहरीकरण, अव्यवस्थित वसोवास विस्तार, तीवगतिमा काठमाडौतर्फ वसाइसराइ, जनसंख्या वृद्धि, सा-साना टुक्रामा कृषिभूमिको खण्डीकरण जस्ता विविध कारणहरुवाट उपलव्ध साधान स्रोतहरु अपुग हुँदै आएको पाइन्छ। सडकयातायात विस्तारमा जटिलता, सवारी आवागमनमा चर्को समस्या, खानेपानी आपूर्तिमा अभाव, ढलनिकास, वातावरणीय प्रदुषण, फोहोर व्यवस्थापन चुनौतिपूर्ण लगायत सामाजिक सुरक्षा कायम राख्न दिनपरदिन कठिन हुँदै आएको देखिन्छ।

यस अर्थमा अन्तरपालिका समन्वय, सहकार्य एवं साझेदारीमा यस क्षेत्रलाई समग्र रुपमा व्यवस्थित, सुरक्षित, सुविधा सम्पन्न समुन्नत, समृद्ध, सफा सुग्धर शहरको रुपमा विकास गर्न सकिने छ। त्यसैगरी काठमाडौ उपत्यकाको भाषा, कलाकौशल, धर्म, संस्कृति, एवं प्राचीन सम्पदा, धरोहरहरुलाई संरक्षण एवं प्रवर्द्धन गर्दै एक ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक शहरको रुपमा पहिचान दिन सकिने छ। भौगोलिक, आर्थिक, सामाजिक विकासका लागि नगरपालिकाहरुले तयार पारेका दीर्घकालीन सोच सहितका बिकास योजनाहरुले तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी रणनीतिक साझेदारीमा अन्तरनगरपालिका सहकार्यका लागि रुपान्तरणकारी तथा परितर्वनकामी आयोजना तथा परियोजना बिकास गर्न सकेको खण्डमा यस क्षेत्रको सन्तुलित बिकास हुन सक्ने पक्षलाई नकार्न सकिन्न। यसै उद्देश्यका साथ क्षेत्रीय किासका लागि अन्तरनगरपालिकाहरु वीच रणनीतिक साझेदारी अवधारणालाई आवधिक योजनाको एक महत्वपूर्ण हिस्साको रुपमा प्रस्तुत गरिएको छ।

### १०.३ सम्भावना, अवसर तथा समस्या र चुनौती

